


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

सोमबार, भदौ १९, २०७४ | Monday, September 4, 2017 | www.newsofnepal.com | नेसं ११३७ ञला थ्व: १३ | वर्ष २३, अंक २३७ | पृष्ठ १२ | मूल्य रु. १०/–




# नदी कटानले ११ सय घरधुरी जोखिममा

## विकल्प खोज्दै पीडित, राज्य उदासिन


जोखिममा परेको रुकुमको पोखरा बस्ती । तस्वीर : नेस

**धनवीर दाहाल, रुकुम**

पूर्वी रुकुमको सिस्ने गाउँपालिका-३ मा रहेको पोखरा बस्ती जोखिममा परेको छ। वर्षेनी सानोभेरी नदीको बढ्दो बहावका कारण नदी किनारको भूभाग कटान हुँदै गएकाले उक्त बस्ती जोखिममा परेको हो।

करिब एघार सय घरधुरी रहेको पोखराको बस्ती सानोभेरी नदीको कटानका कारण जोखिममा परेको छ। वर्षैपिच्छे नदीको बहावले जमिन कटान गरेको र नदी माथिबाट पहिरो झर्न थालेपछि पोखराको बस्ती जोखिममा परेको हो। नदी कटानले पूरै बस्ती जोखिममा पर्दासम्म सरकारी निकायबाट तटबन्धको व्यवस्था नगरिएको स्थानीयको दु:खेको छ। स्थानीय नन्दराम लामिछानेले साविकको पोखरा गाविस १ देखि ४ सम्म नदीले हरेक वर्ष कटान गर्ने गरेकाले बस्ती जोखिममा परेको बताउनुभयो। तटबन्धका लागि धेरै ठाउँमा प्रयास गरिए पनि कसैले सुनुवाइ नगरेको उहाँको गुनासो छ।

झन्डै ३ किलोमिटर जतिको भूभाग वर्षेनी नदी कटानका कारण बग्न थालेको र जीवन गुजारा चलाउने खेतबारी नै बाढीले बगाइदिँदा पोखराबासी अप्ठेरोमा परेको स्थानीय चिताराम खड्काले बताउनुभयो। उहाँले भन्नुभयो- 'कुनै बेला नदी किनारको छेउमा रहेको खेतबारीबाट वर्षौंलाई धान्ने अन्नबाली उत्पादन हुने जमिन विस्तारै बगरमा परिणत हुन थालेको छ।'

सिस्ने गाउँपालिका-३ ले अब छिट्टै तटबन्धको व्यवस्था गरी जोखिम बस्तीलाई सुरक्षित गर्ने योजना पनि अघि सारिएको वडा अध्यक्ष पशुपति खड्काले बताउनुभयो। उहाँले भन्नुभयो- 'खास गरेर वर्षा यामको समयमा सानोभेरी नदीको बहाव बढ्ने भएकाले नदी छेउको जमिन कटान भई नदी माथिबाट पहिरो झर्दा पोखराको बस्ती नै खतरामा पर्ने गरेको छ। तटबन्धका लागि हामीले पहल थालिसकेका छौं। नदी कटानको समस्यालाई तत्काल अन्त्य गर्न समयमै सरोकारवाला निकायले तटबन्धको व्यवस्था गर्न जरुरी देखिएको छ।

### स्थानीय निकाय निर्वाचन

# तयारी अन्तिम चरणमा

**सुनील महर्जन, काठमाडौं**

प्रदेश नं २ मा आगामी असोज २ गते हुने स्थानीय तहको तेस्रो चरणको निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ।

तीनपटक सारिएपछि २ नम्बर प्रदेशमा निर्वाचन हुन लागेको हो। भदौ २१ गते उम्मेदवार मनोनयनसँगै निर्वाचन कार्यक्रम शुरू हुने भएको छ। अहिले जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय निर्वाचन कार्यक्रम व्यवस्थापन, सुरक्षा समन्वय र मतदान अधिकृतलाई तालिम र मतदान केन्द्रको व्यवस्थापन कार्यमा जुटिरहेको छ। जिल्लास्थित निर्वाचन कार्यालयबाट निर्वाचनको समग्र तयारीको अन्तिम चरणमा पुगेको जानकारी आयोगमा पठाएको छ। 'उम्मेदवार मनोनयन, दाबी विरोधपछि केही कामहरू बाँकी हुन्छन्। तीबाहेक अरू कामको तयारी पूरा भएको छ' -आयोगका प्रवक्ता नवराज ढकालले भन्नुभयो।

सो प्रदेशका ८ जिल्लामा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका, ५९ गाउँपालिका गरी १ सय ३६ स्थानीय तहमा निर्वाचन हुँदै छ। १ सय ३६ स्थानीय तहमा १ हजार २ सय ७१ वडा रहेका छन्। दुई नम्बर प्रदेशको ८ जिल्लामा २६ लाख ६४ हजार ९ सय ५० मतदाता रहेका छन् भने २ हजार १ सय ६६ मतदान स्थल र ३ हजार ५ सय मतदान केन्द्र रहेका छन्।

उम्मेदवारको मनोनयनदेखि अन्तिम नामावली प्रकाशन र स्वतन्त्र चुनाव चिह्न वितरणपछि मतदान स्थलको तयारी अघि बढाउने आयोगले जनाएको छ। मतपत्र र मतदान सामग्री आयोगले दोस्रो चरणको निर्वाचनपूर्व नै पठाइसकेको छ। सुरक्षाकर्मीको जिम्मामा रहेका ती सामग्री प्रमुख निर्वाचन अधिकृतहरूलाई हस्तान्तरण गरिसकेको छ। अहिले अधिकृतहरू मतपत्र, मतदाता परिचयपत्र बाँड्ने, कर्मचारी व्यवस्थापनमा लागेको आयोगले जनाएको छ।



भदौ २५ गतेदेखि २८ गतेसम्म कर्मचारीलाई नियुक्ति दिनुका साथै २९ गतेसम्म सम्बन्धित मतदान केन्द्रमा पुगिसक्नुपर्ने निर्देशन पनि ती कार्यालयहरूले दिएको खबर प्राप्त भएको आयोगले जनाएको छ। त्यसै गरी मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतदान स्थलको निरीक्षण र केन्द्रको व्यवस्थापनका लागि तयारी अघि बढाइरहेको छ।

मुख्य निर्वाचन अधिकृतले प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी निर्वाचनमा खटिने कर्मचारीहरूको व्यवस्थापन गरिरहेको आयोगले जनाएको छ। निर्वाचनको समग्र तयारीको अनुगमन गर्न २ नम्बर प्रदेशमा पुग्नुभएका चार जना आयुक्तले तयारी अन्तिम चरणमा पुगेको जानकारी दिएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले जानकारी दिनुभयो।

चार जना आयुक्त अहिले तराई-मधेसका विभिन्न जिल्लामा स्थानीय तहको निर्वाचनको समग्र तयारीको अवस्था, सामग्री व्यवस्थापन, निर्वाचन आचारसंहिताको पालना र सुरक्षा बन्दोबस्त सम्पूर्ण पक्षहरूको अगुगमन गरिरहनुभएको छ। अनुगनमन गर्न इला शर्मा, नरेन्द्र दाहाल, ईश्वरीप्रसाद पौड्याल र सुधीरकुमार शाह जानुभएको थियो।

भदौ १२ देखि सबै स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा आएको थियो। १५ गतेदेखि मतदाता शिक्षाका लागि स्वयंसेवकहरू परिचालन गरिएको थियो। आयोगले मतदाता शिक्षाका लागि ३ हजार ५ सयभन्दा बढी स्वयम्सेवक परिचालन गरेको जनाएको छ। निर्वाचन कार्यालयदेखि मतदान केन्द्रसम्ममा करिब ३ हजार १ सय कर्मचारी परिचालन हुनेछन्। त्यस्तै ६० हजार सुरक्षाकर्मी परिचालित हुने भएका छन्।

# ईपीजीको पाँचौं बैठक अन्योल

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपालमा प्रस्ताव गरिएको नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी) को पाँचौं बैठकको मिति अझै तय हुन सकेको छैन। भारतीय पक्षले स्पष्ट जवाफ नपठाएकाले बैठकको मिति टुंगो लाग्न नसकेको हो।

२ वर्षे कार्य अवधि तोकिएको समूहको बैठक हरेक ३/३ महिनामा एक अर्को मुलुकमा आयोजना गर्ने प्रावधान छ। गत जेठ तेस्रो साता भारतको देहरादुनमा सम्पन्न चौथो बैठकले तय गरेअनुसार समूहको पाँचौं बैठक यही महिनाभित्र नेपालमा हुनुपर्ने थियो। नेपालले सो बैठक चितवन र पोखरामध्ये कुनै एक स्थानमा आयोजना गर्ने तयारी अघि बढाएको छ। परराष्ट्र मन्त्रालय स्रोतका अनुसार भारतीय पक्षको आनाकानीले गर्दा पाँचौं बैठक दशैं अघि हुने सम्भावना भने न्यून छ।

ईपीजीका भारतीय समूहका सदस्य जयन्त प्रसाद अस्वस्थ रहेको खबर आएपछि बैठकको मिति यसअघि तय हुन नसकेको काठमाडौंस्थित ईपीजी सचिवालय सचिव यादव खनालले बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'केही समयअघि जयन्तप्रसाद अस्वस्थ रहेको खबर आएको थियो, सम्भवत: अब चाहिँ यही हप्ताभित्र बैठकको मिति तय हुनेछ।'

नेपालीहरूको महान् चाड दशैं नजिकिएकाले नेपालले भारतलाई सोहीअनुसारको बैठकको मिति प्रस्ताव गर्ने उहाँले बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# नेपालमा १ लाख २५ हजार आँखाका बिरामी

**प्रशान्त वली, काठमाडौं**

पछिल्लो तथ्यांकअनुसार नेपालमा कुल जनसंख्याको ० दशमलव ४ प्रतिशतमा आँखासम्बन्धी समस्या देखिएको छ। जुन संख्यात्मक आधारमा १ लाख २५ हजारभन्दा बढी हो।

विशेषत: बूढेसकाल, चिनी रोग, भिटामिन 'ए' को कमी, जन्मजातलगायतका कारण आँखामा समस्या देखिने गरेको छ। अहिले देशभर रहेका २६ वटा आँखा अस्पतालमार्फत् सेवा प्रवाह भइरहेको तिलगंगा आँखा प्रतिष्ठानले जानकारी दिएको छ।

आँखासम्बन्धी जुनसुकै रोगको निदान नेपालबाट सम्भव भएको अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा. रीता गुरुङले बताउनुभयो। यस्तै तिलगंगामा आँखामा प्रयोग हुने लेन्स उत्पादन हुँदै आएको छ। नेपालमा उत्पादित 'इन्ट्राअकुलर लेन्स' न्युजिल्यान्ड, बेलायत, टर्की, अस्ट्रेलिया, अफ्रिका, म्यान्मार, अफगानिस्तान, पाकिस्तान, कम्बोडिया, भियतनामलगायतका देशमा समेत निर्यात हुने गरेको द फ्रेड होल्लोज फाउन्डेसनका पार्टनरसिप म्यानेजर अनिल न्यौपानेले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

प्रति लेन्स निर्माण गर्न ४ सय २५ रुपियाँ लागत खर्च लाग्ने बताइएको छ। तर, नेपालीलाई तिलगंगाले २ सय २५ रुपियाँमा नै बिक्री गर्ने गरेको छ। नेपालीलाई बिक्री गर्दा भएको घाटा तिलगंगाले विदेशमा निर्यात गर्ने लेन्सबाट पूर्ति गर्ने गरेको बताइएको छ।

२० वर्षअघि लेन्स किन्न निकै खर्च लाग्ने गर्दथ्यो। विश्वबजारमा यस्तो लेन्सको मूल्य १ सय ५० देखि २ सय डलरसम्म पर्थ्यो। आर्थिक अवस्था कमजोर भएका नेपालीले ती लेन्स किन्न सक्दैनथे। फलस्वरूप मोतीबिन्दुका कारण धेरै नेपाली अन्धोपनको सिकार हुने गरेका थिए। विसं २०४७ तिर अस्ट्रेलियन डा. फ्रेड हलोज नेपालमा हुनुहुन्थ्यो। उहाँले पैसा नभएकै कारण कसैले दृष्टि गुमाउनु नपरोस् भनेर सस्तोमा लेन्स उत्पादन गर्ने योजना बनाउनुभयो। यसका लागि उहाँले नेपालमा लेन्स उत्पादन गर्न तिलगंगामा मेसिन जडान गर्नुभएको थियो।

### नेपालमा बन्ने लेन्स देश बाहिर पनि निर्यात

विसं २०४९ मा लेन्स उत्पादन गर्ने ल्याब सञ्चालनमा आएको थियो। आँखामा राखिने लेन्स संवेदनशील कुरा भएकाले त्यसको सबै प्रक्रिया पूरा गर्दै 'क्लिनिकल ट्रायल' पास गर्नुपर्ने हुन्थ्यो।

(क्रमश: पृष्ठ ९ मा)

## नेपाल-भारत संयुक्त सैन्य अभ्यास शुरु

पृष्ठ ५ मा

# लोपोन्मुख 'खरायो' चितवनमा भेटियो

**दीपक रिजाल, चितवन**

विश्वमा नै लोप हुने अवस्थामा पुगेको 'हाइस्पिड हेयर' (लघु कर्ण खरायो) चितवन राष्ट्रिय निकुञ्जमा देखा परेको छ। नेपाल, भारत र बंगलादेशमा मात्र पाइने यो खरायो सन् १९९० पछि विश्वबाटै लोप भएको आशंका गरिएको थियो। एक वर्षअघि देखा परेको यो खरायोको संख्या कति छ भनेर अहिले कुनै अनुमान लगाउन सकिने अवस्था नरहेको चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत वेदबहादुर खड्का बताउनुहुन्छ। उहाँका अनुसार चितवन राष्ट्रिय निकुञ्जको सखीभीर घाँसे मैदानमा देखा परेको खरायो प्रजातिको यो जीव अहिले पनि अस्तित्वमा रहेको प्रमाणित भएको छ।



गत साता नेपालमा सम्पन्न भएको साना स्तनधारी वन्यजन्तुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा यस विषयमा कुनै कुरा उठ्न नसक्नु दु:खद पक्ष भएको सहायक संरक्षण अधिकृत खड्का बताउनुहुन्छ। तीन दिनसम्म चलेको सो सम्मेलनमा यस बारेमा एक शब्द पनि उच्चारण हुन नसक्नुमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको कमजोरी रहेको विज्ञहरूले बताएका छन्।

सन् १९८० मा नेपालमा देखा परेपछि हराएको यो जीव सन् १९९० मा भारतको आसाममा देखा परेपछि संसारमा कहीं पनि देखा परेको थिएन। संकटापन्न अवस्थामा रहेको यो जीव लोप भइसकेको आशंका संसारभर गरिएको थियो। नेपालमा यो जीव देखिएपछि वन्यजन्तुको बारेमा शोध र अनुसन्धान गर्दै आएका प्राणीशास्त्री र वैज्ञानिकहरूलाई थप आशा जगाएको संरक्षणकर्मी बताउँछन्।

(क्रमश: पृष्ठ ९ मा)

अहिले हामी शिक्षक सरुवा विद्यालयको भौतिक निर्माण, शिक्षक कर्मचारीको मिलान गर्ने काम गरिरहेका छौं। अहिलेको अवस्थामा हामीलाई काम गर्ने वातावरण नै छैन। हातखुट्टा बाँधेर दौड भनेर भनेको छ। स्थानीय निकायले सबै अधिकार दाबी गरिरहेको छ। अब त आचारसंहिता लागिसकेको छ। सबै काम ठप्प भएको अवस्था छ।

# हामीलाई हात बाँध्ने काम भयो

प्रकाश सापकोटा
जिल्ला शिक्षा अधिकारी, काठमाडौं



ईश्वरराज ढकाल
ishwor32@gmail.com

यो गर पनि छैन। त्यो नगर भनेको पनि होइन। काम गर्न एकदमै गाह्रो छ। शिक्षा मन्त्रालयले हामीलाई जिल्लाका सम्पूर्ण काम गर भन्छ। तर, स्थानीय निकायले सबै हाम्रो अधिकारभित्र पर्ने सबै अधिकार हामीलाई दिनुपर्छ भन्छ। के गर्ने ? हामी त समस्यामा परेका छौं। कर्मचारीलाई के काम गर्न आदेश दिने भन्ने विषयमा दोधारमा छौं। शिक्षामन्त्रीले जिल्ला शिक्षा अधिकारीको अधिकार कटौती गर्नुहुन्न भन्दै आउनुभएको छ। तपाईंहरू अधिकार क्षेत्रभित्र रहेर काम गर्नु भन्नुहुन्छ स्थानीय तहका अधिकारीले सबै काम हामीलाई देउ भन्छन्। अहिले काठमाडौं महानगरपालिका, कीर्तिपर नगरपालिका र तारकेश्वर नगरपालिकाले शिक्षक सरुवा विद्यालय अनुमतिलगायतका स्थानीय तहले दिएको सम्पूर्ण काम हामीलाई हस्तान्तरण गर्नुपर्ने भन्दै पत्राचार गरेको छ।

अहिले हामी शिक्षक सरुवा, विद्यालयको भौतिक निर्माण, शिक्षक कर्मचारीको मिलान गर्ने काम गरिरहेका छौं। अहिलेको अवस्थामा हामीलाई काम गर्ने वातावरण नै छैन। हातखुट्टा बाँधेर दौड भनेर भनेको छ। स्थानीय निकायले सबै अधिकार दाबी गरिरहेको छ। अब त आचारसंहिता लागिसकेको छ। सबै काम ठप्प भएको अवस्था छ। अहिलेसम्म ऐन नियम नबन्दा हामीलाई के गर्ने भन्ने समस्या भएको छ। शिक्षा ऐन हतारमा संशोधन गर्ने सरकारले अब जिल्ला शिक्षा कार्यालयले के गर्ने भन्नेसम्मको टुंगो लगाउन सकेको छैन। हामी अहिले कक्षा १ देखि १० सम्मको शिक्षकको तलब वितरण गर्ने काम मात्र गरेका छौं। अब त जिल्ला शिक्षा कार्यालयको काम परीक्षा सञ्चालन गर्ने मात्र हो कि जस्तो भएको छ।

अहिले त जिल्ला शिक्षा कार्यालयले केही काम गर्न खोज्यो कि अवरोध आउने गरेको छ। कामपाले शिक्षा मन्त्रालयको उपसचिव खटाइसकेको अवस्थामा जिल्ला शिक्षा कार्यालयले कुनै पनि काम नगर भन्ने आदेश दियो। कसरी काम गर्ने ? जे गर्न लाग्यो कि अवरोध। हामी त समस्यामा परेका छौं। अब तत्काल शिक्षा मन्त्रालयले जिल्ला शिक्षा कार्यालयको अधिकार तोकेर पठाउनु जरुरी भइसकेको छ। अहिले त एकले अर्कोलाई पन्छाउने

> “विद्यालय व्यवस्थापन समितिमा स्थानीय निकायका प्रतिनिधि भएकाले केही सहज भएको छ। शिक्षक सरूवा गर्न वडा अध्यक्षको सहमति लिने गरेका छौं। अहिले विद्यालय व्यवस्थापन समितिमार्फत् केही शिक्षक व्यवस्थापन गर्ने काम गर्ने गरेका छौं। विद्यालय व्यवस्थापन गर्न केही समस्या भए पनि केही शिक्षकको व्यवस्थापन गर्ने गरेका छौं। जिल्ला शिक्षा कार्यालयको स्वरुप कस्तो हुने भन्ने विषयमा निर्णय हुन नसक्दा सबै विषयमा समस्या पर्न थालेको छ।”

काम हुन थालेको छ। सरुवामा यति धेरै चाप छ। कतिपय स्कुलमा शिक्षक नभएर पठनपाठन हुन सकेको छैन। विद्यार्थी छन् तर शिक्षक नै छैन। यस्तो अवस्थामा कसरी सरकारी विद्यालयले प्रगति गर्न सक्लान्। मैले भन्न खोजेको यो हो कि तत्काल शिक्षक व्यवस्थापन गर्न कसैले पनि दबाब गर्नुहुन्न। शिक्षकहरूको तत्काल व्यवस्थापन गर्नुपर्छ। अब जिल्ला शिक्षा कार्यालयललाई सरुवा गर्ने अनुमति दिनुपर्‍यो नभए सरुवा गर्नुपर्‍यो।

विद्यालय व्यवस्थापन समितिमा स्थानीय निकायका प्रतिनिधि भएकाले केही सहज भएको छ। शिक्षक सरुवा गर्न वडा अध्यक्षको सहमति लिने गरेका छौं। अहिले विद्यालय व्यवस्थापन समितिमार्फत् केही शिक्षक व्यवस्थापन गर्ने काम गर्ने गरेका छौं। विद्यालय व्यवस्थापन गर्न केही समस्या भए पनि केही शिक्षकको व्यवस्थापन गर्ने गरेका छौं। जिल्ला शिक्षा कार्यालयको स्वरूप कस्तो हुने भन्ने विषयमा निर्णय हुन नसक्दा सबै विषयमा समस्या पर्न थालेको छ। जिल्ला शिक्षा कार्यालयको अधिकारको विषयमा स्पष्ट धारणा नहुँदा समस्या परेको छ। सबै जिशिअको मात्रै होइन कर्मचारीहरूको मनस्थिति पनि ठीक छैन। के गर्ने वा नगर्ने भन्ने विषयमा अन्योल यथावत् छ। शिक्षा मन्त्रालयले केही दिनअघि ३ जना अधिकृत र सहायक स्तरका कर्मचारीलाई स्थानीय निकायमा खटाउन पत्राचार गरेको थियो।
हामीले कर्मचारी खटाइदियौं अहिले ती कर्मचारीले के गर्दै छन् भन्ने विषयमा जानकारी पाएका छैनौं। स्थानीय निकायमा खटिएका उपसचिव र अधिकृतले के काम गरिरहेका छन् जानकारी नै छैन।

अहिले स्थानीय तहमा शिक्षाका कर्मचारीले पूर्ण रूपमा काम गरिरहेका जस्तो छैन। कसले के गर्ने भन्ने विषयमा स्पष्ट नहुदा समस्या पर्न थालेको छ। जिल्ला शिक्षा कार्यालयमा ३ जना लेखापाल छन्। उनीहरूको काम समेत स्पष्ट भएको छैन। समग्रमा भन्नुपर्दा शिक्षा मन्त्रालयले जिल्ला शिक्षा कार्यालयको काम के ? कर्मचारीले के गर्ने ? बजेट कसरी बाँडफाँड गर्ने ? शिक्षक सरुवा गर्ने कि नगर्ने ? संस्थागत विद्यालय कसरी व्यवस्थित गर्नेलगायतका विषयमा तत्काल निर्णय नगरे देशैभरका जिल्ला शिक्षा कार्यालयलाई समस्या पर्ने देखिएको छ।

# अस्तव्यस्त सेमेस्टर

प्रशान्त वली

सेमेस्टर प्रणाली अव्यावहारिक र अवैज्ञानिक भएको भन्दै विद्यार्थीले गुनासो गर्न थालेका छन्। त्रिभुवन विश्वविद्यालयले यस वर्षको शैक्षिक सत्रदेखि काठमाडौं उपत्यकामा सेमेस्टर प्रणाली लागू गरे पनि सोचेअनुरूप सफल हुन सकेको छैन।

विद्यार्थीको गुणात्मक क्षमता बढाउन र विद्यार्थीकेन्द्रित शिक्षण पद्दतिको धारणा विकास गरी अन्तर्राष्ट्रिय बजारमा बिकाउ शिक्षा प्रदान गर्न भनी सेमेस्टर प्रणाली लागू गरे पनि कार्यान्वयनमा चुनौती देखिएको छ।

जसले गर्दा विद्यार्थी पुरानै पाठ्यक्रम अध्ययन गर्न बाध्य भएका छन्। विद्यार्थीले सेमेस्टर प्रणालीमा अध्ययन गरे पनि यो प्रणाली वार्षिक परीक्षा प्रणालीभन्दा त्यति धेरै तात्त्विक अन्तर नभएको गुनासो गरेका छन्। विद्यार्थीले सेमेस्टर प्रणालीलाई व्यावहारिक बनाउन क्याम्पस प्रशासन नै जिम्मेवार हुनुपर्ने बताउँछन्।

गत वैशाखमा प्रथम सेमेस्टरमा विद्यार्थीलाई भर्ना गरिए पनि उपर्युक्त भौतिक संरचना र कतिपय विषय प्राध्यापकको खेलाचीका कारण सेमेस्टर प्रणाली द्रुत गतिमा अघि बढ्न नसकेको हो। सेमेस्टरमा प्रत्येक शैक्षिक सत्रको ६/६ महिनामा परीक्षा लिइनुपर्ने, प्रत्येक पाठ सकिएपश्चात विद्यार्थीकेन्द्रित क्रियाकलाप हुनुपर्ने, विद्यार्थीकेन्द्रित विधि अनिवार्य अवलम्बन गरिनुपर्नेलगायतका प्रावधान राखिएको छ। कक्षाकोठामा हाजिरी लिने सिस्टम लागू भए पनि त्यो वैज्ञानिक र उपलब्धिमूलक बन्न सकेको छैन। सेमेस्टरमा पढाइ हुने कुल दिनको ८० प्रतिशत हाजिरी हुनुपर्ने व्यवस्था छ।

शैक्षिक क्यालेन्डर समयमा आउन नसक्दा परीक्षा कहिले हुन्ने भन्नेबारेमा अन्योल भएको महेन्द्ररत्न क्याम्पस काठमाडौं ताहचल स्नातकोत्तर प्रथम सेमेस्टर गणित संकायमा अध्ययनरत विद्यार्थी रामराज मैनालीले बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- ‘वैशाखमा पहिलो सेमेस्टरमा भर्ना भएको हुँ। परीक्षाको टुंगो छैन। ६ महिनामा परीक्षा हुने त भनेको छ। नियमअनुसार असोजमा हुनुपर्ने हो। प्राध्यापकहरूलाई समेत सेमेस्टरको बारेमा केही थाहा नभएको पाएँ।’

केही प्राध्यापकले विद्यार्थीलाई नेपाली र अंग्रेजी दुवै भाषामा लेखिएको पुस्तकको विषयमा समेत अंग्रेजी माध्यमबाटै परीक्षा गर्न दबाब दिएको समेत बुझिन आएको छ। विद्यार्थीले भने आफूहरूले नेपाली माध्यमबाट परीक्षा दिने आफ्नो मौलिक हक रहेको बताउँछन्। सेमेस्टर सिस्टमलाई सोचेअनुरूप बनाउन प्रत्येक क्याम्पसले छुट्टै योजना बनाउन आवश्यक रहेको विद्यार्थीको तर्क छ।

कातिकभित्र परीक्षा भइसक्नुपर्ने भए पनि अहिलेसम्म त्रिभुवन विश्वविद्यालयले परीक्षा तालिकासमेत सार्वजनिक गर्न सकेको छैन। विद्यार्थी संगठनले सेमेस्टर प्रणाली त्रिभुवन विश्वविद्यालयका पदाधिकारीका कारण असफल भएको बताउँछन्। विप्लब निकट अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य कमल बढुवालले भन्नुभयो- ‘भौतिक संरचना, परिमार्जित पाठ्यक्रमलगायतका तयारीविना त्रिविले जसरी सेमेस्टर प्रणाली लागू गरेको छ, यसले समग्रतया विद्यार्थीको भविष्यमाथि खेलवाड गरेको छ। तसर्थ समयानुकूल र व्यावहारिक शिक्षा दिनु भन्नेतर्फ त्रिभुवन विश्वविद्यालय पटक्कै लागेको छैन। अहिले टीयूमा राजनीतिशास्त्र, भूगोल, इतिहासलगायतका विषयमा विद्यार्थीको संख्या निकै कम छ। सेमेस्टर चलेपछि त विद्यार्थी आकर्षित हुनुपर्ने होइन र?’

सेमेस्टर प्रणाली लागू भए पनि कहिलेबाट परीक्षा गराउने भन्नेबारे त्रिभुवन विश्वविद्यालय नै जानकार छैन। विश्वविद्यालयका मानवशास्त्रका डीन शिवलाल भुसाल भन्नुहुन्छ- ‘पाठ्यक्रम हतारहतारमा बनाइयो। शैक्षिक क्यालेन्डर पुससम्म भए पनि बनाउँछौं। वार्षिक परीक्षा प्रणालीको अझै ह्याङ हट्न नसक्दा केही चुनौती देखिएका छन्। चुनौती छिचोल्दै जाने हो। विश्वविद्यालय नै यस्तै छ। विस्तारै सुधार होला।’ ढिलोसम्म भर्ना चलेकाले केही संकायको शैक्षिक क्यालेन्डर बन्न नसकेको र पुससम्म भए पनि शैक्षिक क्यालेन्डर ल्याउने डीन भुसाल बताउनुभयो।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति तीर्थ खनियाँले आगामी वर्षदेखि देशैभर सेमेस्टर प्रणाली लागू हुने र त्यसका लागि तयारी भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो- ‘सेमेस्टर प्रणालीभित्र देखिएका समस्याका बारेमा बृहत अध्ययन भएको छ। यसको समाधानका लागि हामी छलफल गरिराखेका छौं। मानविकी, शिक्षा, व्यवस्थापनलगायतका केही विषयहरूको शैक्षिक क्यालन्डर ननिस्किएको यथार्थ हो। अन्य सबैको क्यालेन्डरअनुसार काम भइरहेको छ। यसैबीच प्रदेश र केन्द्रको चुनावले कार्यतालिका परिमार्जन नहुने र तोकिएको समयमा परीक्षा हुने समेत उपकुलपति खनियाँको भनाइ छ।

> “सेमेस्टर प्रणालीभित्र देखिएका समस्याका बारेमा बृहत् अध्ययन भएको छ। यसको समाधानका लागि हामीले छलफल गरिराखेका छौं। मानविकी, शिक्षा, व्यवस्थापनलगायतका केही विषयहरुको शैक्षिक क्यालेन्डर ननिस्किएको यथार्थ हो। अन्य सबैको क्यालेन्डरअनुसार काम भइरहेको छ। यसैबीच प्रदेश र केन्द्रको चुनावले कार्यतालिका परिमार्जन नहुने र तोकिएको समयमा परीक्षा हुनेछ।”





# फेसनमा समुद्री जीवन

समुद्री जीवनलाई मुख्य थिम बनाउँदै शनिबार राजधानीमा आकर्षक फेसन शो गरिएको छ। नमुना कलेजले ग्राजुएसन फेसन शोको क्रममा समुद्री जीवनलाई फेसनमा पस्केको हो।

शोमा अक्टोपस, कोरल रिफ, सि अरचिन, स्टार फिस, जेली फिस, बे अफ अलास्का, मर्मेड, पर्ल, बेटा फिस, सि ड्रागनलगायत समुद्री जीवनबाट अभिप्रेरित १५ अनुपम, आकर्षक र लोभलाग्दा पहिरन शैली प्रस्तुत गरिए। सिर्जनात्मक सोच र कल्पनाशीलताले सजिएका ती पहिरनले करिब एक घण्टाको समय उपस्थित फेसन पारखी दर्शकलाई समुद्री परिवेशमा विचरण गराएको अनुभूति दिलाउन सफल भयो। शनिबार राति दरबारमार्गस्थित होटल याक एन्ड यतिमा भएको नमुना कलेज अफ फेसन टेक्नोलजीमा फेसन डिजाइनिङमा स्नातक अध्ययनरत १२औं ब्याचका ५७ जना विद्यार्थीको अन्तिम परीक्षाको महत्त्वपूर्ण पाटोका रूपमा प्रस्तुत सो फेसन शोको मुख्य आकर्षण थिए ती पहिरन शैली।

*रिकोरेन्जा डिला मोडा* शीर्षकअन्तर्गत विद्यार्थी स्वयंले आयोजना तथा व्यवस्थापन गरेको ग्राजुएसन फेसन शोमा अन्य ५ सिक्वेन्स पनि प्रस्तुत गरिएका थिए। फेसन शोको प्रारम्भमा लोलिटा फेसनबाट प्रभावित पहिरनले र्‍याम्पमा अवतरण गरेको थियो। त्यसपछि इन्डो वेस्टर्नको फ्युजन स्वरूपले प्रवेश पायो। जसमा सारीका साथमा फिटेड ज्याकेट, स्लिम फिट ज्याकेट, केपलगायतको सुन्दर कम्बिनेसन प्रस्तुत गरिएका थिए। त्यसपछि स्ट्रिट वेयरले आफ्नो प्रभाव देखायो। जसमा क्याजुयल र आरामदायी मुडलाई प्राथमिकता दिइएको थियो भने पहिरनहरू मुख्य गरी हेम्प फ्याब्रिकबाट बनेका थिए।

नमुना कलेजकी संस्थापक प्रिन्सिपल एवं अग्रणी नेपाली फेसन डिजाइनरका रूपमा परिचित ज्ञानी शोभा तुलाधरप्रति समर्पित पहिरन शैलीले कार्यक्रमको मध्यसमयमा प्रवेश पायो। ज्ञानीशोभा तुलाधरले आफ्नो समयमा तयार पारेका विविध पहिरन शैलीबाट प्रभावित पहिरनको नमुनालाई सो चरणमा प्रस्तुत गरिएको थियो। *ब्युटी क्विन* शीर्षकअन्तर्गत प्रस्तुत ती पहिरन मूलतः ढाकाको प्रयोगमा साटन, रअ सिल्कजस्ता फ्याब्रिकमा खेलिएका थिए। जसमा फ्लोर लेन्थ गाउन, प्रिन्सेस लाइन, केप, अफ सोल्डर डिजाइन आदि प्रमुख थिए। सञ्चारकर्मी तथा कोरियोग्राफार रोजिन शाक्यको कोरियोग्राफी सम्पन्न फेसन शोमा ५ युवा मोडलसहित ३ दर्जनभन्दा बढी मोडलले र्‍याम्प नापेका थिए।

शोको पाँचौं सिक्वेन्स कर्पोरेट जगत्प्रति समर्पित थियो। जसअन्तर्गत मूलतः फिटेड स्कर्ट, पेन्सिल स्कर्ट, सर्ट, टप्सलगायत प्रस्तुत गरिएको थियो, जुन कर्पोरेट जगत्का महिला प्रोफेसनलहरूप्रति केन्द्रित थिए।





ग्ल्यामर नेपाल


पहिलोपटक नेपाली गीतसंगीतको
ऐतिहासिक विशेषांक




सर्वत्र बजारमा उपलब्ध छ

- कामनाको श्रीवृद्धिमा गीतसंगीतका महारथीहरूको हात
- अमर साधक
- मीरा राणा : नेपालकी आशा भोषले
- प्रेमध्वज प्रधान : गोल्डेन भ्वाइस अफ नेपाल
- योगेश वैद्य : नेपालका मह्म्मद रफी
- यादव खरेल : इन्द्रेणी गीतकार
- ओमविक्रम विष्ट : पप सम्राट्
- दीप श्रेष्ठ : सेन्टिमेन्टल किङ
- मुक्ति शाक्य : नेप्लिज ब्ल्युज
- दीपक जंगम : संगीतदूत

संगीतकर्मी र संगीतप्रेमीले छुटाउनै नहुने विशेष अंक

साथमा ३ सय ४२ कालजयी तथा लोकप्रिय नेपाली गीतहरूको कोर्ड

# विचार

तपाईंको अनुमतिविना कसैले पनि
तपाईंको अपमान गर्न सक्दैन।
- इलेनोर रुजबेल्ट

गल्ती गर्नु मानवीय कर्म हो र
क्षमा गर्नु ईश्वरीय कर्म।
- अलेक्जेन्डर पोप

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

### दलहरूले जनताको मन जितून्

आगामी असोज २ गते हुने तेस्रो चरणको स्थानीय निकायको निर्वाचनको लागि दलहरूबीच रस्साकस्सी शुरु भएको छ। अहिले यस निर्वाचनको सुरक्षाका लागि पनि सरकारले तयारी अन्तिम चरणमा पुऱ्याएको छ। दलहरूबीच २ नम्बर प्रदेशको निर्वाचनमा पहिलो हुने होडबाजी नै चलिरहेको बेला सरकारले निर्वाचनमा सहभागी हुने जनतालाई आश्वस्त पार्न सुरक्षा व्यवस्था मजबुत बनाएको दाबी गरेको छ। २ नम्वर प्रदेशका ८ जिल्लामा हुने निर्वाचनलाई भयरहित बनाउन सरकारले ६० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गर्ने घोषणा गरेको छ। यसपटकको निर्वाचनमा म्यादी प्रहरी भने परिचालन नगरिने भएको छ।

निर्वाचनलाई भयरहित बनाउन भन्दै सुरक्षा निकायले अहिलेदेखि नै निर्वाचन केन्द्रको रेकी शुरु गरेको दाबी गरेको छ। तराईका ती जिल्लामा अहिले पनि भूमिगत गिरोह सक्रिय भएकाले चुनावमा सुरक्षा चुनौती रहेको सुरक्षा निकायले विश्लेषण गरेको छ। निर्वाचन बहिष्कार गर्दै आएको मधेशी दलसमेत अहिले निर्वाचनमा सहभागी भएकाले पनि चुनावमा सहजता आउने विश्वास सरकारी पक्षको रहे पनि भूमिगतरूपमा आन्दोलनरत समूह भने चुनावका लागि बाधक बन्न सक्ने विश्लेषण सरकारले गरेको छ।

२ नम्बर प्रदेशका जनता निर्वाचनमा सहभागिता जनाउन आतुर भएका छन्। आफ्नो प्रतिनिधि छनौट गर्न ब्यग्र रहेका जनताको चाहनामा कुनै पनि समूहबाट भाँजो हाल्ने काम गर्नुहुँदैन। निर्वाचन राजनीतिबाट तातिएको २ नम्बर प्रदेशमा अहिले दलहरूबीच ध्रुवीकरणसमेत शुरु भएको छ। प्रमुख दलहरूबीच चुनावी नतिजा आफ्नो पक्षमा पार्न जुन ढंगले लबिङ शुरु भएको छ, यसले निर्वाचन निष्पक्ष नहुने हो कि भन्ने आशंका पैदा गरिदिएको छ। दलहरूबीच पहिलो दल हुने नाममा त्यस प्रकारका गतिविधि हुनु पक्कै राम्रो कुरा होइन। दलहरूले जनताको मन जित्न सक्नुपर्छ। जनताको मन जित्ने खालका काम गर्न सके मात्रै जितले वैधानिकता प्राप्त गर्न सक्छ। जे होस्, दलहरूले निर्वाचन आफ्नो पक्षमा पार्न जनतालाई दिएको आश्वासन निर्वाचनपछि पूरा गर्न सके मात्रै दलप्रति जनताको विश्वास बढ्न सक्छ। यसतर्फ ध्यान जान जरुरी छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

## ओझेलमा यौनहिंसा



कपिल काफ्ले

नेपाली समाजले आज पनि यौनहिंसालाई गम्भीर रूपमा लिएको छैन। महिलामाथि पुरुषले गर्ने यौनहिंसालाई समाजले 'जवानीको भूल' भनेर हाँसोमा उडाउने गरेको छ। बलात्कारदेखि, अनिच्छापूर्वक यौनआनन्दका लागि छुने, जिस्क्याउने, इशारा गर्ने, निरुत्साहन गर्ने यावत् हर्कत यौनहिंसा हुन् र यस्ता गतिविधि गर्ने जो-कोही कानुनका दृष्टिले सजायको भागिदार हुन्छ भनेर राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुनले बोलेका छन्, तर पनि यस्ता अपराध समाजमा निरन्तर भइरहेका छन्। यसो हुनुमा सामाजिक मानसिकता कारक बनेको छ।

हालै, ललितपुरको इमाडोलमा रहेको चिल्ड्रेन गार्डेन स्कूलमा ८ कक्षामा पढ्ने छात्राहरू आफ्नै विद्यालयका मिलन शाक्य नामका प्रिन्सिपल तथा सञ्चालकबाट यौनहिंसामा परेको जानकारी बाहिर आयो। प्रोएक्टिभ पत्रकारिता गर्दै आएका जोशिला पत्रकार रवि लामिछानेले यस विषयलाई आफ्नो टेलिभिजनमार्फत गम्भीरताका साथ बाहिर ल्याए। उनले संकलन गरेको भिडियोमा किशोरीहरूले रुँदै दिएको बयानअनुसार बाहिर मैदानमा खेलिरहेका वा कक्षामा पढिरहेका किशोरीहरूलाई मिलनले आफ्नो कार्यकक्षमा बोलाउने, अंकमाल गर्ने, चुम्बन लिने, कपडाभित्रबाट हात छिराएर संवेदनशील अंगहरू खेलाउने गर्दा रहेछन्।

'म कक्षाकोठाअगाडि निहुँरिएर जुत्ताको तुना मिलाउँदै थिएँ, प्रिन्सिपल सरले ए मैया यहाँ आऊ भनेर बोलाउनुभयो', पीडित छात्राले आँसु पुछ्दै भनेकी छन्, 'जानासाथ अंकमाल गर्नुभयो, किस गर्नुभयो, काखमा बसाउनुभयो र लुगाभित्र हात पसाएर छाती खेलाउनुभयो....।' कामवासनाले ग्रस्त विवेकहीन मिलनको स्वर अझै ठूलो छ, 'यी सबै मेरा छोरीका उमेरका केटीहरू हुन्, उनीहरूलाई अंकमाल गर्नु र म्वाइँ खानु ठूलो कुरो होइन।' यो सबै मिलनको कुतर्कबाहेक केही पनि होइन भनेर सबैले सहजै बुझ्छन्।

यससम्बन्धमा अनौठा केही सन्दर्भहरू पनि जोडिएका छन्। पत्रकार रवि लामिछानेसँग चरचर्ती बाझ्ने एक महिला पनि देखा परिन् भिडियोमा। तपाईं आफैं केटी मान्छे भएर यौन दुर्व्यवहारमा परेकोमा गुनासो गर्ने छात्राहरूको विपक्षमा कसरी बोल्न सक्नुहुन्छ भनेर पत्रकार लामिछानेले प्रश्न गर्नुपर्ने अवस्था पनि भिडियोमा देखिन्छ। त्यहाँ छोरीहरूलाई पढ्न पठाउने अभिभावकले 'पिन्सिपलसँग चाहिँ बच्नु है' भनेको पनि जानकारी गराइयो। प्रिन्सिपलसँग बच्दै हिँड्नुपर्ने विद्यालयमा छोरीलाई पढ्न पठाउनै पर्ने बाध्यताले दुई तथ्यप्रति हाम्रो ध्यान तान्छ- एक, जहाँ गए पनि कोही न कोही यस्तै यौनपिपासु हुन्छन् नै, यहीं बचेर पढे हुन्छ। दुई, यौनहिंसा ठूलो विषय होइन, यहीं सतर्क हुन सकिन्छ। महिला स्वयंले यौनहिंसालाई सामान्यरूपमा लिएको देख्दा फेरि दुई पक्षमा हाम्रो ध्यान जान्छ- एक, म पनि कुनै बेला यसरी नै यौनहिंसामा परेकी थिएँ, जसरी मैले सहेँ त्यसरी नै नयाँ पुस्ताले सहे हुन्छ, यो नयाँ मुद्दा होइन, दुई, यस्ता सामान्य विषयमा शक्तिमा रहेका व्यक्ति (प्रिन्सिपल) सँग दुश्मनी गर्नहुन्न। जसरी हेरेपनि यौनहिंसालाई हाम्रो समाजले सामान्य रूपमा लिएको छ। कतिपय स्वनामधन्य राजनीतिज्ञहरू थिए र छन् जो 'बजारमा दूध पाइन्छ भने गाई किन पाल्ने ?' भनेर दाँत देखाउँथे, वरिपरि बसेर सुन्नेहरू गलल्ल हाँस्थे। बजारको दूध खाँदा दुवै पक्षबीच सहमतिमै किनबेच हुन्थ्यो कि शक्तिका आडमा यौनहिंसा हुन्थ्यो, हाँस्नुअघि कसैले ध्यान दिएन। यौनहिंसालाई गम्भीर रूपमा लिने प्रचलन भएको भए हाँस्नुअघि मानिसले एकपटक अवश्य सोच्ने थियो।

> महिला तथा किशोरीमाथि हुनै यौनहिंसाको आधार हो अधिनायकवादी पुरुषत्व वा हेपाहा प्रवृत्ति। यो एक प्रकारको महामारी हो, जसले पुरुषलाई महिलामाथि शोषण र हिंसा गर्न सिकाउँछ। पदीय हैसियत, धन वा अन्य स्रोत-साधनले शक्तिशाली महिलालाई देख्दा नजाग्ने यौनप्यास अशक्त महिला वा किशोरीमाथि मात्र किन पोखिन्छ ?

दुई वर्षअघि, २०१५ मा युएनएफपीएले सार्वजनिक गरेको एक रिपोर्टमा महिलाविरुद्ध हुने यौनहिंसा न्यूनीकरण गर्न पुरुष सहभागिता अनिवार्य रहेको बताइएको छ। महिला तथा बालिकाविरुद्ध हुने अधिकांश हिंसाका लागि पुरुष र केटाहरूलाई प्रशिक्षण गर्नु, बालक अवस्थादेखि नै उपयुक्त वातावरण प्रदान गर्नु आवश्यक छ। यौनहिंसाविरुद्ध महिला मात्र बोल्ने, पुरुष भने चुप लागेर बस्ने, त्यो पनि हाम्रोजस्तो पितृप्रधान समाजमा, यसरी यौनहिंसा न्यूनीकरण हुन सक्तैन। युएनएफपीएले पुरुष र केटाहरूलाई लैङ्गिक समानताका विषयमा प्रशिक्षणपछि सार्वजनिक कार्यक्रममा यौनहिंसा अन्त्यका लागि आ-आफ्नो तर्फबाट योगदान दिने प्रतिबद्धता जनाउन आह्वान गरियो, सबैले त्यस्तो हिंसा नगर्ने, कसैले गरेमा विरोध जनाउने वचन दिए। त्यस्तै, केयर नेपाल नामको संस्थाले कपिलवस्तु, चितवन र मकवानपुरमा ५० पुरुष अभियन्ता तयार पाऱ्यो, आज पनि ती अभियन्ताहरू महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सक्रिय छन्। यस्ता अभियान घर-घरमा हुने हो भने यौनहिंसा न्यूनीकरण हुन्छ। छोरीहरूलाई 'साँझमा बाहिर नजा, बलात्कृत होलिस्' भनेर डर देखाउने बाबुआमाले छोराहरूलाई 'खबरदार, कुनै केटीलाई दुर्व्यवहार गर्लास्, नैतिक पतन भएर जेल जालास्' भनेर सतर्क गराउँदैनौं। यहींनिर त्रुटि छ।

यस लेखकका परिचित एक वृद्ध एकदिन गौरवसाथ हाँसिरहेका थिए, उनले कारण बताए, 'मेरो जेठो नातिले भाडामा बस्ने छ नि माया, उसको काखीमुनि समाइदिएछ।' ती परिचित अहिले यस संसारमा छैनन्, उनको १७ वर्षको नातिले अहिले ३० काटिसकेको छ। बाबुआमाकै आड पाएका कारण भीडभाड बसमा महिला तथा किशोरीलाई संवेदनशील ठाउँमा छोएर जीवन सफल भएको ठानिरहेको बुझ्नमा आएको छ। महिला र किशोरीमाथि हुने यौनहिंसाको क्षेत्रमा सार्वजनिक सवारीसाधन एक प्रमुख हो। गतवर्ष मात्र रुकुमकी एक किशोरीलाई अपराधीहरूले बसभित्रै बलात्कार गरेको समाचार सार्वजनिक भयो। हिन्दी सिनेमाको नक्कल गर्न खप्पिस नेपाली समूहले तीन वर्षअघि भारतको राजधानी नयाँ दिल्लीमा घटेको घटनाकै शैलीमा किशोरीलाई योनहिंसाको सिकार बनायो। रुकुमदेखि नेपालगन्जसम्मको यात्रामा रहेकी ती किशारीका अपराधीहरूलाई न्यायिक कठघरामा उभ्याउन नसक्नु राज्यको लज्जाको विषय हुनुपर्ने हो।

यौनहिंसाको वैध आधार बनेको छ जबरजस्ती विवाह, अनमेल विवाह र बालविवाह। विवाह गरेकी श्रीमतीसँग श्रीमान्ले जसरी यौनसम्पर्क गरे पनि समाज बोल्दैन। कानुनले 'वैवाहिक बलात्कार' लाई अपराध माने पनि अदालतमा यस्ता मुद्दा विरलै दर्ता हुन्छन्। युनिसेफका अनुसार दक्षिण एसियामा नेपाल तेस्रो अधिक प्रतिशतमा बालविवाह हुने मुलुक हो। नेपालमा ३७ प्रतिशत केटीहरूको विवाह १८ वर्षको उमेर पुग्नुअघि नै हुने गर्छ, यसमा पनि १० प्रतिशतको विवाह १५ वर्षभित्रै हुने गरेको छ। नेपालको कानुनले विवाहको उमेर केटा र केटी दुवैका लागि २० तोकेको छ। बालविवाह नेपालमा सन् १९६३ देखि नै गैरकानुनी घोषणा भएको हो। तर, आज पनि १४-१५ वर्ष उमेरका छोरीका बाबुआमा उनीहरूको विवाहका लागि केटा खोज्न थालेको यत्रतत्र देखिन्छ। यस अभ्यासले किशोरीका श्रीमान्लाई यौनदुर्व्यवहार गर्ने लाइसेन्स प्राप्त हुन्छ।

महिला तथा किशोरीमाथि हुनै यौनहिंसाको आधार हो अधिनायकवादी पुरुषत्व वा हेपाहा प्रवृत्ति। यो एक प्रकारको महामारी हो, जसले पुरुषलाई महिलामाथि शोषण र हिंसा गर्न सिकाउँछ। पदीय हैसियत, धन वा अन्य स्रोत-साधनले शक्तिशाली महिलालाई देख्दा नजाग्ने यौनप्यास अशक्त महिला वा किशोरीमाथि मात्र किन पोखिन्छ ? यस विषयमा चिन्तन गरौं र महिलालाई सशक्त बनाऔं र पुरुषलाई सभ्य नागरिक हुन सिकाऔं, यही नै यस रोगको समाधान हुनेछ।

## पाठक पत्र

### नेपालमा सीमित दलहरूको मात्र होडबाजी

लोकतन्त्र भनेको सीमित दलहरूको होडबाजी होइन। यथार्थमा लोकतन्त्रको लक्ष्य मात्र देश विकास गर्नु हो, तर हाम्रो मुलुकमा अलि अलग धारणा छ। यहाँ लोकतन्त्र भनेको कांग्रेस, माओवादी, एमाले, तराई मात्रको हो। यो कुरा किन भन्नुपरेको भने, जब सर्वसाधारणको आयस्रोत औसतमा बढ्दैन, समस्याका समाधान हुँदैनन्। तब यी कुरा पोख्न बाध्य हुनुपर्दछ। यी कारणले गर्दा पनि यहाँ दलहरूका राजलाई मिलिजुली प्रजातन्त्र भन्न सकिन्छ। राजनीतिमा आउने अनि आफ्नै पकड बलियो गर्ने। यस्तो सोचले मुलुकको विकास सधैं सुस्त भइराखेको हुन्छ। जसले गर्दा राजधानी तथा प्रदेशहरूको अवस्था उस्तै भइराखेको हुन्छ। एक त भूकम्प, पहिरो, बाढीजस्ता दैवी प्रकोपले सधैं ठगिराखेको हाम्रो मुलुक, त्यसमाथि नेताहरू अल्झिएर राजनीतिलाई रबरजस्तै तन्काउने रोगले झनै दिक्क बनाएको छ। त्यसकारण यस अवस्थामा केही पुराना दलहरूले नयाँ दलहरूलाई पनि राजनीतिक क्षेत्रमा आउने तथा देश चलाउने परम्परा र संस्कार बनाइदिनुपर्छ। भनाइको मतलव देश हाँक्नेहरूका लागि यिनीहरूलाई पनि अहिलेको परिप्रेक्ष्यमा द्वार खोलिदिनु आवश्यक छ। कारण यो मुलुकमा बुद्धिजीवीहरू धेरै छन्। लोकतन्त्रान्त्रिक मुलुकमा यिनीहरूलाई पनि संकुचित भावना त्यागेर मौका दिनुपर्छ। अनि मात्र मुलुकको विकास द्रुतगतिमा जानेछ। यसका लागि नयाँ दल भनौं, नयाँ पुस्ता भनौं, यिनीहरू पनि मुलुकको विकासप्रति बिकाउ नभई अग्रसर हुनु जरुरी छ। अन्यथा जुन प्रणाली आए पनि उस्तै त हो नि, राष्ट्रको ढुकुटी रित्तिँदै जाने, विकासको गति भने उस्तै हुने।

वास्तवमा हामी नेपाली अन्धविश्वासी र अल्लारे त छँदै छौं। यसबाहेक हामी जति सोझा देखिन्छौं यथार्थमा हामी उत्ति नै बाङ्गो र अप्ठ्यारो भएका छौं। उदाहरणका लागि सरकारहरू र कुर्सीमा बस्नेहरूलाई हेरौं। यिनीहरूको विषयमा केही भनिराख्नुपर्ला जस्तो लाग्दैन। अविकसित मुलुकको सरकारको काम सर्वसाधारणलाई सुविधा दिएर निरन्तर विकास गर्दै जानु हो। यस्तो अवस्थामा सरकारले विकासको लागि दाताबाट आउने रकम, सर्वसाधारणबाट आउने कर र रेमिट्यान्स रकम आदिलाई माध्यम बनाइराखेको हुन्छ। तर विडम्बना यो छ कि जतिसुकै रकम हाम्रो देशमा आइराखे पनि विकासले तीव्रता लिन सकेन। यहाँ सरकारप्रति प्रतिकार गर्नेहरू ज्यादै कम छन् अर्थात् कोही बोल्दैनन् कि आखिर यत्रो रकम किन फ्रिज भएर बसिराखेको हुन्छ ? ठूला योजनाहरू कछुवा चालमा गइराखेको हुन्छ भने कैयौं ठाउँका बजेट यत्तिकै फ्रिज भएको हामी पाउँछौं। यी कुराको राम्रो लेखाजोखा हुँदैन, जसको फाइदा सरकारी हाकिमहरूले उठाइराखेका हुन्छन्।

वास्तवमा भन्ने हो भने, हाम्रो मुलुकमा विकासमा ढिलासुस्ती हुनुको कारण कमिसन तथा भागवण्डा सरकारी भत्ता, विदेश भ्रमण, औषधि उपचार, कार्यकर्ता पालन, अनावश्यक बढी कर्मचारी भर्ती आदिजस्ता चुहावटका कारण विकासले मोड लिन नसकिराखेको मान्न सकिन्छ। त्यसकारण यस्तो अवस्थामा सरकारले सर्वसाधारणलाई करबाट मात्र सताउन हुँदैन। एउटा अचम्मको कुरा के छ भने, प्रायः हिजो दरिद्र मानिएका मुलुकहरू पनि आज आएर धेरै विकास भइसकेका छन् तर हाम्रो मुलुकले भने विकासको कोल्टे फेर्न पाएको छैन, जहाँसम्म लाग्छ- यस्को खास कारण सधैं राजनीतिक कलह, भिजनको कमीलाई मान्न सकिन्छ। यसबाहेक लालच र अटेरी संस्कार विकासका शत्रु हुन् कि जस्तो पनि लाग्छ। यदि यी कुरा झुट हुन् भने यहाँ विकासका लागि भगवान्कै आशिर्वाद नभएको हामीले ठान्नुपर्दछ।

यो मुलुकमा देश हाँक्नेहरूको कुरा एउटा हुन्छ, काम अर्को हुन्छ। मेडियामा कुरा हरसमय अर्ब-खर्बको हुन्छ तर रोजगारका लागि भिखारीजस्तो यहाँका जनता विदेशीका शरणमा परिराखेका हुन्छन्। बदलामा यहाँ कि नेता मोटाइराखेका हुन्छन् कि यिनका सरकारी हाकिम र कार्यकर्ता मात्र मोटाइराखेका हुन्छन्। तैपनि सर्वसाधारण दालभातमा सीमित, कोही भने वाइन, रक्सी, बियरमा रमाइराखेका हुन्छन्। अर्को पक्ष भने खाली नकारात्मक सोच र दोषारोपण गरिराखेका हुन्छन्। यसबाहेक चम्बुहरू दुई नम्बरको रकममा रमाइराखेका हुन्छन्। तर थाहा छैन, यहाँ भएका बुद्धिजीवीहरू कुन दुनियाँमा हराइराखेका हुन्छन्। यहाँ बुद्धिजीवी भन्ने प्राणी नै नभएको हो कि ? तर हरेक पक्ष एकजुट हुने हो भने द्रुत विकास भनेको कुनै ठूलो कुरा होइन।

सरकार अन्धाधुन्ध यहाँ कर लिन्छ तर यहाँ सुख-सुविधा, सहुलियत पनि त उही हिसाबले दिनुपर्ने होइन र ? खोई त ? जुन जोगी आए पनि कान चिरेको जोगी आउने त हो नि, कि कसो ? उदाहरणका लागि मानिसहरू गुणस्तरीय खाद्यान्न वा अन्य सामान उपभोग गर्न सक्दैनन्, सडकमा राम्ररी हिँड्न सक्दैनन्, सवारी समस्या, यहाँसम्मकि मनोरञ्जनका नाममा पर्याप्त पार्कहरू छैनन्। यस मुलुकमा लोकतन्त्र आएको पनि झन्डै ३ दशक हुन लागिसक्यो, विकास भइराखेको जस्तो देखिए पनि यहाँ मानिसहरू उकुसमुकुस हुन बाध्य छन्। यसको खास कारण अनावश्यक धेरै नेता, झुट्टा आश्वासन, असुविधा तथा धेरै करहरूले आमजनतालाई सताइराखेको हुन्छ। तैपनि नेताहरू कानमा तेल हालेर बसेका हुन्छन्। जसरी डिस्कोमा नटुवाहरू एकोहोरो नाचेर बसेका हुन्छन्, यहाँका मुलुक हाँक्नेहरू पनि एकोहोरो र अटेरी भएकाले विकास खासै नभएको मान्न सकिन्छ। यसले गर्दा पनि सर्वसाधारण कर तिर्नबाट टाढा रहन चाहन्छन्। एक हिसाबले जनताबाट कर उसल्न नसक्नु भनेको मुलुकका लागि नै हानि हो। करबाट उठेको रकम चुहावट मात्र हुन्छ भने यहाँका सर्वसाधारणले पनि के गरुन् ? उनीहरू कर तिर्न आनाकानी गर्छन्।

समग्रमा भन्नुपर्दा, यो मुलुकमा अब युवा बुद्धिजीवीहरूको खाँचो छ। देश हाँक्न युवा बुद्धिजीवी ल्याएमा मुलुकको द्रुत विकास हुन सक्छ। युवापुस्ताले पनि लालच, स्वार्थ र गुटबन्दी त्यागेर कडारूपमा अघि बढ्नुपर्छ। अनि मात्र देशले छिटो भन्दा छिटो विकासमा फट्को मार्न सक्छ।

*- रमेशकेशरी वैद्य, काठमाडौं*

### राजधानीमा अझै ट्राफिक समस्या

राजधानीका अस्तव्यस्त सडक र गाडीको जामले सधैं तनाव हुन्छ जोसुकैलाई। तीन वर्षअघि राजधानीमा साझा यातायातका फराकिला बस गुड्न थालेका थिए। सार्वजनिक सवारी गुड्ने बाटो अलि फराकिलो भएको थियो। निजी व्यवसायीसँग मिलेर काठमाडौं महानगरपालिकाले चलाएको रात्रि बस असफल भएपछि साझाको सडक आगमन भयो।

साना गाडीबाट व्यापकरूपमा हुने जामले समस्या सिर्जना गरेको बेला ठूला गाडी आवश्यक थियो। अहिले धेरैले ठूला गाडी हालेको अवस्था छ। तर सडक सुध्रिएको छैन। सर्वेन्द्र खनाल आएपछि सुध्रने सोचेका हामीहरू अहिले पनि निराश छौं। सरकारी क्षेत्रबाट विशेष काम नगर्दासम्म सधैं यो समस्या भोग्नुपर्छ। सरकारले यस विषयमा केही सोचोस्।

*- निरज श्रेष्ठ, भक्तपुर*

## सामाजिक सञ्जाल



अप्राप्य वस्तुको कल्पनामा रमाउनुभन्दा प्राप्त हुन सक्ने कुरालाई आफ्नो जीवनको लक्ष्य बनाउन सके म हुनुको सार्थकता झल्किन्छ।

चेतन जी
**@acnji**



काठमाडौं नेसनल मेडिकल कलेजको सम्बन्धन खारेज हुने हो भने यसलाई सम्बन्धन दिने र दिन हुन्छ भनेर सिफारिस गर्ने सबैलाई कारबाही हुनुपर्छ।

**Sudhamshu K.C.**
**@Drsudhamshu**



प्रायः अभिभावकले छोरी-चेली दिने व्यक्ति कुशल र इमानदार हैन, जमिनदार र स्थायी जागिरवाला खोज्दा रैछन् आजभोलिको जमानामा पनि। हाम्रो समाज !

मानुषी
**@bipana_regmi**

२०७४, भदौ
सोमबार
१९

संयुक्त अभ्यासमा फौजहरूले प्रतिविद्रोह तथा प्रतिआतंकवादलगायत जंगलमा गर्नुपर्ने युद्धकला र विपद् व्यवस्थापनको समयमा स्वास्थ्य उपचार सम्बन्धि प्राप्त सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रूपमा अभ्यास गर्नेछन्।

# नेपाल



आइतबार काठमाडौंको हनुमानढोका दरबार क्षेत्रमा ३२ हात्ते लिंग ठड्याएपछि इन्द्रजात्रा शुरुभएको भन्ने संकेत दिने गरिएको छ।

तस्वीर : मञ्जेश महर्जन

## 'नेपाल–भारतको सम्बन्ध सधैं महत्त्वपूर्ण'

काठमाडौं, (नेस)

उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले नेपाल-भारतबीचको ऐतिहासिक सम्बन्ध राजनीतिक र राज्यस्तरमा प्रतिबिम्बित हुनुपर्ने बताउनुभएको छ। नेपाल-भारत महिलामैत्री समाजले आइतबार काठमाडौंमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले दुबै मुलुकका जनताबीचको सम्बन्ध अत्यन्त महत्वपूर्ण भएको बताउनुभयो।

मन्त्री महराले भन्नुभयो- 'सरकार-सरकारबीच बेलामौकामा सम्बन्ध खटपट हुनसक्छ, तर जनस्तरको सम्बन्ध सधैं महत्त्वपूर्ण रहन्छ, राजनीति र राज्यस्तरमा पनि जनस्तरकोजस्तै सम्बन्ध रहनुपर्छ।' भारत अंग्रेजको र नेपाल राजा महाराजाको मातहतमा नभएकाले दुबैतर्फको सम्बन्धलाई हेर्ने दृष्टिकोणमा फरक हुनुपर्नेमा मन्त्री महराले जोड दिनुभयो।

भारतले नेपालको शिक्षा, स्वास्थ्य र विकास निर्माणजस्ता कार्यमा पुऱ्याएको सहयोगको उहाँले प्रशंसा गर्नुभएको थियो। कार्यक्रममा भारतीय दूतावासका कार्यवाहक राजदूत डा. अजय कुमारलगायत अन्य अधिकारीको उपस्थिति थियो।

## दुई मिनेट

### लुटपाट गर्ने ट्याक्सी चालक पक्राउ

काठमाडौं, (नेस)

ठमेल घुम्न आएका २ जनालाई लुटपाट गर्न खोज्ने बा २ ज २७७६ नम्बरको ट्याक्सीका चालक काभ्रेको धुलिखेल नगरपालिका-९ का निरजचन्द्र घिमिरेलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ। तारकेश्वर नगरपालिका-७ का २० वर्षीय अरूण फुँयाल, उनका साथी कागेश्वरी नगरपालिका-९ का सुशील पाण्डे र नवीन न्यौपाने ठमेल घुम्न आएको अवस्थामा अरूणले लगाएको १ तोलाको सुनको सिक्री ठेमलस्थित सडकमा लुटपाट गरी भाग्न खोज्दा उनकै साथीहरूले नियन्त्रणमा लिएर प्रहरीलाई खबर गरेका थिए। त्यसपछि महानगरीय प्रहरी बृत्त लैनचौरबाट गएको प्रहरीले घिमिरेलाई नियन्त्रणमा लिएको थियो।

त्यसै गरी पोखरा लेखनाथ महानगरपालिका-१९ जुम्लेटी बस्ने पूर्णबहादुर थापाको घरमा धनमाल चोरी गर्दै गरेको अवस्थामा सोही ठाउँ बस्ने सुवाष तामाङ शनिबार पक्राउ परेका छन्। उक्त घरमा कोही नभएको अवस्थामा भान्सामा राखिएको चाबी निकाली घरको ताला खोलेर कोठाभित्र प्रवश गरी दराजमा राखेको सुनको औंठी २ थान र सुनको सिक्री १ थान गरी साढे ४ तोला सुन चोरी गर्दै रहेको अवस्थामा स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई खबर गरेपछि वडा प्रहरी कार्यालय बैदामको जिम्मा लगाएका थिए।

### साझाका महाप्रबन्धकद्वारा राजीनामा

काठमाडौं, (नेस)

साझा प्रकाशनका अध्यक्ष एवं महाप्रबन्धक डोलिन्द्रप्रसाद शर्मासहित चार जना मनोनित सदस्यले राजीनामा दिएका छन्।

गएको ९ गते चारै जनाले उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठसमक्ष राजीनामा दिएका हुन्। राजीनामा दिएको विषयमा जानकारी गराउँदै अध्यक्ष शर्माले भन्नुभयो- 'तपाईंहरूले जो-जो मान्छेले राजीनामा दिए हुन्थ्यो भन्ने चाहेको हो, सबैले राजीनामा दिएका हौं।

१० दिनअघि राजीनामा दिएको हुँ। अब साझाको विषयमा अन्य विषय नसोध्नुहोला, राजीनामाको कारण बारे जानकारी गराउन सोधेको प्रश्नमा उहाँले भन्नुभयो।

साझा प्रकाशनमा अनियमितता भएको विषयमा लगायता समाचार आउन थालेपछि अध्यक्षले राजीनामा दिएका हुन्। तर सो राजीनामा मन्त्रीले स्वीकृत गर्नुभएको छैन। साझाको विषयमा छानविन गर्न गठित समितिले दिएको प्रतिवेदनसमेत थन्क्याएर राखेका मन्त्री श्रेष्ठले अध्यक्ष तथा महाप्रबन्धक शर्मासहित चार जनाको राजीनामा स्वीकृत नगरेपछि अन्यौलता बढेको छ। साझामा भएको अनियमितताको विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले समेत छानविन गरिरहेको छ।

# नेपाल-भारत संयुक्त सैन्य अभ्यास शुरू

नेपाल समाचारपत्र

काठमाडौं



नेपाली सेना र भारतीय सेनाको संयुक्त अभ्यास एक्स सूर्यकिरण आइतबारबाट रूपन्देहीको सालझण्डीस्थित नेपाली सैनिक ब्याट्ल स्कूलमा मध्यपश्चिम पृतना हेडक्वाटरका पृतनापति उपरथी राजेन्द्र कार्कीले एक विशेष कार्यक्रमका बीच शुभारम्भ गर्नुभयो।

विपद् व्यवस्थापनको समयमा स्वास्थ्य उपचारलगायत प्रतिविद्रोह तथा प्रतिआतंकवादजस्ता विषयहरू समावेश गरी सञ्चालन भएको उक्त संयुक्त अभ्यासको यो १२औं संस्करण हो।

उक्त संयुक्त अभ्यासमा नेपाली सेनाबाट प्रमुख सेनानी जयन्द्र केसी र भारतीय सेनाबाट महासेनानी ललित मोहन मिश्राले नेतृत्व गर्ने भएका छन्। दुबै देशका करिब तीन -तीन सयजना सहभागी गराइ सञ्चालन भएको उक्त संयुक्त अभ्यास आगामी भदौं ३१ गते सम्पन्न हुने भएको छ। यसअघि नेपाली सेना र भारतीय सेनाको संयुक्त अभ्यास सूर्य किरणको एघारौं संस्करण भारतको पिथौरागढमा सम्पन्न भएको थियो। २०६७ सालबाट नेपाल र भारतमा वार्षिक रूपमा आलोपालो गरि सञ्चालन हुँदै आएको यस संयुक्त अभ्यास हालसम्म दुबै देशमा गरी ११ पटक सञ्चालन भइसकेको छ।

संयुक्त अभ्यासमा फौजहरूले प्रतिव्रिदोह तथा प्रतिआतंकवादलगायत जंगलमा गर्नुपर्ने युद्धकला र विपद् व्यवस्थापनको समयमा स्वास्थ्य उपचार सम्बन्धि प्राप्त सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रूपमा अभ्यास गर्नेछन्।

यस अभ्यासमा नेपाली सेना र भारतीय सेनाको सैद्धान्तिक, व्यवहारिक र विशेष अनुभवहरूको आदानप्रदान हुनेछ। नेपाली सेना र भारतीय सेनाबीचको यस किसिमको सैनिक अभ्यासले दुई देशबीच सदियौंदेखि रहेको मैत्रीपूर्ण पारस्परिक सम्बन्धलाई अझ बढी प्रगाढ बनाउने तथा दुबै देशको सेनाबीच समझदारीमा अभिवृद्धि हुने विश्वास नेपाली सेनाले लिएको छ।

## ६८ लाख प्रतिबन्धित भारतीय रुपियाँसहित २ पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१५ अन्नपूर्ण चोकबाट प्रतिबन्धित भारतीय रुपियाँ ६८ लाख २० हजारसहित २ जनालाई शनिबार प्रहरीले पक्राउ गरी आइतबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं गोंगबु बस्ने बाँकेको कोहलपुर नगरपालिका-१८ की कृष्णकुमारी राई र काठमाडौं गोंगबु बस्ने गोरखाको श्रीनाथ गाउँपालिका-३ का अर्जुन भण्डारी रहेका छन्। सो क्षेत्रमा केही व्यक्तिहरूले निषेधित भारतीय रुपियाँसाथमा बोकी सर्वसाधारणलाई ठगी गर्ने नियतले हिँडिरहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ।

विषेश सूचनाका आधारमा खटिएको प्रहरीले उनीहरूको साथबाट १ हजार र ५ सय दरका जम्मा ६८ लाख २० हजार भारतीय रुपियाँ बरामद गरी उनीहरूलाई पक्राउ गरेको हो।

## हिसानको बाढीपीडितलाई सहयोग

काठमाडौं, (नेस)

हिसानले बाढीपीडित परिवारलाई २५ लाख रुपियाँ सहयोग गरेको छ। हिसानका अध्यक्ष रमेश सिलवाल, पूर्वअध्यक्ष एवं सांसद उमेश श्रेष्ठ, महासचिव लोकबहादुर भण्डारीसहितको टोलीले हिजो आइतबार प्रधानमन्त्री शेरबहादुर देउवालाई उक्त रकम हस्तान्तरण गर्नुभएको हो। हिसानले उक्त रकम केन्द्रीय दैवीप्रकोप उद्धार कोषमा सहयोग गरेको हो।

## स्वास्थ्य मन्त्री पोखरेल डिस्चार्ज

काठमाडौं, (नेस)

स्वास्थ्य मन्त्री गिरीराजमणि पोखरेलले देशभित्रकै अस्पतालको सुधार गर्नुपर्ने विषयमा जोड दिनुभएको छ। मौसमी रुघाखोकीको उपचारपछि वीर अस्पतालबाट डिस्चार्ज हुने क्रममा स्वास्थ्य मन्त्री पोखरेलले स्वास्थ्य क्षेत्रभित्र नीतिगत सुधारको दायित्व थपिएको बताउनुभयो।

एक सातादेखि वीर अस्पतालको भीआईपी कक्षमा उपचार गरी आईतबार डिस्चार्ज हुने क्रममा स्वास्थ्य मन्त्री पोखरेलले वीर अस्पतालप्रति आफ्नो विश्वास रहेकै कारण आफूले मन्त्री नहुँदा पनि सोही अस्पतालबाट सेवा लिने गरेको जानकारी दिनुभयो।

वीर अस्पतालले स्वास्थ्यमन्त्री पोखरेललाई मौसमी रुघाखोकी (एचवान एनवान )को संक्रमण भएको जनाएको छ। अस्पतालका निर्देशक डा. भूपेन्द्र बस्नेतका अनुसार मन्त्री पोखरेललाई सामान्य ज्वरो आउनुका साथै रुघाखोकी तथा स्वास्थ्य प्रश्वास प्रणाली सम्बन्धी संक्रमण भएको थियो। स्वास्थ्य मन्त्री पोखरेल पहिलेदेखिनै प्रोस्टेट तथा मधुमेह रोगका बिरामी हुनुहुन्छ।

स्वास्थ्य मन्त्री पोखरेललाई डा. सुरेन्द्रलाल श्रेष्ठ नेतृत्वको चिकित्सक टोलीले उपचार गरेको थियो। उपचारमा डा. अशेष ढुंगाना, डा. मनिलरत्न वज्राचार्य, डा. अनिल बराल, डा. आरके शाह तथा डा. सुनिल कोइरालाको समेत संलग्नता रहेको थियो।

परीक्षणका क्रममा उहाँलाई घाटीको संक्रमण तथा एचवानएनवान इन्फ्लुएन्जा देखिएकाले ५ दिनको औषधिसहित प्रास्टेट तथा मधुमेहका नियमित औषधि दिइएको थियो।

## सिनेमा कर्नर










मउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : गरेको काम सफल हुने, सन्तानबाट सुख, धनलाभ हुनेछ।
**वृष** : पेटको समस्या, दिनचर्या अस्तव्यस्त, विनाकाममा दौडधुप, विवाद।
**मिथुन** : पैसा लाभ, मान-सम्मान, उन्नति-प्रगति, इज्जत बढ्नेछ।
**कर्कट** : सुख-सन्तोष, उपलब्धिमूलक कार्यमा लगानी, धनलाभ हुनेछ।
**सिंह** : मिष्ठान्न भोजन, धनप्राप्ति, गिफ्ट-पुरस्कार प्राप्ति, कार्य सफल।
**कन्या** : अस्वस्थता, साथीभाइसँग विवाद, चोटपटकको सम्भावना।
**तुला** : पैसा प्राप्ति, विविध वस्तु वा सेवाको लाभ, मीठो खानेकुरा प्राप्ति।
**वृश्चिक** : शारीरिक निरोगिता, सुख-सन्तोष, थालेको काम सफल।
**धनु** : राजनीतिमा सफलता, ऐश्वर्य वृद्धि, पढाइ-जागिरमा मूल्यांकन।
**मकर** : बिरामी हुने सम्भावना, कार्यमा बाधा, धन हानि, चिन्ता।
**कुम्भ** : समस्या समाधान, परीक्षा-पठनपाठन सफल, प्रतिस्पर्धामा जीत।
**मीन** : खेल-परीक्षा प्रतियोगितामा सफलता, द्रव्य लाभ, शत्रु विजय।

# नेपाल

सर्पको टोकाइबाट अछाममा एक बालकको ज्यान गएको छ। मंगलसैन नगरपालिका वडा नम्बर ७ निवासी तिते जनालाका ९ वर्षीय छोरा नवीन जनालको सर्पको टोकाइबाट ज्यान गएको हो। आफ्नै घरमा सुतिरहेका बेला शुक्रबार राति १ बजे बालकको गालामा सर्पले टोकेको थियो।

## दुई मिनेट

### सर्पको टोकाइले एकको मृत्यु

महोत्तरी, (नेस)

महोत्तरीमा सर्पको टोकाइबाट एकको मृत्यु भएको छ। मृत्यु हुने महोत्तरीको गौशाला नगरपालिका-४ नगराथपुरका अजितकुमार यादव रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। मृतक यादवलाई सर्पले टोक्नेबित्तिकै उपचारका लागि जनकपुर अञ्चल अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी गराउँदै लास अञ्चल अस्पतालमै रहेको बताएको छ। यता जलेश्वर अस्पतालमा दैनिक दुई देखि तीन जना सर्पदंशका रोगी आउने गरेको जलेश्वर अस्पतालको आकस्मिक उपचार कक्षका स्वास्थ्यकर्मी बताउँछन्।

### बाढीपीडितलाई गोरखालीको सहयोग

गोरखा, (नेस)

तराईका बाढीपीडितलाई गोरखा उद्योग वाणिज्य संघ तथा महिला उद्यम विकास समितिले संयुक्त रूपमा सहयोग गरेका हुन्। केही दिनअघि विभिन्न राहतका सामग्री वितरण गरेर आएको गोरखाका उद्यमीको टोलीले आइतबार प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतमार्फत् प्रधानमन्त्री दैवी प्रकोप उद्धार समितिमा ५० हजार रुपियाँ सहयोग गरेको गोरखा उद्योग वाणिज्य संघ गोरखाका अध्यक्ष श्रवणकुमार जोशीले जानकारी दिए।

### लडेर बालकको मृत्यु

दोलखा, (नेस)

दोलखा बैतेश्वर गाउँपालिका-८ क्षेत्रपामा एक बालकको मुडा बोक्ने क्रममा खुट्टा चिप्लिएर लड्दा मृत्यु भएको छ। दोलखा जिरी नगरपालिका-६ का १७ वर्षीय बालक निङ्मा शेर्पाको मुडा बोक्ने क्रममा चिप्लिएर लड्दा ज्यान गएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक रमेश प्रधानले जानकारी दिनुभयो। प्रहरी निरीक्षक प्रधानका अनुसार सल्लाको मुडा बोक्ने क्रममा खुट्टा चिप्लिएर लड्दा घाइते भएका शेर्पाको उपचारका लागि मैनापोखरी लैजाने क्रममा बीच बाटोमा नै ज्यान गएको प्रहरीले जनाएको छ।

### अनेरास्ववियुको जिल्ला सम्मेलन तम्घासमा

गुल्मी, (नेस)

अनेरास्ववियु गुल्मीको २३औं जिल्ला सम्मेलन असोज ४ र ५ गते तम्घासमा हुने भएको छ। सम्मेलनको तयारीका क्रममा तम्घासमा संगठनको कार्यकर्ता भेला सम्पन्न भएको छ। सम्मेलन सम्पन्न गर्न अनेरास्ववियु गुल्मीका संयोजक राजेन्द्रविक्रम कुँवरको संयोजकत्वमा ३३ सदस्य रहेको सम्मेलन आयोजक मूल समिति रहेको छ।

### जमरा घर निर्माण

काभ्रे, (नेस)

पृथ्वीनारायण शाहले टुक्रिएका राज्यलाई एक बनाउन शुरू गरेको युद्धका क्रममा धुलिखेलको डाँडोमा शुरू गरेको भगवतीको मन्दिरलाई युद्ध सफल भएलगत्तै कोतकी कालिका देवी मन्दिरका रूपमा विकास गर्दै हरेक वर्ष दशैंमा विशेष पूजा गरिँदै आए पनि भूकम्पका कारण भवन लडेकाले जीर्ण भवन निर्माणका लागि शुरू गरेको अभियानले सार्थकता पाएको छ। प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडाको विशेष पहलमा धुलिखेलमा रहेको विष्णु दल गणको जनशक्तिको सहयोगमा दाताले दिएको रकमबाट दशैंमा जमारा राखी विशेष पूजा गर्नका लागि जीर्ण भएको भवन भत्काई नयाँ भवन निर्माण गरिएको छ।

### स्काभेटरमा आगजानी

उदयपुर, (नेस)

चतारा गाईघाट सिन्धुली सडक अन्तर्गत उदयपुरको बसाहा र सिन्धुलीको भिमान खण्डको सडक निर्माणमा रहेको जेटआईईसी शर्मा एन्ड लामा कम्पनीको एउटा स्काभेटरमा आइतबार बिहान अज्ञात समूहले उदयपुरको त्रियुगा नगरपालिका-७ कालिखाला नजिक आगजानी गरेका छन्। आगजानीबाट जेसीबी कम्पनीको बा२क ६५५७ नम्बरको स्काभेटर पूर्णरूपमा जलेको घटनास्थल पुगेका जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी हवल्दार घनश्याम पोखरेलले बताए। करिब १ करोड मूल्यको उक्त स्काभेटर काम नलाग्ने अवस्थामा जलेर नष्ट भएको निर्माण कार्यमा खटिएका उक्त कम्पनीका कर्मचारी टिरिङ शेर्पाले बताए।

### नेविसंघको तयारी तीव्र

गुल्मी, (नेस)

असोज ३ र ४ मा नेपाल विद्यार्थी संघको जिल्ला अधिवेशनको तयारीलाई तीव्र पारेको छ। संगठनको १२औं जिल्ला अधिवेशन भव्य रूपमा सम्पन्न गर्न तयारीलाई तीव्र पारिएको संगठनका कार्यवाहक अध्यक्ष झवीन्द्र पाण्डेयले जानकारी दिए। नेविसंघले भदौ १८ गतेसम्म जिल्लामा रहेका सम्पूर्ण मावि र क्याम्पसमा एकाइ अधिवेशन सम्पन्न गर्ने र भदौ २६ गते क्षेत्र नं १ मा २८ गते क्षेत्र नं २ मा र ३० गते क्षेत्र नं ३ मा क्षेत्रीय अधिवेशन सम्पन्न गर्ने निर्णय भएको संगठनका कार्यवाहक अध्यक्ष पाण्डेयले बताए।

## निर्वाचन क्षेत्र निर्धारणमा गोरखाका दलहरू असन्तुष्ट

सन्तोष अधिकारी, गोरखा

हालै निर्वाचन क्षेत्र निर्धारण आयोगले सार्वजनिक गरेको गोरखाको निर्वाचन क्षेत्र निर्धारणप्रति गोरखाका राजनीतिक दलले विरोध जनाएका छन्।

नेपाली कांग्रेस गोरखाका सभापति हरिबहादुर घले भन्छन्- 'क्षेत्र निर्धारणको नाममा गोरखालाई उँट बनाइयो। यो निर्धारण कसरी भयो ? केही मिलेको छैन। सबै अवैज्ञानिक छ। हाम्रो पार्टी र मेरो तर्फबाट समर्थन हुँदै हुन्न।' त्यस्तै नेकपा एमालेका जिल्ला अध्यक्ष प्रेम गुरुङ पनि क्षेत्र निर्धाणप्रति कत्ति पनि सन्तुष्ट छैनन्। 'क्षेत्र निर्धारणको विधि प्रक्रिया के हो ? जिल्लामा छलफल केही त हुनुपर्छ केही छैन', उनले भने- 'यसले विकासको ढोका झन् लक गर्न मद्दत गर्छ।' नेपाली कांग्रेस, एमालेका सँगै तेस्रो ठूलो दल माओवादी केन्द्रका जिल्ला इन्चार्ज पनि सन्तुष्ट छैनन्। 'आयोगले तयार पारेर सार्वजनिक प्रतिवेदन गोरखालीको हितमा छैन', जिल्ला इन्चार्ज चूडामणि खड्काले भने- 'गोरखालीको हितमा नभएको र गोरखाको विकासमा बाधा पुऱ्याउने प्रतिवेदन हाम्रो पार्टीले स्वागत गर्न सक्दैन।' क्षेत्र निर्धारणप्रति असन्तुष्ट रहेका गोरखाका राजनीतिक दलहरू संसद्बाट प्रतिवेदन सार्वजनिक हुनुअगावै संशोधनका लागि प्रस्ताव लैजाने तयारीमा छन्।

आयोगको प्रतिवेदनअनुसार गोरखालाई दुई निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। दुई नगरपालिका र नौ गाउँपालिका रहेको गोरखालाई दुई निर्वाचन क्षेत्रमा विभाजन गरिएको हो। यसअघि गोरखामा तीन क्षेत्र रहेका थिए।

क्षेत्र निर्धारण आयोगले गोरखाको क्षेत्र कसरी निर्धारण गर्दा ठीक होला भनेर सुझाव मागेको तर सुझावअनुसार सम्बोधन नभएको कांग्रेस सभापति घले बताउँछन्। भूगोल, जनसंख्या, जातीय, धार्मिक, सांस्कृतिक हिसाबले पनि नमिलेको उनको भनाइ छ। क्षेत्र निर्धारण आयोगले गोरखाको एमालेसँग सुझाव नै मागेन।

'आफ्नो पार्टीसँग रायसुझाव नै नलिई प्रतिवेदन आएको आयो', अध्यक्ष गुरुङले भने- 'तिब्बत सिमानामा रहेका छेकम्पारको नाका एउटा क्षेत्रमा, सामागाउँमा रहेको नाका अर्को क्षेत्रमा पर्ने गरी सुझाव तयार गरेका थियौं, हामीले तयार पारेको प्रतिवेदन नै बुझाउन पाएनौं।' कांग्रेस र माओवादीका नेताहरूले भने आयोगले सुझाव मागेर पनि थाङ्नामा सुताउने काम गरेको टिप्पणी गर्छन्। नयाँ शक्तिले पनि यो प्रतिवेदनलाई स्वागत योग्य मानेन। नयाँ शक्ति पार्टीका नेता ज्ञानेन्द्र कुमालले भने- 'केही पार्टीका केन्द्र तहका अबुझ नेताहरूले चलखेल गरे। अव्यावहारिक हिसाबमा क्षेत्र निर्धारण गर्न भित्रभित्रै सहयोग गरे।'

## एमालेले टुंग्यायो पर्सामा उम्मेदवारको नाउँ

वीरगन्ज, (नेस)

प्रमुख प्रतिपक्ष दल नेकपा एमाले पर्साले वीरगन्ज महानगरपालिकासहित जिल्लाका सबै १४ वटै स्थानीय तहका उम्मेदवारको नाम आइतबार घोषणा गरेको छ।

शनिबार पार्टीको स्थायी कमिटीको बैठकले वीरगन्ज महानगरपालिकाको मेयरमा बसुरुद्दिन अन्सारी र उपमेयरमा सोफिया आचार्यको निर्णय गरेलगत्तै जिल्लाका ३ नगर र १० गाउँपालिकाका उम्मेदवार पनि तय गरिएको जिल्ला अध्यक्ष प्रभु हजराले बताए। एमालेले पोखरिया नगरपालिकाको मेयरमा बृजेश चौहान र उपमेयरमा मीनादेवी, बहुदरमाई नगरपालिकाको मेयरमा प्रमोदप्रसाद कुशवाह र उपमेयरमा सरस्वती देवी साह, पर्सागढी नगरपालिकाको मेयरमा हृदयनारायण साह र उपमेयरमा सरस्वती भट्टराई उम्मेदवार तोकेको छ।

यसरी नै गाउँपालिकाको अध्यक्षहरूमा ठोरीमा लालबहादुर श्रेष्ठ, जिराभवानीमा रामप्रित महतो थारू, धोबनीमा इस्लाम मिया तेली, छिपहरमाइमा रञ्जित गुप्ताको नाम टुंगो लागेको छ।

जगरनाथपुरमा वसुदेव राम, पटेर्वा सुगौलीमा हरिनारायण चौधरी, सखुवा प्रसौनीमा निरराज गिरी, पकाहा मैनपुरमा मदन पासवान, कालिकामा कृष्णमोहन तिवारी र विन्ध्यवासिनीमा गौरीशंकर साह उम्मेदवार घोषणा गरिएको नेकपा एमाले पर्साका प्रचार प्रमुख डा. विश्वम्बर शर्माले जानकारी दिए। यसरी नै वीरगन्जको सबै वडामा पनि उम्मेदवारको नाउँ टुंगाइएको पनि शर्माले जानकारी दिएका छन्।

## सर्पको टोकाइबाट बालकको मृत्यु

अछाम, (नेस)

सर्पको टोकाइबाट अछाममा एक बालकको ज्यान गएको छ। मंगलसैन नगरपालिका वडा नम्बर ७ निवासी तिते जनालाका ९ वर्षीय छोरा नवीन जनालको सर्पको टोकाइबाट ज्यान गएको हो। आफ्नै घरमा सुतिरहेका बेला शुक्रबार राति १ बजे बालकको गालामा सर्पले टोकेको थियो। राति अस्पताल पुऱ्याउन नसकेको र गाउँघरमै झारफुक गर्ने क्रममा आइतबार बिहान करिब ७ बजे बालकको ज्यान गएको उनका आफन्त खड्के कामीले बताउनुभयो।

आमाबुबा दुवै कामको सिलसिलामा भारत रहेकाले आफ्नो हजुरआमासँग सुतिरहेका नवीनलाई सर्पले टोकेको केही समयपछि घाँटी दुखेको र पछि पेट दुख्नुका साथै वान्ता भएको आफन्तले जनाएका छन्। पाकेको मकै घरमा ल्याएर राखिएकाले उक्त मकैमा सर्प लुकेर बसेको हुन सक्ने आफन्तको अनुमान छ। सर्प उनकी हजुरआमाको शरीरमा गएपछि थाहा भएको र पछि सर्पलाई मारेर गाडिएको स्थानीय धनी जैसीले बताउनुभयो। मृतक नवीन जाल्पा माध्यमिक विद्यालयमा २ कक्षामा अध्ययनरत थिए।

## खोटो बिक्री गर्दै सामुदायिक वन

सल्यान, (नेस)

सल्यानमा आर्थिक वर्ष २०७३/०७४ मा सल्यानबाट ३३ लाखभन्दा बढी सल्लाको खोटो निर्यात भएको छ। जिल्ला वन कार्यालय सल्यानका अनुसार आव २०७३/०७४ मा ३३ लाख ७३ हजार ५२ किलो खोटो जिल्ला बाहिर निर्यात भएको छ।

जसबाट ३ करोड २८ लाख ५४ हजार ५ सय ३५ रुपियाँ जिल्ला भित्रिएको जिल्ला वन कार्यालय सल्यानका सहायक वन अधिकृत मेघनाथ काफ्लेले जानकारी दिनुभयो।

जिल्लाका ३ सय ४२ सामुदायिक वनबाट विभिन्न ९ वटा कम्पनीले सल्लाको खोटो निर्यात गर्दै आइरहेका छन्। जसमार्फत् सामुदायिक वनहरूले वर्षेनी खोटो बिक्रीबाट लाखौं आम्दानी गर्ने गरेका छन्। गत आर्थिक वर्ष २०७२/०७३ जिल्लाबाट ३० लाख ६७ हजार ५ सय ४३ किलो खोटो निर्यात भएको थियो। जसबाट २ करोड ८१ लाख ८ सय ९४ रुपियाँ आम्दानी भएको थियो। आव ०७२/२०७३ मा भन्दा आव २०७३/०७४ मा ३ लाख ५ हजार ५ सय ९ किलो बढी खोटो उत्पादन भएको छ।

सहायक वन अधिकृत काफ्लेले यसरी खोटो बिक्रीबाट भएको आम्दानी वन समूहको साधारणसभाको निर्णयअनुसार २५ प्रतिशत वन विकास कार्यमा खर्च गर्नुपर्ने बताउनुभयो। यस्तै ३५ प्रतिशत वन समूहभित्रमा नै गरिबी निवारण कार्यमा खर्च गर्नुपर्ने र बाँकी विकास निर्माणमा कार्यमा खर्च गर्नुपर्ने बताउनुभयो।

## संरचना मर्मतमा सेना

शिवहरिप्रसाद भट्टराई, राजविराज



हालैको बाढीले भत्काएका संरचनाको मर्मत र पुनर्निर्माण कार्यलाई नेपाली सेनाले तीव्र बनाएको छ।

बाढीले जिल्लाको विभिन्न स्थानमा तटबन्ध, पुल, कल्भर्ट, सडक, विद्यालयलगायतका ७५ वटा संरचनामा क्षति पुऱ्याएपछि सरकारबाट पुनर्निर्माणको जिम्मा पाएको नेपाली सेनाले मर्मत र पुनर्निर्माण कार्यलाई तीव्र बनाएको हो। बाढीले जिल्लाको ६ विद्यालय, ५ वटा तटबन्ध, ४ वटा पुल तथा २ दर्जन कल्भर्ट र सडक खण्डलगायतका संरचनामा क्षति पुऱ्याएको थियो। जसकारण स्थानीयको दैनिकी कष्टकर हुनुका साथै नजिकिँदै गरेको स्थानीय तहको तेस्रो चरणको निर्वाचनसमेत प्रभावित हुने अवस्था आएको थियो। तर सेनाले जिम्मा पाएलगत्तै मर्मत र पुनर्निर्माण कार्य तीव्र गतिमा अघि बढेपछि स्थानीयले खुसी व्यक्त गरेका छन्।

गत भाद्र १२ गतेदेखि भीमदल गण तथा ओखलढुंगा, खोटाङ, पाँचथर र उदयपुरबाट समेत झिकाइएको सेनाको इन्जिनियर तथा टास्क फोर्ससहितको करिब २ सय जनाको टोली अहिले बाढीले भत्काएको संरचनामा मर्मत र पुनर्निर्माण कार्यमा दिनरात खटिरहेको पुनर्निर्माण कार्यको संयोजनसमेत गरिरहेका सहायक रथी तथा बाहिनीपति भरत पाठकले बताए।

शनिबार पुनर्निर्माण कार्यको स्थलगत निरीक्षण र अनुगमनका क्रममा पुगेका सञ्चारकर्मीसित कुरा गर्दै उनले स्थानीय तहको तेस्रो चरणको निर्वाचन हुने असोज २ गतेभन्दा पहिले नै बाढीले भत्काएका सबै संरचनाको मर्मत र पुनर्निर्माण गरिसक्ने बताए।

'निर्वाचनअगावै सबै संरचनालाई दुरुस्त बनाइसक्ने गरी युद्धस्तरमा काम भइरहेको छ', उनले भने- 'गुणस्तरीय र समयमै सबै काम सम्पन्न गर्ने लक्ष्यका साथ आवश्यक दक्ष जनशक्तिको प्रयोग गरी दिनरात काम भइरहेको छ।'

जिम्मा पाएको छोटो समयमै सेनाले शनिबारसम्ममा राजविराज डुमरीस्थित राष्ट्रिय प्राथमिक विद्यालय, डुमरी-बिरौल, डुमरी-राजदेवी रोड, डुमरी-देउरी भरुवा रोड, पोर्ताहा-मयनाकडेरीलगायतका सडक खण्ड दुरुस्त बनाइसकेको छ। हाल भारदह-पोर्ताहा सडक, हनुमाननगर मयनाकडेरीलगायतका सडक खण्ड र सो मार्गमा पर्ने कल्भर्ट पुल पलेसाको मर्मत र पुनर्निर्माण कार्य भने जारी रहेको छ।

ती संरचना पनि भाद्र २९-३० गतेसम्ममा पूरा गरिसक्ने लक्ष्यका साथ काम भइरहेको सहायक रथी पाठकले बताए। उनले पूर्वी पृतनापति गौरवशमशेर राणाको निर्देशनमा बाढीले भत्काएका संरचनाको मर्मत र पुनर्निर्माणका लागि सप्तरी र सिरहामा ३ सयभन्दा बढी सेनाको प्राविधिकसहितको टोलीले काम गरिरहेको जानकारीसमेत दिए।

## सडक सञ्जालले जोडिँदै पश्चिम जाजरकोट

प्रकाश पन्त, वीरेन्द्रनगर

पश्चिम जाजरकोटका गाउँ बस्तीहरू सडक सञ्जालसँग जोडिन थालेका छन। क्षेत्र नं २ बाट निर्वाचित सांसद राजीवविक्रम शाहको विशेष पहलमा पश्चिम जाजरकोटका विकट गाउँ बस्तीहरू सडक सञ्जालले जोडिन थालेका हुन्।

सांसद शाहको पहलमा छेडा-थल हुँदै चाँदे, छेडा-कचाली, लिर्ता-कार्कीगाउँ-मछाइना, ढुंगिला-वडाकाँडा सार्नीमेला सडक निर्माणको काम तीव्र गतिमा अघि बढेको छ। स्यापी-आले हुँदै सीमा, चिउदुवा-इन्द्रज्योति मावि जोड्ने सडक, मटेला-गर्खाकोट, चल्लो पोले-पजारु सडक, बाटुले-टापुचौर सडक, सुवानाउली-मजकोट सडक पनि सांसद शाहकै पहल र सक्रियतामा निर्माण थालिएको हो।

यस्तै पराले छाना-मजकोट सडक, अब्गाना-पुल्ली मिड्का सडक, दुईपीपल-पोखरा मावि सडक निर्माणको काम पनि दुई वर्षको अवधिमा शाहकै पहलमा भएको नेपाली कांग्रेस जाजरकोटका सचिव खड्क बिसीले बताउनुभयो। छेडा थल चाँदे हुँदै जुम्लासम्म जोड्ने सडकको छोडा मोर्क सडक खण्ड कालेपत्रे गरिएको छ भने मोर्क बालुवा खण्ड ग्राभेल भएको छ।



२३ वर्षसम्म एक किलोमिटर पनि निर्माण नभएको छेडा कचाली सडकको काम अहिले तीव्र गतिमा अघि बढिरहेको छ। अहिले यो सडकको १५ किलोमिटर निर्माण भएको छ। सांसद शाहको पहल र सक्रियतामा माथिका सबै सडकको काम जिरोबाट शुरू भएको हो। 'राजीव शाह चुनाव लड्ने बेला पश्चिम जाजरकोटका कुनै पनि गाउँमा सडक थिएन तर अहिले अधिकांश गाउँका केन्द्रमा सडक पुगेको अवस्था छ' -सचिव बिसीले भन्नुभयो।

सबै सडक क्रमगत योजनामा समेटिएका छन्। आफ्नै पहलमा निर्माण शुरू भएका सडकहरूको सांसद शाहले अनुगमन गर्ने र त्रुटि भेटिए ठेकेदारलाई सच्याउन लगाउने काम पनि गर्दै आउनुभएको छ। गाउँमा सडकको पहुँच बढेसँगै आवतजावतमा सुविधा भएपछि त्यहाँका जनता हर्षित भएका छन्।

पश्चिम जाजरकोटमा पर्ने साविकका अधिकांश गाविसका केन्द्रसम्म सडक पुगेको छ। दुई वर्षको अवधिमा अधिकांश गाउँमा ग्रामीण सडकको ट्र्याक खोलिएको छ। दुई/तीन दिन पैदल हिँडेर सदरमुकाम खलंगा पुग्ने गरेका स्थानीय अहिले गाडी चडेर बिहान सदरमुकाम गएर साँझ घर फर्किने गरेको शिवालय गाउँपालिकाका वडाध्यक्ष दीपक खड्काले बताउनुभयो।

उहाँले धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको धनी पश्चिम जाजरकोटमा सडकको पहुँच विस्तारसँगै समृद्धिको ढोका पनि खुलेको उल्लेख गर्नुभयो। सडक सँगसँगै सांसद शाहको पहलमा लघु जलविद्युत् आयोजना, खानेपानी, सिँचाइलगायतका भौतिक पूर्वाधारको कामले पनि तीव्रता भएपछि जनताले पनि विकासले गति लिन थालेको अनुभूति गरेका छन्।

पत्रकार राजेन्द्रविक्रम शाहीले पश्चिम जाजरकोट सडक सञ्जालले जोडिन थालेपछि जनताले उत्पादन गरेका कृषिजन्य वस्तु सजिलै बजारसम्म पुग्ने भएकाले उनीहरूको आयस्तरमा पनि वृद्धि भएको बताउनुभयो। सडक निर्माणले तीव्रता लिन थालेपछि अब विकासले गति लिन्छ भन्नेमा जाजरकोटका जनता ढुक्क छन्।

तल्लो सुवानाउलीको पिको लघु जलविद्युत् आयोजना, गर्खाकोटको हिप्काखोला लघु जलविद्युत् आयोजना, दशेरा खानेपानी आयोजना, थालारैकरके माले पहरा खानेपानी आयोजनालगायतका दर्जनौं आयोजना पनि सांसद शाहकै पहल र सक्रियतामा निर्माण भएका छन्। सांसद शाहकै पहलमा पश्चिमका जनताका लागि शिवालय गाउँपालिकामा एम्बुलेन्स सेवा पनि सञ्चालन गरिएको छ।

२०७४, भदौ
सोमबार
१९

गाउँपालिका कार्यालयले राहत बुझ्यो। राहतको हिसाब भने यत्तिका दिनसम्म उपलब्ध नगराएको अभियानले जनाएको छ। राहत उपलब्ध गराएका व्यक्तिले तारन्तार फोन मात्रै होइन, गाउँपालिकामा जाँदासमेत विवरण उपलब्ध गराइएको छैन। न्यानो संसार अभियानकी मध्य तथा सुदूरपश्चिम संयोजक धर्मिन्द्रा शाहले अहिले त विवरण माग्दा गाउँपालिकाका प्रमुखले धम्क्याउने गरेको बताउनुभयो।




# सामुदायिक विद्यालयमा अनिवार्य अंग्रेजी

**दुर्गाप्रसाद शर्मा, पर्वत**

पर्वतको फलेवास नगरपालिकाले नगरभित्रका सबै सामुदायिक विद्यालयको आधारभूत तहमा अंग्रेजी माध्यममा पठनपाठन गराउने निर्णय गरेको छ। फलेबास नगरपालिकाको नगरसभाले आगामी शैक्षिकसत्रदेखि कक्षा ५ सम्म अनिवार्य रूपमा अंग्रेजी माध्यममा पठनपाठन गर्ने निर्णय गरेको हो।

सामुदायिक विद्यालयको शैक्षिक अवस्था सुधार गर्नका लागि आधारभूत तहबाटै सुधार गर्नुपर्ने देखिएकाले सबै विद्यालयमा अनिवार्य अंग्रेजी माध्यममा पठनपाठन गराउने निर्णय गरिएको नगरप्रमुख पदमपाणि शर्माले बताए। नगरभित्रका ६२ सामुदायिक विद्यालयमा २०७५ सालदेखि अंग्रेजी माध्यमबाट अनिवार्य रूपमा पठनपाठन सञ्चालन गर्नेछन्।

पछिल्लो समय नेपाली र अंग्रेजी माध्यममा पढ्ने विद्यार्थीबीच खाडल बढ्दै गएको तर शैक्षिक भिन्नता पाइएपछि यसलाई अनिवार्य गर्न लागिएको प्रमुख शर्माको भनाइ छ। 'सामुदायिक विद्यालयको खस्कँदो शैक्षिक अवस्थालाई सुधार गर्न यो विकल्पमा जानु उपयुक्त छ', उनले भने- 'सामुदायिक विद्यालयलाई अनुदान पनि दिने र शैक्षिक सुधारका लागि अनिवार्य रूपमा अंग्रेजी र मन्टेश्वरी माध्यममा लैजानुपर्छ।' आगामी वर्षदेखि अंग्रेजी माध्यमका लागि विषयगत शिक्षकको व्यवस्था गरी सामुदायिक विद्यालयकै सुविधा र शुल्कमा पूर्ण अंग्रेजी माध्यमबाट पठनपाठन गराउन शुरू गरिने शर्माले बताउनुभयो।

उहाँले अंग्रेजी माध्यमबाट मात्र पठनपाठन सञ्चालन गरेर शिक्षा क्षेत्रको प्रगति नहुने हुँदा विद्यार्थी शिक्षक र अभिभावकको त्रिकोणात्मक सम्बन्ध कायम गरी नगरभित्रका सम्पूर्ण विद्यालयमा सुधारका कार्ययोजना बनाउँदै नगरलाई नमुना बनाउने बताउनुभयो। लामो समय जिल्ला शिक्षा कार्यालयमा विद्यालय निरीक्षकका रूपमा कार्यरत कार्यकारी अधिकृत मोती सापकोटा अब नगरभित्रका सबै विद्यालयको रेखांकन गरी आवश्यक नभएका स्थानका विद्यालयलाई मर्ज गरेर शैक्षिक सुधार गर्ने नीति पनि नगरपालिकाले बनाएको बताउँछन्। 'सुधारको कामले सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण घट्दै जाने समस्या पनि अन्त्य गर्छ' -उनले भने।

# ९० क्विन्टल खाद्यान्नको विवरण खोई ?

**नेपाल समाचारपत्र**

बाँके

न्यानो संसार अभियानले भदौ २ गते जिल्ला दैवी प्रकोप उद्धार समिति, बाँकेमा ९० क्विन्टल खाद्यान्न बाढीपीडितका लागि उपलब्ध गरायो। समितिको खाद्यान्न क्लष्टर जिल्ला कृषि विकास कार्यालयका प्रमुखको संयोजकत्वमा रहेकाले त्यहीबाट प्रक्रिया मिलाएर खाद्यान्न उपलब्ध गराइयो। खाद्यान्न नरैनापुर गाउँपालिकामा भोलिपल्टै पठाइयो।

गाउँपालिका कार्यालयले राहत बुझ्यो। राहतको हिसाब भने यत्तिका दिनसम्म उपलब्ध नगराएको अभियानले जनाएको छ। राहत उपलब्ध गराएका व्यक्तिले तारन्तार फोन मात्रै होइन, गाउँपालिकामा जाँदासमेत विवरण उपलब्ध गराइएको छैन। न्यानो संसार अभियानकी मध्य तथा सुदूरपश्चिम संयोजक धर्मिन्द्रा शाहले अहिले त विवरण माग्दा गाउँपालिकाका प्रमुखले धम्क्याउने गरेको बताउनुभयो। 'राहत कहाँ र कसलाई वितरण गरियो, भरपाई दिनुस् भन्दा शुरूमा हुन्छ, हुन्छ भन्दै टारे, अहिले त धम्क्याउँछन्' -शाहले भन्नुभयो।

न्यानो संसार अभियानले ४० क्विन्टल चामल, ४० क्विन्टल चिउरा, १० क्विन्टल दालमोठ र ५ सय पत्ता पीयूष एकद्वार प्रणालीअन्तर्गत नै उपलब्ध गराएको थियो। गाउँपालिकाले केही ढिला भए पनि वडा नं. ६ गंगापुरमा चामल र चिउरा तथा वडा नं. ४ नरैनापुरमा दालमोठ वितरण गरेको जनाएको छ। कार्यकारी अधिकृत मित्रलाल भट्टराईले भरपाई नै दिन सकिँदैन। तर, कसलाई कहाँ वितरण गरियो भन्ने विवरण दिन सकिने बताउनुभयो। 'फोनमा टिपाइएको पनि थियो, उहाँले बुझ्नुभएन कि ?', भट्टराईले भन्नुभयो- 'वितरण गरिएको वडाबाट रेकर्ड आउन ढिला भएकाले उहाँलाई तत्काल वितरण दिन सकिएन।'

अभियानकी शाहले विवरणका लागि जिल्ला प्रशासन कार्यालयमार्फत् पटक-पटक ताकेता गर्नुभएको थियो। गाउँपालिका प्रमुख इस्तियाक अहमद साहले विवरण दिन सकेका थिएनन्। अभियानले राहत वितरण पारदर्शी नभएको निष्कर्ष निकालेको छ।

जिल्ला दैवी प्रकोप उद्धार समितिका खाद्यान्न क्लस्टकार संयोजक कृष्णबहादुर बस्नेतले यो बेलामा खाद्यान्न हिनामिना गर्ने त कुरै आउँदैन, कामको चापले गर्दा विवरण दिन ढिला भएको हुन सक्ने बताउनुभयो। उहाँका अनुसार, खाद्यान्न क्लस्टर हुँदै गाउँपालिकाको गएको राहतको जिल्लामा भरपाई आउँदैन। स्थानीय निकायमा रहेको राहत वितरण समितिमा रहने गर्दछ।

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत खगेन्द्र पौडेलले पनि विवरण उपलब्ध गराइदिन गाउँपालिकाका पदाधिकारी र अधिकारीलाई सम्पर्क गर्नुभएको थियो। 'हामीले विवरण उपलब्ध गराइदिनुस् भनेका हौं। हुन्छ भनेका थिए' -पौडेलले भन्नुभयो।

पहिलोपटक दिएको ९० क्विन्टल खाद्यान्नको विवरण नपाएको अभियानले दोस्रोपटक फेरि नरैनापुर गाउँपालिका-५ मटेहियामा ठूलो मात्राको खाद्यान्न वितरण गर्‍यो। गाउँपालिकाका प्रमुखलाई 'बाइपास' गरेर वडा अध्यक्षमार्फत् खाद्यान्न वितरण गरिदा प्रमुखको आक्रोश बढेर आयो। गाउँपालिकाका प्रमुख साहले जिल्ला प्रशासन कार्यालयमा आएर 'समन्वय मात्रै राहत वितरण गर्नुपर्ने' व्यवस्था मिलाइदिन निवेदन मात्रै दिएनन्, खाद्यान्न क्लस्टरका संयोजकलाई भेटेर गम्भीर आपत्ति जनाएका थिए।

पहिलो चरणको विवरण माग्ने शाहलाई 'मेरो गाउँपालिकामा कसरी राहत वितरण गर्छौ' भनेर धम्क्याएका थिए। 'बीच बाटोमै पाँच सय मानिस पठाएर अवरोध गर्छौं, वितरण गर्दा पनि अन्यत्र वडाका मान्छे पठाएर बबाल गराइदिन्छु' भनेका गाउँपालिकाका प्रमुख वितरण हुने दिनमा भने नेपालगन्जमा आएर समन्वयमा राहत वितरणको व्यवस्था मिलाइदिन हारगुहार गरिरहेका थिए।

## दुई मिनेट

### विप्लवको चुनाव बहिष्कार अभियान

डोटी, (नेस)

नेत्रविक्रम चन्द विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी डोटीले जिल्लामा चुनाव बहिष्कार अभियान सञ्चालन गरेको छ। आगामी मंसिर १० गते हुने निर्वाचनलाई बहिष्कार गर्दै उक्त निर्वाचन विफल पार्न डोटीमा तीनमहिने अभियान सञ्चालन गरिएको उक्त पार्टीका दिपायल सिलगढी नगर इन्चार्ज गणेश कार्कीले बताउनुभयो।

### उजुरी गर्नेको घुइँचो

मुगु, (नेस)

सदरमुकाम गमगढीबाट विकट सोरु गाउँपालिकाका वडामा सरकारी संयन्त्रलाई मिचेर उपभोक्ता समितिले पैसा गायब गरेको र सरकारी निकायसमेत मौकाको फाइदा उठाउँदै सेवाग्राहीको आँखा छलेर सदरमुकाम बस्दै आएको भन्ने गुनासो आएपछि सञ्चालन गरिएको सार्वजनिक सुनुवाइमा स्थानीय स्तरमा भएका कमीकमजोरीको गुनासो गर्नेको संख्या तँछाडमछाड भएको छ। सर्वसाधारणको जीवनस्तरसँग जोडिएको शिक्षा, स्वास्थ्य, पशु, कृषिलगायतका कार्यालय ग्रामीण भेगमा सञ्चालन भए पनि नाम मात्रका साइनबार्ड मात्र देखिएका छन्।

### शिक्षक संगठन म्याग्दीमा सुवेदी

म्याग्दी, (नेस)

नेपाल राष्ट्रिय शिक्षक संगठन म्याग्दीको शनिबार सदरमुकाम बेनीमा सम्पन्न १२औं जिल्ला अधिवेशनबाट अध्यक्षमा जयराम सुवेदी निर्वाचित भएका छन्। संगठनको उपाध्यक्षमा लेखबहादुर हमाल, महिला उपाध्यक्षमा देवी पुर्जा, सचिवमा रमेशसिंह ठकुरी, सहसचिवमा उमादेवी कँडेल, कोषाध्यक्षमा युवराज बरुवाल र सह-कोषाध्यक्षमा हेमकुमारी गर्बुजा निर्वाचित भएका छन्।

# काठेपुलले जोड्यो सदरमुकाम

**धनवीर दाहाल, रुकुम**



मुसिकोट नगरपालिकाका मनबहादुर खड्का वर्षात्को समयमा आफ्नो घरबाट सदरमुकाम जानुपर्दा कहिलै पनि एक्लै निस्किएनन्। उनलाई सदरमुकाम जानका लागि कुनै न कुनै साथी अनिवार्य चाहिन्थ्यो। साथी चाहिनु उनका लागि कुनै बाघभालुको डर या कुनै चोरी डकैतीको डर नभएर खोला तर्नका लागि साथी अनिवार्य चाहिन्थ्यो। उनी मात्र होइन वर्षात्को समयमा लहुँ खोला बढेर वारपार गर्न कठिन हुने भएकाले जोखिम मोलेर स्थानीयहरू खोलामा दुई तीनजना सँगै भएर पस्ने गर्दथे। लहुँका स्थानीयलाई यो बाध्यता नै थियो। उनी मात्र होइन स्थानीय वीरबहादुर केसी पनि निकै जोखिम मोलेर वारपार गर्दथे।

स्थानीयले झोलुंगे पुलको माग गरे पनि तत्काललाई काठेपुलको निर्माण भएको छ। सो क्षेत्रमा तीनवटा काठेपुल निर्माण भएका हुन्। काइयो खोला, बैरागी ठाँटी र लहुँ खोलामा पुल निर्माण गरिएको हो। पुल निर्माण भएपछि बर्खामा यात्रुको आवतजावतमा सहज भएको स्थानीयको भनाइ छ।

'जंघार तर्न अरू मान्छे कुर्नुपर्थ्यो', स्थानीय मनबहादुर खड्काले भने- 'अहिले त्यस्तो पर्दैन। पुल तरेर समयमै गन्तव्यमा पुगिन्छ।' काइयो खोला ५० हजार, लहुँ खोला ३० हजार र वैरागी ठाँटी खोलामा ३० हजारको लागतमा पुल निर्माण गरिएको वडा सचिव कृष्णबहादुर खत्रीले जानकारी दिए।

यहाँका बासिन्दाको आवतजावतमा सहजता ल्याउन काठेपुल निर्माण गरिएको उनको भनाइ छ। तत्कालका लागि काठेपुल निर्माण गरिए पनि दीर्घकालीन रूपमा पक्की पुल निर्माण गर्नुपर्ने स्थानीयको सुझाव छ। 'अन्य समयमा सहज भए पनि बर्खामा पुल नहुँदा निकै समस्या हुने गरेको थियो', स्थानीय वीरबहादुर केसीले भने- 'पुल निर्माण भएपछि सहज भएको छ।'

'बर्खामा ठूलो खोला आउँदा स्थानीयलाई खोला तर्न निकै कठिन थियो', वडा अध्यक्ष प्रेमबहादुर ओलीले भने- 'अहिले सहज भएको छ।' विद्यार्थी, बालबालिका र वृद्धवृद्धा बढी लाभान्वित भएका छन्।

# उम्मेदवार छनोटमा टाउको दुखाइ

**नेपाल समाचारपत्र**

राजविराज

स्थानीय तह निर्वाचनमा उमेदवारी दर्ताको मिति दुई दिन बाँकी रहँदासम्म सप्तरीमा अहिलेसम्म राजनीतिक दलहरूले आधिकारिक रूपमा उम्मेदवार घोषणा गर्न सकेका छैनन्।

९ नगरपालिका र ९ गाउँपालिका गरी कुल १८ स्थानीय तह रहेको सप्तरीमा आधिकारिक घोषणाविना नै कतिपय सम्भावित उम्मेदवार चुनावी प्रचारमा जुटेका छन्। दोस्रो संविधानसभा निर्वाचनमा सबैभन्दा बढी सिटमा विजय हासिल गरेको नेकपा माओवादी केन्द्रले सदरमुकामसमेत रहेको राजविराज नगरपालिकाका लागि पूर्वराज्यमन्त्री अनिश अन्सारीलाई उम्मेदवार बनाउने चर्चा छ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई गत साता विराटनगरमा भेट गरेपछि भोलिपल्ट जनकपुरमा आयोजित माओवादी केन्द्रको जनसभामै पार्टी प्रवेश गरी अहिले मेयरका लागि भोट माग्न थालेका छन्। माओवादी केन्द्रले अन्य स्थानीय तहमा पनि उम्मेदवारको टुंगो लगाउन सकेको छैन।

अर्को ठूलो दल नेपाली कांग्रेसलाई सबैभन्दा ठूलो टाउको दुखाइको विषय राजविराज नगरपालिकाको मेयर छनोटमा भएको छ। मेयरका लागि मो. नगर सभापति शम्भुलाल देव, महासमिति सदस्य इर्साद अन्सारी र ध्रुवप्रसाद देव प्रबल दाबेदार रहेका छन्। जिल्लामा उम्मेदवार टुंगो लाग्न नसकेपछि पार्टीका जिल्ला सभापति दिनेश यादवसहित तीनै जना दाबेदार यति बेला काठमाडौंमै छन्। सभापति यादवले सोमबारसम्ममा उमेदवारको नाम सार्वजनिक गरिने जानकारी दिएका छन्।

यस्तै, अर्को ठूलो दल नेकपा एमालेले समेत चार स्थानीय तहमा उम्मेदवारको टुंगो लगाउन बाँकी रहेको पार्टीका जिल्ला अध्यक्ष गोविन्दबहादुर न्यौपानेले जानकारी दिएका छन्। अन्य दलको तुलनामा एमालेले अहिलेसम्म बढी स्थानीय तहको उम्मेदवार टुंगो लगाएको छ।

संघीय समाजवादी फोरम नेपालले पनि वोदेवरसाइन नगरपालिका, वेल्ही चपेना र रूपनी गाउँपालिकामा उमेदवारको टुंगो लगाउन बाँकी नै रहेको छ। उक्त पार्टीका २ नं. प्रदेश मुख्य सचिव शम्भुकुमार झाले उम्मेदवार चयनको विषयमा घनीभूत छलफल चलिरहेको बताउँदै छिट्टै नाम सार्वजनिक गरिने जानकारी दिएका छन्।

राष्ट्रिय जनता पार्टी नेपालले हनुमाननगर कंकालिनी नगरपालिकामा शैलेश साह, सुरुंगा नगरपालिकामा शंकरलाल चौधरी, शम्भनाथ नगरपालिकामा चन्द्रकान्त चौधरी, कञ्चनरूप नगरपालिकामा माधव चौधरी, वोदे वरसाइन नगरपालिकामा अमरेन्द्र यादव र तिरहुत गाउँपालिकामा विजयकुमार यादवलाई मेयर तथा अध्यक्ष बनाउने निर्णय गरे पनि बाँकीमा छलफल जारी रहेको उक्त पार्टीका नेता गजेन्द्रकुमार मण्डलले जानकारी दिएका छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिकले राजविराज नगरपालिकामा शैलेन्द्रकुमार साह, वोदेवरसाइन नगरपालिकामा अशोककुमार साहलाई मेयर र विहुल गाउँपालिकामा नवीन झालाई अध्यक्षमा उठाउने निर्णय गरिएको पार्टीका जिल्ला अध्यक्ष उम्देश्वरप्रसाद साहले जानकारी दिएका छन्। उनका अनुसार राप्रपा प्रजातान्त्रिकले यी तीनवटा तहमा मात्र उम्मेदवारी दिने निर्णय गरेको छ।

**श्री साँगास्वाती देउपोखरी लौरे सामुदायिक वन उपभोक्ता समूह**
**सानोवाङथली - ३, ४, ५, ७, ८, ९ काभ्रेपलाञ्चोक**
**काठ लिलाम बिक्री सम्बन्धी सूचना (प्रथम पटक)**

यस समूहको सा.व. क्षेत्रबाट यस वर्ष नियमानुसार संकलन तथा घाटगद्दी भई उपभोक्ता भित्र खपत हुन नसकेको लट नं. १ को पाटेसल्ला थान ६५६ को १३१४.८४ क्यू.फि. र गोब्रेसल्ला थान २१ को ३०.४७ क्यू.फि. नियमानुसार समूह बाहिर लिलाम बिक्री गर्न मिति २०७४।०५।१९ गते २१ दिने यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र काठको कारोबार गर्ने इजाजत प्राप्त इच्छुक काष्ठ व्यवसायी वा फर्मले दरभाउ पत्र खरिद गरी यस समूहमा गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्नु यो सुचना प्रकाशित गरिएको छ। साथै अन्य विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने व्यहोरा समेत अनुरोध छ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म : २०१५ मंगसिर २५
स्वर्गारोहण: २०७४ भाद्र ०७

**स्व. मीना बज्राचार्य**

हाम्रा अभिन्न मित्र काठमाण्डौं जिल्ला, निवासी डा. निश्मा बज्राचार्य कि माता **श्री मीना बज्राचार्यको** आकस्मिक स्वर्गारोहण भएको आज १३ औं दिन को पुर्न्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं

१. डा. अरुणा कार्की
२. डा. गणेश दंगाल
३. डा. हेमा प्रधान
४. डा. राजेश लाल गुरुवाचार्य
५. डा. मनोज कृष्ण श्रेष्ठ
६. डा. रन्जना श्रेष्ठ
७. डा. कबिन भट्टचन
८. डा. शैलजा खड्का
९. डा. रेखा पौडेल
तथा **काठमाडौं मोडल अस्पताल परिवार**

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म: २८ चैत्र २००३
स्वर्गारोहण: ८ भाद्र २०७४

**स्व. दल बहादुर थापा**

पञ्चकन्या ग्रुपका आधिकारिक बिक्रेता आर्जन हार्डवेयर एण्ड सप्लायर्स, पेप्सीकोला, काठमाडौंका सञ्चालक श्री राजु थापाज्यूको पुजनीय पिता **दल बहादुर थापा**को असामयिक निधन भएको आज १२औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

पञ्चकन्या ग्रुप
परिवार

# वैदेशिक रोजगारले लथालिंग घरबार

## सम्बन्धबिच्छेद गर्नेको संख्या बढ्दो

**गणेश घिमिरे, इलाम**

वैदेशिक रोजगारीमा जानेको संख्या धेरै रहेको इलाममा दाम्पत्य जीवनको दायरा नाघेर परपुरुष तथा परस्त्रीसँग अवैध सम्बन्ध राखेकै कारण सम्बन्धबिच्छेद गर्ने श्रीमान्श्रीमतीको संख्या बढेर गएको छ। आपसमा टाढिँदा उत्पन्न हुने विश्वासको संकटले मलजल गर्दै छ भने कतिपय जोडीको शंकाकै भरमा दाम्पत्य जीवन टुंगिदै छ।

जिल्ला अदालत इलामका अनुसार सम्बन्धबिच्छेद गर्नेहरूको संख्या जिल्लामा बढ्दै गएको छ। महिलाको क्षेत्रमा काम गर्दै आएका संघसंस्था मात्र नभएर प्रहरी र अदालतसम्म पुगेको मुद्दालाई हेर्दा सम्बन्धबिच्छेदको प्रमुख कारण वैदेशिक रोजगार नै हुन पुगेको देखिन्छ। जसले गर्दा धेरै परिवारको घरबारै लथालिंग बनेको छ।

गत आर्थिक वर्ष ०७३/०७४ मा दुनियाँवादी/फौजदारीअन्तर्गत दर्ता भएका जम्मा ६ सय १ वटा मुद्दामध्ये सम्बन्धबिच्छेदको मात्र १ सय ८५ वटा मुद्दा अदालतमा परेको थियो। अंशवण्डा र झैंझगडाको मुद्दा पहिले बढी हुने ठाउँमा अहिले सम्बन्धबिच्छेदको मुद्दा बढेर गएको अदालतका श्रेस्तेदार जगदीश्वर भट्टराईले बताए। उनका अनुसार कुनै कुनै बेला एकैदिन सम्बन्धबिच्छेदका चारवटासम्म मुद्दा आउने गरेका छन्।

सो आर्थिक वर्षमा परेका सम्बन्धबिच्छेदका मुद्दामध्ये १ सय ३२ वटाको फैसला भई श्रीमान्श्रीमती अलग भइसकेका छन्। 'पहिले पहिले विवाह भइसकेपछि अलग्गिनुलाई आश्चर्य मानिने समाजमा आजकाल दिनहुँजसो सम्बन्धबिच्छेदका मुद्दा पर्नुको प्रमुख कारण वैदेशिक रोजगार नै बन्दै गएको छ', श्रेस्तेदार भट्टराई भन्छन्- 'श्रीमान् होस् या श्रीमती होस् एक जना विदेश गएको खण्डमा उनीहरूबीच विश्वासको संकट उत्पन्न हुने र शंकाकै भरमा पनि सम्बन्ध टुक्रँदै गएको छ। सम्बन्धबिच्छेद गर्नेमा अधिकांश अन्तरजातीय विवाह गरेका र ३० वर्षमुनिका जोडी अदालतमा आउने गरेको अदालतले जनाएको छ।

जातपातभन्दा माथि उठेर हतारमा विवाह गर्ने तर पछि असमझदारीले खटपट भएर सम्बन्ध तोड्नेहरू धेरै रहेको भट्टराईले बताए। सम्बन्धबिच्छेदका मुद्दा बढेको देखेर अदालतका कर्मचारी मात्र हैन कानुन व्यवसायीहरूसमेत अचम्मित भएका छन्। अंश पाउने गरी होस् या नपाउने गरी कतिपय श्रीमान्श्रीमती अलग्गिँदा बालबच्चाको बिजोगसमेत हुने गरेको छ। मुद्दा हाल्दा र फैसला हुँदा छुट्टिन आँटेका बाबुआमाका हात समातेर बालबच्चा रोइरहने गरेको अदालतका कर्मचारी बताउँछन्। कतिपय बालबच्चा आमाबाबु छुट्टिएर कसैले नहेर्दा सडकछापसमेत भएका छन्।

**हार्दिक समवेदना**



जन्म मिति
वि.सं. १९९२।११।२५ गते

स्वर्गारोहण मिति
वि.सं. २०७४।५।८ गते

**स्व. देव बहादुर राजकर्णिकार**

यस ललितपुर उद्योग वाणिज्य संघका पूर्व कार्यकारिणी सदस्य श्री मणि राजकर्णिकारज्यूको पूज्यनिय बुबा श्री **देव बहादुर राजकर्णिकार** ज्यूको मिति २०७४।५।८ गते विहीबारका दिन स्वर्गारोहण भएको आज १२औं दिनको पुण्य तिथिमा स्वर्गिय आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्ने शक्ति श्री परमेश्वरले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

सविन श्रेष्ठ
अध्यक्ष
तथा
ललितपुर उद्योग वाणिज्य संघ, परिवार

# विश्व



### सेल्फी

पाकिस्तानको लाहौरस्थित बादशाही मस्जिदमा नमाजपछि सेल्फी लिँदै। बकरिदका अवसरमा विश्वभरिका मुसलमानले इब्राहिमलाई स्मरण गर्दै उक्त पर्व धुमधाम मनाएका छन्।



### उत्सव

पश्चिम लन्डनमा आयोजित वार्षिक महोत्सवको अन्तिम दिन नोटिंग हिल नजिकै सडकमा नृत्यसहित उत्सव मनाइरहेका सहभागीहरू।



## विश्व २ मिनेट

**अमेरिका**

### डिक्कीमा मानिस

वासिंगटन, (एजेन्सी)

एउटा कारको डिक्कीमा बसेर बिहीबार राति अवैध ढंगले अमेरिका प्रवेश गर्न खोज्ने दुईजना मेक्सिकन नागरिकलाई अमेरिकी सीमा गस्ती के ९ ले पक्राउ गरेको छ। अमेरिकी भन्सार तथा सीमा सुरक्षा निकाय( सीबीपी )ले तिनीहरूलाई एरिजोना छिर्न मद्दत गर्ने दुईजना अमेरिकी नागरिकलाई पनि हिरासतमा लिएको छ। एरिजोनाको व्हेटुस्टोननजिकको आप्रवासी सुरक्षा चौकीमा कार्यरत एजेनटहरूले आफूलाई सीबीपीको तालिम प्राप्त कुकुरले कारमा लुकेका व्यक्तिबारे सुराक दिएको बताएका छन्। अवसर र रोजगारको खोजीमा वर्षेनी हजारौं मेक्सिकन अमेरिका छिर्ने गरेका छन्।

**कोलोम्बिया**

### बन्धक मारिए

बोगोटा, (एजेन्सी)

कोलम्बियाको इएलएन लडाकू समूहले आफूले आफ्नो नियन्त्रणमा रहेका एकजना रुसी बन्धकलाई भाग्न खोजेकाले हत्या गरेको आइतबार जनाएको छ। अमेरिकी मुलका रुसी नागरिक आर्सेन भोस्का न्यानलाई अप्रिलमा गोली हानी मारिएको लडाकूहरूले जनाएका छन्। विदेशमा तस्करी गर्ने उद्देश्यले विषालु भ्यागुताहरू संकलन गरिरहेको अभियोगमा उनलाई गत नोभेम्बरमा अपहरण गरिएको थियो। ती लडाकूहरूले सरकारसंग शान्ति वार्ता गरिरहेका छन्। तर तिनीहरूले अपहरण कार्य छाड्ने संभावना भने न्युन रहेको बताइएको छ। अपहरित व्यक्तिबाट उठाइएको फिरौती रकमले नै इएलएन अर्थात् नेसनल लिबरेसन आर्मी सञ्चालित छ।

**भारत**

### रक्षामन्त्रीमा महिला

नयाँदिल्ली, (एजेन्सी)

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रोपटक मन्त्रीमण्डल विस्तार गरेको छ। नयाँ विस्तारमा निर्मला सीतारमणलाई रक्षामन्त्रीको पदभार दिइएको छ। मनोहर परिकर गोवाका मुख्यमन्त्री बनेपछि वित्त मन्त्री अरूण जेटलीले रक्षा मन्त्रालयको जिम्मेवारी पनि सम्हालेका थिए। निर्मला सीतारमण इन्दिरा गान्धीपछि देशको दोस्रो महिला रक्षा मन्त्री बनेकी छिन्। निर्मलाले यसअघिसम्म वाणिज्य राज्यमन्त्रीको पदभार सम्हालेकी थिइन्। इन्दिरा गान्धीले प्रधानमन्त्री रहँदै सन् १९७५ मा केही समयका लागि र सन् १९८० मा दुई वर्षका लागि रक्षा विभाग आफूसँगै राखेकी थिइन्।

**रूस**

### खतरनाक गेम

मस्को, (एजेन्सी)

रुसी प्रहरीले किशोर किशोरीबीच निक्कै लोकप्रिय रहेको तर जोखिम मानिएको अनलाइन गेम ब्लु ह्वेलका सञ्चालक आसंका गरिएकी एक १७ वर्षीय केटीलाई पक्राउ गरेको छ। प्रहरीले ती किशोरी उक्त गेमका मास्टर माइन्ड भएको बताए। यो गेम खेल्नेहरूलाई उनले धम्की दिएर त्रास उत्पन्न गराउने र उनीहरूलाई आत्महत्या गर्नसमेत बाध्य पार्ने गरेको आरोप छ। भारतमा मात्रै यो गेम खेल्ने ९ जनाले आत्महत्या गरिसकेको जनाइएको छ। रुसी प्रहरीले एक छापामा आरोपी किशोरीलाई पक्राउ गरेको भिडियो जारी गरेको छ। मनोविज्ञानका छात्रा ती किशोरीले आफ्नो अपराध स्वीकार गरेकी छिन्।

# उत्तर कोरियाको हालसम्मकै सबैभन्दा शक्तिशाली हाइड्रोजन परीक्षण

## रसिया र चीन पनि चिन्तित

प्योङयाङ, (एजेन्सी)






उत्तर कोरियाले आइतबार लामो दुरीको क्षेप्यास्त्रमा प्रयोग गर्न सकिने आणविक हतियारको सफलतापूर्वक प्रक्षेपण गरेको दाबी गरेको छ। विश्वबाट अलगिगएको कम्युनिस्ट मुलुक उत्तर कोरियाले आफ्नो छैंठो आणविक हतियार प्रयोगको कारण बेस्सरी जमिन हल्लिएको घन्टौंपछि मात्र सो सफलताको खबर सार्वजनिक गरेको हो।

प्योङयाङले आणविक बमभन्दा थुप्रै गुणा शक्तिशाली हाइड्रोजन बमको परीक्षण गरेको दाबी गरेको छ। तर अन्तर्राष्ट्रिय हतियार विश्लेषकहरूले प्योङयाङको दाबीलाई होसियारपूर्वक हेरिनुपर्ने तथा त्यसको आणविक क्षमता दिन प्रतिदिन बढिरहेको स्पष्ट भएको बताएका छन्। उत्तर कोरियाले यसअघि पछिल्लोपटक सन् २०१६ को सेप्टेम्बरमा आणविक परीक्षण गरेको थियो।

यसले अन्तर्राष्ट्रिय जगतको दबाब र संयुक्त राष्ट्र संघको नाकाबन्दीको वेवास्ता गर्दै धमाधम आणविक र क्षेप्यास्त्र प्रक्षेपण परीक्षण गर्दै आएको छ। यसको उद्देश्य अमेरिकाको जुनसुकै भू-भागसम्म क्षेप्यास्त्र प्रहार गर्न सक्षम हुनुरहेको छ। दक्षिण कोरियाले यस पछिल्लो हाइड्रोजन बम परीक्षण उत्तरको पुन्ग्गेरी आणविक परीक्षण स्थल रहेको किल्जु काउन्टीमा भएको जनाएको छ।

उत्तर कोरियाको मौसम निकायले यस परीक्षणबाट आएको कृत्रिम भूकम्प पाँचौ आणविक परीक्षणको भन्दा ९ दशमलव ८ गुणा बढी रहेको दाबी गरेको छ। प्योङयाङले लामो दूरीको क्षेप्यास्त्रमा जडान गर्न सकिने सानो खालको हाइड्रोजन बम बनाउन आफू सफल भएको घोषणा गरेको केही घन्टापछि नै यो परीक्षण कार्यान्वयन भएको बताइएको छ।

उत्तर कोरियाली सरकारी सञ्चार माध्यम केसीएनएले नयाँ प्रकारको सो हाइड्रोजन बमसंगै उत्तर कोरियाली सर्वोच्च नेता किम जोग उनको तस्वीर प्रशारण गरेको थियो। केसीएनएले यस बमलाई ब्यालेस्टिक क्षेप्यास्त्रमा राख्न सकिने जनाएको छ। उत्तरबाट भइरहेको शृंखलाबद्ध क्षेप्यास्त्र परीक्षणको कारणबाट अन्तार्रष्ट्रिय जगतमा ठूलो तनाव सिर्जना भएको छ।

केसीएनएले किमजोङ आफैं आणविक हतियार प्रतिष्ठानमा उपस्थित भएर वैज्ञानिकहरूसंग भेटघाट गर्दै आणविक सशस्त्रीकरण कार्यका लागि विशेष निर्देशन दिएको जनाएको छ। विगतमा उत्तरले सानोखाले आणविक र हाइड्रोजन बनाउने काममा सफलता हासिल हुन लागेको भनी दाबी गरिरहँदा विश्वका हतिया विशेषज्ञहरूले पत्याएका थिएनन्। अझै पनि उत्तरले हाइड्रोजन बम विकास गरेको तथ्यमाथि शंकाले हेर्ने गरिरएको छ। तर हिजोको परीक्षण उत्तर कोरियाको विवादास्पद आणविक कार्यक्रमको हालसम्मकै सबैभन्दा ठूलो सफलताका रूपमा हेरिएको छ।

अमेरिकाले हालै मात्र जापान र दक्षिण कोरियासंग संयुक्त सैनिक अभ्यास गरेको थियो। वार्षिक रूपमा हुने यस्तो संयुक्त सैनिक अभ्यासलाई उत्तर कोरियाले आफूविरुद्धको युद्धको तयारीका रूपमा लिने गरेको छ। यसैबीच आणविक हतियार विशेषज्ञ क्याथरिन डिलले अहिलेसम्म उत्तरले कस्तो प्रकारको आणविक हतियार परीक्षण प्रक्षेपण गरेको हो भन्ने स्पष्ट भइ नसकेको बीबीसीलाई बताएकी छिन्।

तर उनले पहिलेका परीक्षणहरूको तुलनामा यसपालिको परीक्षणबाट महशुस भएको भूकम्प धेरै गुणा शक्तिशाली भएको स्विकारेकी छिन्। दक्षिण कोरियाली राष्ट्रपति मुन जाय इनले उत्तर कोरियाको यस छैठौं आणविक परीक्षणको जवाफ राम्ररी दिइनुपर्ने तथा संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले नयाँ एवं कडा नाकाबन्दी लागू गरी उत्तरलाई अन्तर्राष्ट्रिय जगत्बाट पूर्णतया अलग्याइनुपर्ने विचार व्यक्त गरेका छन्।

उत्तर कोरियाको एक मात्र गठबन्धन राष्ट्र चीनले समेत यस परीक्षणको कडा शब्दमा भत्सर्ना गरेको छ। चिनियाँ विदेश मन्त्रालयबाट जारी भएको एक विज्ञप्तिमा यसरी अन्तर्राष्ट्रिय समुदायको वेवास्ता गर्दै भएको आणविक परीक्षणप्रति चीन सरकारले कडा आपत्ति जनाएको उल्लेख गरिएको छ।

यसै गरी जापानको मन्त्री परिषद्का प्रमुख सचिव योसिहाइद सुगाले उत्तर कोरियामाथि तेल उत्पादन व्यापार प्रतिबन्धलगायत अन्य नाकाबन्दी लगाइनुपर्ने विचार व्यक्त गरेका छन्। रसियाले पनि यस परीक्षणले अन्तर्राष्ट्रिय कानुनको उल्लंघन भएको र सम्बन्धित सम्पूर्ण पक्षले वार्ताका लागि पहल गर्नुपर्ने तथा कोरियाली प्रायद्विपको समस्या समाधान गर्ने यही मात्र एक उपाय रहेको जनाएको छ।

साथै अन्तर्राष्ट्रिय आणविक उर्जा निकायका प्रमुख युकिया आमानोले यो परीक्षणलाई अत्यन्तै दुखदायी घटनाको संज्ञा दिएका छन्। उत्तरको यस कार्यबाट वासिंगटनस्थित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकार र विश्वभरिको दबाब वा रोकको बाबजुद उत्तरले आफ्नो कार्यक्रम नरोक्ने स्पष्ट राजनीतिक संकेत दिएको छ। यसैबीच हिजो जापानी प्रधानमन्त्री सिन्जो आबे र अमेरिकी राष्ट्रपति ट्रम्पबीच फोन वार्तामार्फत उत्तर कोरिया विरुद्ध एकजुट भइ अघि बढ्ने सहमति भएको छ।

# जालमा विशाल टुना

कार्डिफ, (एजेन्सी)




वेल्सको पामब्रोकेसरमा जालमा फसेको विशाल माछालाई देखेर माछा मार्न गएका ४९ वर्षीय एन्ड्रयु अलसोप आफैं चकित परेका छन्।

माछा समात्न नेल्यान्ड पुगेका अलसोपले उक्त माछाका लागि करिब सवा दुई घण्टा मेहनत गर्नुपर्‍यो। यो माछा करिब साढे सात फुट लामो र २ सय २६ किलोको थियो। यद्यपि यो लोपान्मुख टुना फिस भएकाले समुद्रमै छाडिदिए।

यस विषयमा उनले आफ्नो फेसबुकमा पोस्टमा लेखेका छन्- मैले सवा दुई घण्टा संघर्ष गरेर जीवनमै सबैभन्दा ठूलो माछा पक्रैं। यो ब्लुफिन टुना वेल्सको समुद्रमा पक्रेको अहिलेसम्मकै सबैभन्दा ठूलो माछा हो।

आफूहरू पाँचजनाको टोली सार्क समाउन गएको र ब्लुफिन टुना पक्रने कुनै मनसाय नभएको उनले लेखेको छ। करिब दुई घण्टा जाल बिछ्याएपछि एउटा माछा फसेको र देखेपछि त्यो विशाल टुना फिस भएको थाहा पाएको उनले बताए।

ब्लुफिन टुना संरक्षित प्रजातिको सूचीमा पर्छ र बेलायत सरकारले यसलाई पक्रन रोक लगाइराखेको छ। बेलायती समुद्र प्रबर्द्धन संस्थाका अनुसार यदि त्यसलाई गल्तीले समातेको भएपछि जीवित छोड्नुपर्छ।

## ब्रिक्स सम्मेलन

# व्यापार उदारीकरण र खुला विश्व अर्थतन्त्रलाई प्रवर्द्धन गर्नुपर्छ : *सी जिन पिङ*

सियामेन, (एजेन्सी)

विश्वका पाँच उदयमान अर्थतन्त्रको समूह ब्रिक्सको शिखर बैठक चीनको सियामेन शहरमा शुरू भएको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङले आइतबार ब्यापार बैठकबाट शुरू भएको तीन दिवसीय शिखर बैठकका क्रममा ब्रिक्स समूहले ब्यापार उदारीकरण र खुला विश्व अर्थतन्त्रलाई प्रवर्द्धन गर्नुपर्ने बताए।

ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकाका राष्ट्राध्यक्ष तथा सरकार प्रमुख चीनको दक्षिणपूर्वी शहर सियामेनमा शिखर सम्मेलनका लागि मंगलबार भेला हुनेछन्। ब्रिक्सको यो नवौं सम्मेलनलाई विशेष महत्व दिइएको छ। यो सम्मेलनलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'अमेरिका फर्स्ट' नीतिको सामना गर्दै विश्वव्यापीकरणलाई हाँक्न आयोजकका रूपमा चीनका लागि नयाँ अवसरका रूपमा हेरिएको छ।

ब्रिक्स नेताहरूसँग पर्यवेक्षकका रूपमा थाइल्यान्ड, मेक्सिको, इजिप्ट, गायना र ताजकिस्तान सम्मेलनमा सहभागी हुनेछन् भने अधिकारीहरूले उक्त समूहमा नयाँ सदस्य विस्तारको सम्भावनालाई लिएर ब्रिक्स प्लसको योजनामा छलफल गर्नेछ। यसअघि चीनले अगाडि सारेको ब्रिक्स प्लसको योजनामा भारतले विमति राखेको थियो। भारतको विरोधपछि चीन उक्त नीतिबाट केही पछाडि हटेको देखिएको थियो। यद्यपि नयाँ सदस्य बनाउने विषयलाई सम्मेलनले प्राथमिकतामा राखेको छ।

चीन पुग्ने तयारीमा रहेका मेक्सिकोका राष्ट्रपति एनरिक पेना नियतो अमेरिकी राष्टपति ट्रम्पबाट अमेरिकी रोजगारका हत्यारा भएको बताउँदै २३ वर्ष पुरानो नर्थ अमेरिकन फ्रि ट्रेड एग्रिमेन्ट (नाफ्टा) विघटन गर्ने पुनः चेतावनी आएपछि चीनसँग ब्यापार तथा लगानीको विषयमा छलफल गर्ने भएको छ।

सम्मेलनमा सहभागी हुन रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, दक्षिण अफ्रिकाका राष्ट्रपति ज्याकोब जुमा चीन पुगिसकेका छन्।

ब्रिक्स पाँच विकासशील देशको समूह हो। यो समूहले सन् २००९ देखि ब्रिक्स सम्मेलन गर्दै आइरहेको छ। विश्वको २६ प्रतिशत भूभाग ब्रिक्स देशले ओगटेको छ। यो समूहमा विश्वको ४२ प्रतिशत आवादी पर्छ। विश्वको २३ प्रतिशत गार्हस्थ उत्पादन यो देशको हिस्सामा पर्छ।

### राम्रो भविष्यका लागि मजबुत साझेदारी सम्मेलनको नारा

यो सम्मेलन आइतबारदेखि मंगलबारसम्म चल्नेछ। यस क्रममा भारतीय प्रधानमन्त्री मोदी र चीनका राष्ट्रपति सीबीच हुने भेटवार्तालाई भारतले विशेष चासो दिइरहेको छ। यद्यपि ती दुई नेताबीच द्विपक्षीय वार्ता हुन्छ वा हुँदैन भन्ने विषयमा यकिन भइसकेको छैन।

चीन र भारतबीच पछिल्लो डोकलाम सीमा विवादमा दुबै पक्ष सामान्य स्थितिमा फर्केपछिको यो पहिलो भेटवार्ता हुने भएकाले सम्मेलन मै पनि विवादको असर देखिन सक्ने अनुमान गरिएको छ।

यद्यपि सम्मेलनको प्रमुख नाराका रूपमा राम्रो भविष्यका लागि मजबुत साझेदारी रहेको छ र यस क्रममा आर्थिक, राजनीतिक र सुरक्षाका मामिलामा सहयोगको चर्चा हुनेछ। सम्मेलनले मजबुत आर्थिक नीति अवलम्बन गर्ने मुद्दालाई विशेष जोड दिने र त्यसैमा छलफल केन्द्रित गर्नेछ।

ब्रिक्सका प्रमुख दुई छिमेकी भारत र चीन बीचको व्यापारिक असन्तुलन बढ्ने क्रम जारी छ। भारतको चीनसँगको ब्यापार घाटा करिब ५० अर्ब डलर पुगिसकेको छ। गत वर्ष भारतले चीनबाट ५८ अर्ब ३३ करोडको आयात गरेको थियो भने निर्यात ११ अर्ब ७६ करोडमा सीमित रहेको थियो।

{ गुलरिया नगरपालिकाबाट गएको राहत वितरण टोलीले प्रतिपरिवार ३० किलोग्राम चाल, ५ किलोग्राम दाल र १ किलोग्राम नुन बुझेको भरपाइमा सही गराएको र सामग्री वितरण गर्दा प्रतिपरिवार १० किलो चामल, १ किलो दाल र आधा किलो नुन दिने गरेकाले बाढीपीडितले विरोध गर्दै राहत सामग्री लिन इन्कार गरेका छन्।

# ‘तेस्रो चरण निर्वाचनमा विप्लव समूहबाट थ्रेट’

**नेपाल समाचारपत्र**

जनकपुर

गृहमन्त्री जनार्दन शर्माले निष्पक्ष निर्वाचन सम्पन्न गराउन आवश्यक सुरक्षा व्यवस्था मिलाइको बताएका छन्।

दुई नम्बर प्रदेशको धनुषामा आइतबार आयोजित सुरक्षा गोष्ठीमा सहभागीलाई निर्देशन दिँदै गृहमन्त्री शर्माले भने- ‘निर्वाचनमा धाँधली हुँदैन, निष्पक्ष ढंगले सम्पन्न हुन्छ। हामी सुरक्षित निर्वाचन गराउन चाहन्छौं। निष्पक्ष निर्वाचन गराउन सुरक्षा योजनाको अभाव हुँदैन।’ सरकारले जनता र इतिहासप्रति जवाफदेही भएर निर्वाचन सम्पन्न गराउने मन्त्री शर्माले बताए।

सशस्त्र समूहहरू मनोवैज्ञानिक नाम मात्र रहेको भन्दै उनले त्यसको पछि लाग्नुभन्दा ठोस चुनौतीको सामना गर्नुपर्नेमा जोड दिए। उनले चुनौतीको सामना गर्न आवश्यक तयारी भइसकेको पनि बताए।

‘दुई नम्बर प्रदेशमा भएका विभिन्न समूहको हर्कत, मतदानको समयमा हुने सम्भावित घटना चुनौती हुन्। तर, आपराधिक समूहहरू मनोवैज्ञानिक नामहरू हुन्’, मन्त्री शर्माले भने- ‘त्यसको पछि लाग्नुको साटो ठोस चुनौतीको सामना गर्न लाग्नुपर्छ। चुनौती सामना गर्न आवश्यक तयारी भइसकेको छ।’

सुरक्षाको मुख्य आधार जनता हुन भन्दै उनले सुरक्षा फौज त्यसको नेतृत्वकर्ता मात्र भएको बताए। मन्त्री शर्माले दुई नम्बर प्रदेशको सुरक्षा हेडक्वाटर जनकपुरमा रहने जानकारी दिए। उनका अनुसार प्रदेश प्रहरीको हेडक्वाटर पनि जनकपुरमै हुनेछ। सशस्त्र प्रहरीको पनि यही प्रदेशमा दुई जना डीआईजी भएकाले समस्या भएको भन्दै उनले प्रदेशभर कोअर्डिनेसन गर्ने गरी एउटै एआईजी पठाउने तयारी भइरहेको जानकारी दिए।

उनले दुई नम्बर प्रदेशका जनता चुनावी उत्साहमा रहेको र बाढीको संकटको बीचमा पनि मतदान गर्न आतुर रहेको बताए। बाढी प्रभावितको घाउमा निर्वाचनमा आएका सुरक्षाकर्मी र कर्मचारी मिलेर मल्हमपट्टी लगाउन प्रमुख जिल्ला अधिकारीहरूलाई मन्त्री शर्माले निर्देशनसमेत दिए।

सुरक्षा गोष्ठीमा दुई नम्बर प्रदेशअन्तर्गतका ८ जिल्लाका सीडीओहरूले सुरक्षा चुनौतीबारे रिपोर्टिङ गरेका थिए। सप्तरीका भागिरथ पाण्डे, सिराहाका श्रीकृष्ण श्रेष्ठ, धनुषाका दिलीपकुमार चापागाईं, महोत्तरीका बाबुराम श्रेष्ठ, सर्लाहीका प्रदीपराज कँडेल, रौतहटका उद्धवबहादुर थापा, बाराका विजयनारायण मानन्धर र पर्साका निमित्त प्रजिअ दुर्गादत्त पौडेलले बैठकमा आ-आफ्नो जिल्लाको अवस्थाबारे मन्त्री शर्मालाई जानकारी गराएका थिए। सीके राउत, सशस्त्र समूह, विप्लव समूहलगायतको सुरक्षा चुनौती रहेको बताए।

## ‘माओवादी केन्द्र २ नम्बर प्रदेशको पहिलो पार्टी बन्ने’



बारा, (नेस)

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले तेस्रो चरणअन्तर्गत २ नम्बर प्रदेशमा हुने स्थानीय तहको निर्वाचनमा आफ्नो पार्टी पहिलो बन्ने दाबी गरेका छन्।

बाराको जितपुर सिमरा उप-महानगरपालिका-१६ टाँगिया बस्तीस्थित सुकुम्बासी बस्तीमा आयोजना गरिएको चुनावी सभामा बोल्दै अध्यक्ष प्रचण्डले अन्य प्रदेशमा पार्टी तेस्रो स्थानमा खुम्चिएको भए पनि दुई नम्बर प्रदेशको स्थानीय तह निर्वाचनमा पहिलो बन्ने दाबी गरेका हुन्। विमानस्थल निर्माण क्षेत्रमा पर्ने टाँगिया बस्तीको पुन:स्थापनाबारे अन्योल रहेको बेला अध्यक्ष प्रचण्डले स्थानीयको मागअनुसार बस्ती व्यवस्थापन हुने र आयोजनाको काम अघि बढ्ने आश्वासन पनि दिए।

‘स्थानीयको माग र समस्याबारे जानकारी छ’, अध्यक्ष प्रचण्डले भने- ‘पार्टीका उम्मेदवारलाई जिताउनुहोस् हामी जनताको पक्षमा काम गर्छौं।’ कार्यक्रममा बोल्दै अध्यक्ष प्रचण्डले टाँगिया बस्तीमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र बस्ती स्थानान्तरण गर्न आफू प्रधानमन्त्री हुँदा नै प्रक्रिया शुरू गरिसकेको बताउँदै बहुमतको सरकार नहुँदा आफूले चाहेजस्तो काम गर्न नसकेको पनि बताए।

## भेन्टिलेटर अभावमा निसासिँदै नवजात शिशु



**दयाराम पण्डित, बाजुरा**

जिल्ला अस्पताल, बाजुरामा एक थान भ्यान्टिलेटरसम्मको सुविधा नहुँदा यतिखेर नवजात शिशु जिल्ला अस्पताल बेडमै निसासिनुपरेको छ। बडिमालिका नगरपालिका ७ जिल्लीकी २४ वर्षीया मीना पण्डितले आइतबार बिहान एक नवजात शिशुको जन्म दिइन्। शिशु गर्भमै उल्टो भएकाले आमालाई बच्चा जन्माउनै निकै सास्ती खेप्नुपरेको उपचारमा संलग्न चिकित्सकले बताए।

टाउको अड्किँदा बच्चा निसासिएको हुनसक्ने जिल्ला स्वास्थ्य कार्यालय बाजुराका प्रमुख डाक्टर रूपचन्द्र विकले बताएका छन्। डा. दुर्गा महर्जनको सहयोगमा उल्टो बच्चालाई झुण्ड्याउने विधिबाट शिशुको जन्म भएको हो। ‘बच्चा जन्मेपछि श्वास खुलेन। कृत्रिम स्वास दिँदा पनि श्वास आएन। तत्काल एम्बुब्यागको प्रयोग गरी अक्सिजन दिइरहेका छौं’ -डा. महर्जनले भन्नुभयो।

‘सामान्यतया बच्चाले एक मिनेटमा ४० पटक श्वासप्रश्वास गर्नुपर्छ। तर, यो बच्चाले एक मिनेटमा जम्मा चार पटक मात्र श्वास लिएको छ, त्यो पनि एम्बुब्यागको सहायतामा स्वास लिएको छ। मुटुको धड्कनअनुसार हातले दाबेर अक्सिजन दिनुपर्छ। हातको भरमा मुटुको धड्कन नचल्न सक्छ। अवस्था के हुन्छ भन्न सकिँदैन’ -डा. महर्जनले भन्नुभयो।

‘बिहानै नवजात शिशुलाई नेपालगन्ज रिफर गर्ने तयारी अस्पतालले गरेको थियो। हेलिकोप्टर रिर्जव गर्ने क्षमता हामीसँग छैन, एम्बुलेन्स प्रयोग गर्दा कम्तीमा २२ घण्टाको यात्रामा बच्चाको स्वास दिएर लैजान अप्ठेरो भएपछि नवजात शिशु जिल्ला अस्पताल मार्तडीमै मर्ने बाँच्ने दोसाँधमा छ’ -शिशुका कान्छा बाजे मथुराराज पण्डितले बताउनुभयो।

## संक्षेप

### ३८ ट्याक्सी ट्राफिक नियन्त्रणमा

काठमाडौं, (नेस)

भाडामा गुड्ने ट्याक्सीले यात्रुलाई सहज तरिकाले यात्रा नगराएको भन्दै ३८ वटा ट्याक्सी ट्राफिकले नियन्त्रणमा लिएको छ। काठमाडौंका विभिन्न अस्पताल अगाडिबाट मिटरमा जान नमान्ने, यात्रुलाई गन्तव्यमा पुर्‍याउन नमान्ने, बढी भाडा लिई यात्रु बोक्ने, बहाना बनाई यात्रुलाई सेवा दिन नमान्ने ट्याक्सीलाई नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अघि बढाएको महानगरीय ट्राफिक महाशाखाले बताएको छ।

मिटर समायोजन नगरेका ३ वटा, कागजपत्र नभएका २ वटा ट्याक्सीलाई थप कारबाहीका लागि नापतौल विभाग र यातायात विभाग पठाइएको ट्राफिकले जनाएको छ। हर्न निषेधित कार्यलाई तीव्रताका साथ लागू गर्न सादा पोशाकमा समेत ट्राफिक प्रहरी परिचालन गरिएको छ।

### प्रत्येक वडामा योग केन्द्र स्थापना गरिने

भक्तपुर, (नेस)

मध्यपुर थिमि नगरपालिकाका प्रत्येक वडामा योग साधना केन्द्र स्थापना गरिने भएको छ।

शंखधर योग साधना केन्द्रको पाँचौं वार्षिकोत्सवको अवसरमा आइतबार आयाजित एक कार्यक्रममा बोल्दै मध्यपुर थिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले थिमिका प्रत्येक वडामा योग साधना केन्द्र स्थापना बताउनुभएको हो। थिमिका बासिन्दालाई मानसिक र शारीरिकरूपमा योगको माध्यमबाट निरोगी बनाउ उद्देश्यसहित योग साधना केन्द्र निर्माण गरिने घोषणा गर्नुभएको हो। उहाँले योग केन्द्र निर्माणका लागि नगरपालिकाले आवश्यक बजेट विनियोजन गर्ने बताउनुभयो। उहाँले बोडेको गुम्बा निर्माण गर्नका लागि ५० लाख रुपियाँ विनियोजन गरिएको पनि बताउनुभयो। कार्यक्रममा विभिन्न योग साधकलाई सम्मान पनि गरिएको थियो।

### उम्मेदवारहरूको नामावली आउँदै

महोत्तरी, (नेस)

आसन्न तेस्रो चरणको चुनावअन्तर्गत प्रदेश नम्बर २ को स्थानीय तहको निर्वाचनको मिति नजिकिँदै जाँदा महोत्तरीमा फाटफुटरूपमा उम्मेदवारको नामावली सार्वजनिक गर्ने कार्य शुरू भएको छ।

महोत्तरीमा नेपाली कांग्रेस, एमालेले मोटामोटी उम्मेदवारको नामावली सार्वजनिक गरिसकेको छ भने माओवादी केन्द्रले केही उम्मेदवारको नामावली सार्वजनिक गरेको छ भने थप उम्मेदवारको नामावलीसमेत अधिकांश फाइनल भइसकेकाले चाँडै सार्वजनिक गर्ने पार्टी स्रोतले जनाएको छ। यस्तै फोरम लोकतान्त्रिक नेपालले पनि चाँडै उम्मेदवारको नामावली सार्वजनिक गर्ने स्रोतको भनाइ रहेको छ।

## राहत वितरणमा अनियमितता भएको आरोप

**विष्णु तिमिल्सिना, बर्दिया**

बर्दियाको गुलरिया नगरपलिकामा बाढीपीडितलाई नामावली संकलन र राहत वितरण गर्दा व्यापक अनियमितता, भेदभाव गरिएको जनगुनासो बढेको छ। क्षतिको घरधुरी सर्वेक्षण गर्दा पानी नपसेको घरलाई समेत बाढीपीडितको सूचीमा राखेको, आंशिक पीडितलाई पनि पूर्णक्षतिको सूचीमा राखिएको जनगुनासो आइरहेको अवस्थामा राहत वितरणमा पनि अनियमितता भएको पाइएको छ।

गुलरिया नगरपालिका-१० मा १० वटा टोल रहेकोमा गायत्री टोल र नयाँ प्रयागपुरका बाढीपीडितले राहत सामग्री वितरण गरिने भरपाइमा भएको मात्राभन्दा धेरै कम खाद्य सामग्री दिएकोमा विरोध गर्दै राहत सामग्री लिन इन्कार गरेका छन्।

गुलरिया नगरपालिकाबाट गएको राहत वितरण टोलीले प्रतिपरिवार ३० किलोग्राम चाल, ५ किलोग्राम दाल र १ किलोग्राम नुन बुझेको भरपाइमा सही गराएको र सामग्री वितरण गर्दा प्रतिपरिवार १० किलो चामल, १ किलो दाल र आधा किलो नुन दिने गरेकाले आफूले सही गरेको जत्तिकै मात्रामा खाद्य सामग्री दिनुपर्ने अडान राख्दै राहत सामग्री नबुझेको स्थानीय समाजसेवी मेवालाल कुर्मीले बताउनुभयो।

चामल, दाल र नुनको मात्रा भरपाई भन्दा धेरै कम दिने गरेकाले गाउँलेले जति भरपाइमा राखिएको छ त्यति नै पाउनुपर्ने माग राख्दै आएको स्थानीय राजकुमार वर्माले बताउनुभयो। स्थानीय राजकुमार वर्माले राहत वितरणमा धेरै पक्षपात र भ्रष्टाचार भएको छ, यसमा जनप्रतिनिधिले भ्रष्टाचार गरेको आरोप लगाउनुभयो। यसै गायत्री टोलका पीडित बाचु चमारले आफू पीडित भए पनि अझैसम्म कुनै राहत पाउन नसेको गुनासो गर्नुभयो।

## उम्मेदवारको हातमा टिकट नपर्दै कांग्रेस छाड्ने बढे



**सञ्जय कार्की, रौतहट**

युध्दकालीन अवस्थामा पत्रकार सञ्जय मिश्रले लेखेको समाचारले माओवादीमा तरंग ल्याइदिन्थ्यो। उनले लेखेको समाचारका कारण केयौंपल्ट माओवादीबाट उनीमाथि आक्रमणको प्रयाससमेत भएको थियो। युद्धकालमा माओवादीको (तीन म) मोटरसाइकल, मनी र मोबाइलसम्बन्धी समाचार लेखेकै कारण उनले माओवादीबाट जोगिन केयौं दिन घरसमेत छाड्नुपरेको थियो तर उनै पत्रकार सञ्जय मिश्रले यतिखेर माओवादीको नीति मन पराएर पार्टी प्रवेश गरेका छन्।

पत्रकार मिश्र नेपाल प्रेस युनियन रौतहटका केन्द्रीय पार्षद् र नेपाली कांग्रेसको पाँच नम्बर क्षेत्रीय सचिवसमेत हुन्। आसन्न स्थानीय तहको निर्वाचनमा कटहरिया नगरपालिकाको मेयरपदमा जनभावनाविपरित मेयर पदमा सिफारिस गरेको भन्दै मिश्रसहित नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि राकेश गिरी र जिल्ला समिति सदस्य कुन्दन कुश्वाहाले पार्टी छाडेका हुन्। उनीहरूले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकलम दाहाल ‘प्रचण्ड’ को हातबाट टीका लगाएर माओवादीमा प्रवेश गरेका छन्। जिल्ला समिति सदस्य कुन्दन कुश्वाहाले कटहरिया नगरपालिकाको मेयर पदमा पार्टी सभापति कृष्ण यादव र सांसद सुनील यादवले आर्थिक लाभमा २२ वर्षीय अजयप्रसाद जयसवाललाई टिकट दिलाएको आरोप लगाएका छन्।

उनी भन्छन्- ‘पार्टीको कुनै तह र तप्काको जिम्मेबारी ननिभाए पनि मेयरका लागि अजयप्रसाद जयसवालले टिकट पाएका छन्।’ पार्टी सभापति कृष्ण यादवले लामो समयदेखि क्रियाशील साथीहरूले पार्टी छाड्नु दु:खको कुरा रहेको बताउनुभयो।

उता चार नम्बरका क्षेत्रीय सभापछि रामभरोसी यादवले पार्टीमा त्याग गरेको व्यक्ति हैन नातेदार भए पुग्दोरहेछ भनेर सामाजिक सञ्जाल फेसबुकमा टिप्पणी गरेका छन्। गरुडा नगरपालिकाको मेयर पदमा पार्टी सभापति कृष्ण यादवको साला सुनील यादवले टिकट पाएपछि क्षेत्रीय सभापति रामभरोसी यादवको असन्तुष्टि बाहिर आएको हो।

टिकट वितरणमा असन्तुष्टि भएपछि नेपाली कांग्रेसका पुराना कार्यकर्ताले पार्टी धमाधम छाड्न थालेका छन्। पार्टीका इमान्दार कार्यकर्ता भनेर चिनिएका वैधनाथ पाल, इनु राय यादव, तेजापाकडका टुनु सिंहलगायतले नेपाली कांग्रेस छाड्दै माओवादी केन्द्र तथा फोरम नेपालमा प्रवेश गरेका छन्।

## गाउँमा बूढापाका मात्र

पर्वत, (नेस)

पर्वतमा बसाइँसराइ गरी जानेको संख्या बढ्दै गएपछि गाउँहरू रित्तिन थालेका छन्। न्यूनतम आवश्यकता र सुविधा खोज्दै बसाइँ सरी जाने र विदेश पलायन हुनेको संख्या बढेपछि गाउँहरू रित्तिएका हुन्।

सदरमुकामदेखि दुई घण्टाको पैदलमा सजिलै पुग्न सकिने जिल्लाको कुस्मा नगरपालिका-१२ ठूलीपोखरीको अर्जिकोट गाउँ पनि अहिले बसाइँ सरी जानेका कारण लगभग सुनसान छ।

२०७० सालसम्म ठूलीपोखरी ५ अर्जिकोटमा ५० घर-परिवारमा करिब ५ सय जनाको बसोबास थियो। तर, अहिले त्यही गाउँमा मुस्किलले ५० जनामा सीमित भएको छ।

## मृगौलापीडितलाई आर्थिक सहयोग

लमजुङ, (नेस)

लमजुङकी दुवै मृगौला फेल भएर उपचाररत एक महिलालाई स्पेनमा बसोबास गर्ने नेपालीले आर्थिक सहयोग पठाएका छन्। लमजुङको मर्स्याङ्दी गाउँपालिका-९ की सरिता बरालको उपचारका लागि उक्त सहयोग प्राप्त भएको हो।

मर्स्याङ्दी-९ सिम्पानीटार माइती भई स्पेनमा रहनुभएकी भावना थापा पण्डित र उहाँका श्रीमान् रमेश पण्डितको पहलमा उक्त रकम संकलन गरी बराललाई पठाइएको हो। स्पेनको पाइस भास्कोमा बसोबास गर्ने नेपालीबाट संकलन भएको १ लाख १ हजार ७ सय ५३ रुपियाँ रकम सदरमुकाम बेंसीशहरमा एक कार्यक्रमका बीच पीडित परिवारलाई हस्तान्तरण गरिएको छ।

मृगौला पीडित सरिताका श्रीमान् इन्द्र बराललाई उक्त रकम संकलनकर्ता भावनाको आमा सरला थापा, पत्रकार महासंघका केन्द्रीय सदस्य नवीन कुइँकेल, महासंघका जिल्ला अध्यक्ष आश गुरुङले संयुक्तरूपमा पीडित बराललाई रकम हस्तान्तरण गर्नुभएको हो।

संकलनकर्ता रमेश पण्डितले स्पेनको पाइस भास्कोमा बसोबास गर्ने ४० जनाले आर्थिक सहयोग गरेको बताउनुभएको छ। उहाँका अनुसार स्पेनमा रहनुभएका गुनबहादुर थापा, रामचन्द्र बुढाथोकी, हरिप्रसाद गुरुङ, जोन अधिकारी, तारा पोखेल, शिव सापकोटा, रघुनाथ विष्ट, विश्व खड्का, कुलप्रसाद उपाध्याय, दामोदर निरौला, विकास कार्की, रीता डंगोल, राजेन्द्र कार्की, मिलन गुरुङ, पूर्णप्रसाद राई, विनोद बराइली, बर इल मोरदिस्कोसहित ४० जनाले आर्थिक सहयोग गर्नुभएको हो।

उक्त रकम सहयोग गर्नुहुने अन्यमा तुलसीबहादुर गुरुङ, इन्द्रबहादुर गुरुङ, दयाराम भट्टराई, ऋषि आचार्य, मोहन गुरुङ, सविन पोखेल, सन्तोषकुमार मिश्र, गणेश दहाल, उदयराज पाठक, निर्मला पौडेल, रमेशराज पौडेल, खजेन्द्र बोम जक्की, महेन्द्रनारायण चौधरी, किसु भट्ट, कमला इसु, महेश घिमिरे, बाबुराम सुवेदी, दीपेन्द्र अर्याल, सविन बस्नेत, दीपेन्द्र आचार्य, रमेश पण्डित, फुर्वा शेर्पा आदि हुनुभएको पण्डितले जानकारी दिनुभएको छ।

### लोपोन्मुख...

यो जीवको बारेमा नेपालमा अहिलेसम्म कसैले पनि विस्तृत खोजी नगरे पनि अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा भने खोजीको विषय भएको सहायक संरक्षण अधिकृत खड्का बताउनुहुन्छ। ‘तर, नेपालमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा किन यस विषयमा छलफल भएन, म आफैं पनि यस विषयमा आश्चर्यमा परेको छु’ -उहाँले भन्नुभयो।

चितवनको सखीभीर घाँसेमैदानमा फेला परेको हाइस्पिड हेयर (लघु कर्ण खरायो) देखिएपछि सो जीव यकिन गर्न संरक्षणकर्मीहरू बीच लामो बहस चलेको थियो। विज्ञहरूको बहसले हाइस्पिड हेयर पुन: भेटिएको पुष्टि भएको हो। नेपालकै बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा यो जीव रहेको आशंका अन्तर्राष्ट्रिय विज्ञ डा. डाइना बेलले गरेका थिए। डाइनाले चितवनमा फेला परेको उक्त जीव हाइस्पिड हेयर भएको पुष्टी गर्नुभएको थियो।

अहिले उक्त जीवको अवस्था कस्तो छ भन्ने नेपाल समाचारपत्रको जवाफमा सहायक संरक्षण अधिकृत खड्का भन्नुहुन्छ- ‘हामीले १ वर्षअघि उक्त जीव फेला पारेका थियौं त्यसपछि त्यो जीव कस्तो अवस्थामा छ भन्ने कुनै जानकारी पाइएको छैन। अहिले पनि त्यही घाँसेमैदान वरिपरि त्यो जीव रहेकोमा भने हामी विश्वस्त छौं।’ अन्य खरायोभन्दा सानो क्षेत्रमा रहने, घाँसको कलिला टुसा, गुलियो घाँस प्रजातिका जरा खान मन पराउने यो खरायोको तौल २ किलो २ सय ग्राम हाराहारीको हुने बताइन्छ। शरीर ४० देखि ५० सेन्टिमिटरको हुने गर्छ। समथर भू-भागमा रहेको घाँसेमैदान यसको मुख्य बासस्थान भएको विज्ञहरू बताउँछन्।

जानकारहरूका अनुसार घाँसेमैदान विनाश भई मानवीय बस्तीमा परिणत भएकोले यो प्रजाति लोप हुने अवस्थामा पुगेको र निकुञ्ज क्षेत्रहरूमा मात्र यसको बासस्थान खुम्चिन पुगेको हो। लघु कर्ण खरायोले मंसिरदेखि फागुन महिनासम्म बच्चा जन्माउने गर्दछ। तर, अहिले त्यस समयमा अत्यधिक मात्रामा घाँसेमैदानहरूमा डढेलो र आगलागी हुने गरेकाले पनि यो प्रजाति लोप हुने अवस्थामा पुगेको संरक्षणकर्मीहरूको ठम्याइ छ।

### नेपालमा...

सबै प्रक्रियामा पास भएपछि २०५३ सालदेखि लेन्सको बिक्री-वितरण शुरू भएको प्रतिष्ठानले जनाएको छ।

त्यसबेला एउटा लेन्स तयार हुन ३ डलर खर्च लाग्थ्यो। तिलगंगाले उत्पादित लेन्स विश्व बजारमा ६ देखि १० डलरमा पठायो। सय डलर पर्ने लेन्स सस्तोमा पाउने भएपछि चीन, थाइल्यान्ड, पाकिस्तान, श्रीलंकालगायतका देशमा नेपाली लेन्सको माग ह्वात्तै बढ्यो। नेपाली लेन्स पुग्नुअगाडिसम्म थाइल्यान्डमा लेन्सको सरकारी मूल्य नै ८० डलर थियो। तर, नेपालको लेन्स गएपछि मूल्य घटेर २० डलरमा आयो। शुरूमा तिलगंगाबाट रिजिड पीएमएम लेन्स उत्पादन हुन्थ्यो। २०६२ सालदेखि फोल्डेबल लेन्स उत्पादन शुरू भएको हो।

तिलगंगामा उत्पादित लेन्सको माग विश्व बजारमा बढ्दै गएपछि नेपाल सरकारले यसको क्षमता विस्तारका लागि १० करोड रुपियाँ सहयोग गर्ने आश्वासन दिएको थियो। जसअनुसार लेन्स उद्योग स्थापना गर्न उद्योग मन्त्रालयले गत वैशाख २८ गते १० करोड रुपियाँ सहयोग गर्ने सम्झौता पनि गरिसकेको छ।

सम्झौतामा कृत्रिम लेन्स उत्पादन तथा आवश्यक सहायक सामग्री र कच्चा पदार्थसमेत उत्पादन गर्ने उद्योग स्थापनाका लागि सरकारले सहजीकरण गर्ने, उद्योगलाई राष्ट्रिय गौरवको आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रूपमा स्थापित गर्न मन्त्रालयकोतर्फबाट आवश्यक समन्वय गर्ने उल्लेख छ। हाल तिलगंगाले लेन्स बनाउन आवश्यक पर्ने कच्चा पदार्थ अमेरिका र बेलायतबाट आयात गर्दै आएको छ।

### ईपीजीको...

गत वर्षको असारमा काठमाडौंमा आयोजना भएको पहिलो बैठकपछि समूहले औपचारिकरूपमा कार्य आरम्भ गरेको थियो। तर, १ वर्षभन्दा बढीको कार्य अवधिमा समूहले सन् १९५०को सन्धि पुनरावलोकन गर्ने र सो सन्धि खारेज गर्ने भन्ने विषय टुङ्गो लगाउन सकेको छैन।

गत महिना ईपीजीको नेपालतर्फको टोलीले नेपाल-भारत सम्बन्धका जानकार र अन्य सरोकारवालाहरूसँग यही विषय केन्द्रित रहेर राय/सुझाव लिएको थियो।

नेपाल-भारतबीच विगतमा भएका सन्धि, सम्झौताको अध्ययन गरी दुवै मुलुकका सरकारलाई राय सुझाव दिन गत वर्ष दुवैतर्फबाट ४-४ जना विज्ञ संलग्न समूह गठन भएको थियो। चौथो बैठकसम्ममा दुवैतर्फबाट १९५० को सन्धि, जलस्रोत, व्यापार, वाणिज्य, सीमा अतिक्रमण जस्ता विषयमा छलफल भए पनि कुनै विषयको टुङ्गो लाग्न सकेको छैन।



# अर्थ

परियोजना लगानी सम्झौतालाई नेपाल सरकार र कम्पनीबीचको एक करारका रूपमा लिइएको छ। दुवै पक्षका अधिकार र दायित्वलाई स्पष्ट पारिएको उक्त करार अन्तर्गत नेपाल सरकारले लगानीको सुरक्षा प्रत्याभूति दिँदै कम्पनीको स्थापनाका लागि सडक विद्युत् लगायतका पूर्वाधारको सुविधा उपलब्ध गराउनुपर्नेछ।



# निजी क्षेत्रमा हालसम्मकै ठूलो विदेशी लगानी भित्रियो




**नेपाल समाचारपत्र**

काठमाडौं

लगानी बोर्ड र होङ्सी शिवम् सिमेन्ट प्राइभेट लिमिटेडबीच नेपालमा सिमेन्ट कारखाना स्थापनाको लागि आइतबार परियोजना लगानी सम्झौता (पीआईए) मा हस्ताक्षर भएको छ। निजी क्षेत्रबाट नेपालमा विदेशी लगानी भएको यो हालसम्मकै ठूलो परियोजना हो।

विभिन्न मुलुकले नेपालमा ठूला परिमाणमा लगानी गरेको भए पनि निजी क्षेत्रबाट यति ठूलो रकमका लागि सम्झौता भएको यो पहिलोपटक हो। सम्झौताअनुसार कम्पनीले नवलपरासी जिल्लामा सिमेन्ट कारखाना स्थापनाको लागि ३६ अर्ब ७५ करोड (करिब ३५ करोड ९१ लाख अमेरिकी डलर) लगानी गर्नेछ। ७० प्रतिशत होङ्सी ग्रुप र ३० प्रतिशत नेपालको लगानी रहने उक्त परियोजनामा चीनको होङसी सिमेन्ट ग्रुपको सहायक कम्पनी हङकङ रेडलायन सिमेन्ट लिमिटेड र नेपालका विभिन्न व्यावसायिक समूह रहेको शिवम् होल्डिङको लगानी रहेको छ।

सिमेन्ट उद्योग सञ्चालनका लागि आवश्यक पर्ने क्लिंकर उत्पादनका लागि पाल्पाको ज्यामिरेमा रहेको चुनढुंगा खानी प्रयोग हुनेछ। उद्योग र खानीबिच आवश्यक सडक पूर्वाधार नेपाल सरकारले निर्माण गरिदिने भएको छ। उक्त कम्पनीले दैनिक ६ हजार टन सिमेन्ट उत्पादन गर्नेछ। कम्पनीले सन् २०१८ भित्र उत्पादन शुरू गर्नेछ र पछि उत्पादन वृद्धि गरी दैनिक १२ हजार टन पुर्‍याउने लक्ष्य राखेको छ।

परियोजना लगानी सम्झौतालाई नेपाल सरकार र कम्पनीबीचको एक करारका रूपमा लिइएको छ। दुवै पक्षका अधिकार र दायित्वलाई स्पष्ट पारिएको उक्त करार अन्तर्गत नेपाल सरकारले लगानीको सुरक्षा प्रत्याभूति दिँदै कम्पनीको स्थापनाका लागि सडक विद्युत् लगायतका पूर्वाधारको सुविधा उपलब्ध गराउनुपर्नेछ। कम्पनीले उद्योग स्थापना भएपछि राष्ट्रियकरण गर्न नपाउने र नेपालको स्वदेशी लगानी रहेका कम्पनीहरू सरह नै सेवा सुविधा पाउनुपर्ने शर्त राखेको छ। आगानी ३ वर्षभित्रमा कम्पनीले सबै लगानी जुटाई सक्नुपर्नेछ।

अर्थमन्त्री एवम् लगानी बोर्डका उपाध्यक्ष ज्ञानेन्द्रबहादुर कार्की तथा नेपालका लागि चिनियाँ राजदुत यू होङको उपस्थितिमा सम्पन्न उक्त सम्झौतामा नेपाल सरकारका तर्फबाट लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी र होङसी सिमेन्टका तर्फबाट तर्फबाट कम्पनीका निर्देशक लाई वेईपेङले हस्ताक्षर गर्नुभयो। सम्झौता हस्ताक्षर कार्यक्रममा बोल्दै अर्थमन्त्री कार्कीले यो लगानी सम्झौताबाट नेपालको व्यावसायिक वातावरणबारे सकारात्मक सन्देश सम्प्रेषण भएको बताउनुभयो। मन्त्री कार्कीले परियोजनाको कार्यान्वयनको क्रममा नेपाल सरकारको तर्फबाट आवश्यक सहयोग समयमै उपलब्ध गराउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। 'नेपालमा विदेशी निजी क्षेत्रको लगानीका लागि सकारात्मक सन्देश गएको छ। यसले मुलुकको आर्थिक र लगानीका क्षेत्रमा ठूलो सहयोग पुर्‍याएको छ र सरकारी निकायबाट आवश्यक सहजीकरणको सुनिश्चितता पनि दिलाउन चाहन्छु'-उहाँले भन्नुभयो। मन्त्री कार्कीले आवश्यक पूर्वाधार सुविधा सरकारले उपलब्ध गराउने पनि बताउनु भयो।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीले यस सम्झौताले विदेशी लगानीकर्ताहरूका लागि नेपाल आकर्षक गन्तव्य बन्दै गइरहेको प्रमाणित भएको बताउनुभयो। अधिकारीले भन्नुभयो-'आजको सम्झौतासँगै हामीले नेपालमा विश्वस्त भएर लगानी गर्न र नेपालको आर्थिक समृद्धिको यात्रामा साझेदार बन्न विदेशी कम्पनीहरूको लागि यसपछिको अवसरका हेरेका छौं।

सोही अवसरमा होङसी शिवम् प्राईभेट लिमिटेडका निर्देशक लाई वेईपेङले नेपाल लगानीका लागि उपयुक्त स्थान रहेको र परियोजनालाई सफल बनाउन सरकारी पक्षबाट कानुनी र नीतिगत पक्षमा सहयोगको अपेक्षा राखेको बताउनुभयो। वेईपेङले भन्नुभयो-'नेपालमा लगानीको वातावरण सम्बन्धी हाम्रै अनुभवले पनि नेपालमा विदेशी लगानी भित्र्याउन लगानीकर्ताहरूमा सकारात्मक सन्देश प्रवाह गर्न सहयोग पुग्नेछ।'

## सिद्धार्थ बैंक र लक्ष्मी क्यापिटलबीच सम्झौता

काठमाडौं, (नेस)

सिद्धार्थ बैंकका विद्यमान शेयरधनीलाई हाल कायम चुक्ता पुँजी ६ अर्ब ८२ करोड ६१ लाख १७ हजार १ सय ८८ रुपियाँको प्रतिशेयर अंकित मूल्य सयको दरले १० कित्ता शेयरको १ को अनुपातमा ६ करोड ८२ लाख ६ हजार ११७ दशमलव १९ कित्ता हकप्रद शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्न लक्ष्मी क्यापिटलसँग सम्झौता गरेको छ।

उक्त सम्झौतामा लक्ष्मी क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजीव सापकोटा र सिद्धार्थ बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत शम्भुनाथ गौतमले हस्ताक्षर गर्नु भएको छ।





| स्थानहरू | राइनो स्टील ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७६ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७५/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| बिर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ७८ | ७६ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७६ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मू.अ.कर थप लाग्नेछ ।







## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ भदौ १९ सेप्टेम्बर ४ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।१४ | १०२।७४ |
| युरो १ का रु. | १२१।१३ | १२१।८४ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३२।३३ | १३३।१० |
| स्विस फ्रन्क १ का रु. | १०५।८८ | १०६।५० |
| अस्ट्रलियन डलर १ का रु. | ८१।३९ | ८१।८६ |
| क्यानाडियन डलर १ का रु. | ८२।४२ | ८२।९१ |
| सिङ्गापुर डलर १ का रु. | ७५।२४ | ७५।६८ |
| जापानी यन १० का रु. | ९।२६ | ९।३२ |
| चिनियाँ युआन १ का रु. | १५।५७ | १५।६६ |
| साउदी अरब रियाल १ का रु. | २७।२४ | २७।४० |
| कतारी रियाल १ का रु. | २८।०५ | २८।२१ |
| थाई भाट १ का रु. | ३।०८ | ३।१० |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८१ | २७।९७ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९२ | २४।०६ |
| दक्षिण कारियन वन १०० का रु. | ९।११ | ९।१६ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।७८ |
| डनिस क्रानर १ का रु. | १६।२९ |
| हङकङ डलर १ का रु. | १३।०६ |

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।






## कृषि केन्द्रीय संघमा नयाँ नेतृत्व चयन

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल कृषि सहकारी केन्द्रीय संघमा खेमबहादुर पाठकको नेतृत्वमा नयाँ कार्य समिति चयन भएको छ। केन्द्रीय संघको १०औं साधरणसभा तथा तेस्रो अधिवेशनले पाठकको नेतृत्वमा १५ सदस्य रहेको नयाँ कार्यसमिति चयन गरेको हो।

ललितपुरको कुपण्डोलमा भएको अधिवेशनबाट उपाध्यक्षमा मदन दाहाल, सचिवमा हरि पौडेल, कोषाध्यक्षमा गीता केसी निर्वाचित हुनुभएको छ।

यस्तै सदस्यहरूमा पूर्ण शर्मा, मीना ढकाल, पदम रिजाल, नेत्र कार्की, चाँदनी ढकाल, कृष्णबाबु श्रेष्ठ, देवकी भण्डारी, शिव अधिकारी, मागेन महतो, देवबहादुर खत्री र नरबहादुर घर्ती मगर निर्वाचित हुनु भएको छ।

यसैगरी महेश्वर सुवेदीको संयोजकत्वमा ३ सदस्य रहेको लेखा समिति गठन गरिएको छ। नेपाल कृषि सहकारी केन्द्रीय संघमा ७० जिल्लाका ८ सयभन्दा बढी सदस्य संस्था आबद्ध रहेका छन्।

संघअन्तर्गत अहिले देशभर ३० हजारभन्दा बढी युवाले प्रत्यक्ष रोजगारी पाएका छन्। हजारौं किसानले व्यवसाय शुरू गरेर स्वरोजगार बनेका छन्।

नवनिर्वाचित अध्यक्ष खेमबहादुर पाठकले केन्द्रीय संघलाई देशकै एक नमुना संस्थाका रूपमा स्थापित गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले देशमा संघीय संरचनाअनुसार संविधान तह सबै अगाडि बढेको सन्दर्भमा नेपाल कृषि सहकारी केन्द्रीय संघलाई पनि संघीय संरचनामा अगाडि बढाइने बताउनुभयो।

अध्यक्ष पाठकले केन्द्रीय संघले आजसम्म साना किसान र कृषि सहकारीमा आबद्ध किसानसँग मिलेर गरेको कामलाई अझै तीव्रता दिँदै अरू किसानलाई पनि लाभ हुने कार्यक्रमहरू शुरू गर्ने बताउनुभयो।

यसअघि भएको उद्‌घाटन कार्यक्रममा सहकारी तथा गरिबी निवारण मन्त्री अम्बिका बस्नेतले देशको अर्थतन्त्रमा कृषि सहकारी र साना किसानको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो। मन्त्री बस्नेतले सहकारी ऐन सहकारीमैत्री बनेरै आउनेमा विश्वस्त रहन आग्रह गर्नुभयो।

कार्यक्रममा सांसद एवम् राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडालले सहकारी विरोधी गतिविधि कुनै हालतमा स्वीकार्य नहुने बताउनुभयो।

अध्यक्ष बडालले तीनखम्बे अर्थ नीतिका कुरामात्र होइन काम पनि गरेर देखाउन सरकारलाई आग्रह गर्नुभयो।

## महिन्द्रामा अफर




काठमाडौं, (नेस)

महिन्द्रा टु ह्वीलर बिक्री गर्दै आएको अग्नीग्रुपअन्तर्गतको अग्नी मोटो इन्क प्रालिले दशैं, तिहार र छठलाई लक्षित गर्दै 'महिन्द्रा सुनै सुनको वर्षा, रानीहारसँगै विदेशको यात्रा' योजना ल्याएको छ। यस योजनामा ग्राहकले कुपन स्क्र्याच गरी निश्चित उपहारको रूपमा एक तोलासम्म सुनको सिक्का पाउन सक्ने छन्।

ग्राहकले चाडपर्वको बेलामा कुनै पनि महिन्द्रा बाइक तथा स्कुटरको खरिद गर्दा एउटा स्क्र्याच कुपन पाउनेछन्। उक्त कुपनलाई स्क्रयाच गरी न्यूनतम् २ दशमलव ५ ग्रामदेखि १ तोलासम्मको सुनको सिक्का पक्का पाइने छ भने हरेक १५ दिनमा एक जनाले रानीहार उपहार पाउने छन् त्यसैगरी बम्परमा चार जनाको दुई परिवारलाई चार दिन पाँच रातको थाइल्यान्ड भ्रमणको अवसर पनि मिल्लने छ।

महिन्द्रा टु ह्वील र उच्चतम् प्रविधियुक्त बाइक तथा स्कुटर हुन्। यी बाइक तथा स्कुटरहरूले कम इन्धन खपत गरी अधिकतम माइलेज दिँदै आएका छन्।

मेला अवधिभर हजार वटा चार पांग्रे सवारी साधन बुकिङ भएका छन् भने एक हजार ६सय वटा दुई पांग्रे सवारी साधन बुकिङ भएका छन्।

अर्थ

# सकियो नाडा अटो शो

## करिब ३ अर्बको सवारी बुकिङ

**नेपाल समाचारपत्र**

काठमाडौं

राजधानीमा छ दिनसम्म चलेको सवारी साधनको कुम्भ मेला 'नाडा अटो शो २०७४' मा पौने ३ अर्ब रुपियाँबराबरको सवारी साधान बुकिङ भएको आयोजकको दाबी छ।

आयोजक नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अनुसार मेला अवधिभर हजार वटा चार पांग्रे सवारी साधन बुकिङ भएका छन् भने एक हजार ६०० वटा दुई पांग्रे सवारी साधन बुकिङ भएका छन्। चार पांग्रे सवारी साधन साढे दुई अर्ब रुपियाँ बराबर एवम् ३२ करोड रुपियाँ बराबरका दुई पांग्रे सवारी साधन बुकिङ भएका छन्।




गत भदौ १३ गतेदेखि शुरू भएको उक्त मेला ६५ हजार सर्वसाधारणले अवलोकन गरेका छन्। करिब ५० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरेकोमा लक्ष्यभन्दा बढी सफलता प्राप्त भएको नाडा अटो शो आयोजकको भनाइ छ। यस पटकको मेलामा सानाठूला गरी १३० वटा स्टल राखिएका थिए। विभिन्न १६ वटा ब्रान्डका चार पांग्रे, १९ वटा ब्रान्डका दुई पाग्रे एवम् ५ ब्रान्डका हेभि कमर्सियल सवारी साधन प्रदर्शनीमा राखिएको थियो।

मेलामा बैंक, बीमालगायत सेवाप्रदायक कम्पनीले पनि शोरुम राखेका थिए। अटोमोबाइल सम्बद्ध सवारी सुरक्षा, स्पेयर पार्टस, लुब्रिकेन्टस, टायर, ग्यारेज उपकरण, ब्याट्री तथा अन्य एसेसोरिजहरूको पनि प्रदर्शनी रहेको थियो।

गत वर्षको मौद्रिक नीति अर्ध वार्षिक समीक्षामार्फत् कार फाइनान्समा राष्ट्र बैंकले ५० प्रतिशत सिलिङ तोकिदिएपछि गाडी बिक्री एकाएक घटेको थियो। चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उक्त सीमा ६५ प्रतिशत पुर्‍याएपछि अटो व्यवसायमा केही उत्साह थपिएको व्यवसायीको भनाइ छ।

झन्डै छ महिना थला परेको व्यवसायलाई पुनर्जीवन दिने अवसरको रूपमा व्यवसायीले नाडा अटो शोलाई लिएका थिए।

राष्ट्र बैंकले लगानी कडाइ गरेका बेला धेरै कम्पनीले भारत एवम् अन्य मुलुकबाट ल्याइएका गाडी भन्सारमा जाँचपास नगरी राखेका थिए। असार अन्त्यमा नयाँ मौलिक नीति आएपछि अटो व्यवसायमा नयाँ चहलपहल देखिएको हो।

# सर्वोत्तम सिमेन्टको '५० मा झकास्' अफर

**नेपाल समाचारपत्र**

काठमाडौं

सर्वोत्तम सिमेन्ट प्रालिले ग्राहकका लागि '५० मा झकास' नामक योजना बजारमा ल्याएको छ।

यस योजनाअन्तर्गत ग्राहकले हरेक ५० बोरा सर्वोत्तम ओपीसी र सर्वोत्तम पीएससी सिमेन्टको खरिदमा हात खाली नजाने उपहार प्राप्त गर्नेछन्। '५० मा झकास्' योजनामार्फत् ग्राहकले ५० दिनमा ५० तोला सुन, ५० थान कोनका एलईडी टिभी र ५० हजार थान घडीको साथै ५० हजारसम्मको तुरुन्त नगद उपहारहरू जित्न सक्नेछन्। यस सिमेन्टको उद्योग नवलपरासीमा रहेको छ भने पाल्पा र चितवनमा चुन ढुंगा खानी रहेको छ। यस सिमेन्ट उद्योगको उत्पादन क्षमता दैनिक ४० हजार बोरा रहेको छ। नेपालमा हालसम्म सबैभन्दा बढी विदेशी लगानी भित्राई उत्पादन गर्न सक्षम सर्वोत्तम सिमेन्ट प्रालि आईएसओ ९००१गुणस्तर प्रमाणित, वातावरणमैत्री सिमेन्ट भएको कम्पनीका ब्रान्ड मेनेजर गोपाल सारडाले जानकारी दिनुभयो।




# महासंघको चुनाव रोकियो

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला र नगर उपाध्यक्षको निर्वाचन नहुने भएको छ। आइतबार सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्दै १५ दिन चुनाव नगर्न भनेपछि सोमबार हुने भनिएको चुनाव नहुने भएको हो।

उद्योग वाणिज्य महासंघको ५१ साधारणसभाबाट निर्वाचित उपाध्यक्ष प्रमोद श्रेष्ठ गत वैशाख ३१ गते भएको स्थानीय तहको चुनावमा एमालेका तर्फबाट बेनी नगरपालिकाको मेयर पदमा उमेदवार भएर हारेका थिए। मेयर पदमा उम्मेदवारी दिएसँगै श्रेष्ठलाई महासंघलाई कार्यसमितिले निलम्बन गरेको थियो मेयरको पराजयसँगै महासंघको उपाध्यक्ष पद समेत गुमेको थियो।

उद्योग बाणिज्य महासंघको विधान २०४९ ( छैठौं संशोधनको दफा ४६ को ३ मा अध्यक्ष वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष तथा कोषाध्यक्षको पद रिक्त हुने अवस्थाको (घ) मा कार्यकारी अधिकार भएको कुनै राजनीतिक प्रकृतिको पदमा नियुक्त भएमा वा निर्वाचित भएमा पद रिक्त उल्लेख छ। सोही दफाको (छ) मा सक्रिय रूपमा कुनै पनि राजनीतिमा लागेमा समेत पद रिक्त हुने उल्लेख छ। सर्वोच्चका न्यायधीश चोलेन्द्र शम्शेर राणाको एकल इजलासले अन्तरिम आदेश जारी गर्दै महासंघलाई १५ दिनभित्र कारणसहित उपस्थित हुन समेत आदेश दिएको छ।

# पोखरामा अटोभिलेज बनाइने

पोखरा, (नेस)

पोखरा लेखनाथ महानगरपालिकाका मेयर मानबहादुर जिसीले पोखरामा अटो भिलेज निर्माण गर्न महानगरपालिकाले पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन सघाउने प्रतिवद्धता व्यक्त गर्नुभएको छ। एसोसिएसन १२ औं वार्षिक साधारणसभामा बोल्दै मेयर जिसीले सो कुरा बताउनुभएको हो।

मेय। जिसीले पोखरामा रहेका अटोमोबाइल व्यवसाय तथा ग्यारेजलाई व्यवस्थित गर्न अटोभिलेज आवश्यक रहेको औंल्याउनुभयो। उहाँले भन्नुभयो,- 'अटो भिलेज निर्माणका लागि जग्गा खोजी भइरहेको छ।' एसोसिएसनले पोखरामा अटोभिलेजन निर्माणका लागि विभिन्न निकायमा पहल गर्दै आइरहेको थियो।

कार्यक्रममा पूर्व मन्त्री पृथ्वी सुब्बा गुरुङ, नेपाल उद्योग वाणिज्य महासंघका पुर्वअध्यक्ष आनन्दराज मुल्मी, नेपाल अटोमोबाइल डिलर्स एसोसिएनको उपाध्यक्ष ध्रुव थापा, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखे, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीलगायतले मन्तव्य राख्नुभएको थियो।

# ओप्पोद्वार पुरस्कार वितरण

काठमाडौं, (नेस)




ओप्पोद्वारा बुवाको मुख हेर्ने दिन (कुशे औंसी) को अवसरमा आयोजित 'ओप्पो फादर्स डे सेल्फी कन्टेष्ट'का विजेतालाई पुरस्कार प्रदान गरेको छ। भदौ ८ देखि १४ गतेसम्म आयोजित उक्त प्रतियोगिताको विजेताका रूपमा बेन्जना कौशिक, निर्मल बोगटी, सूर्य प्रकाश श्रेष्ठ र प्रवेशमान छनोट भएका थिए।

कम्पनीले काठमाडौं सिटी सेन्टरस्थित ग्राहक सेवा केन्द्रमा एक कार्यक्रमको आयोजना गरी विजेतालाई गिफ्ट हयाम्पर हस्तान्तरण गरेको हो। कार्यक्रममा ओप्पोको नेपालका लागि प्रबन्ध निर्देशक बबी झाओले विजेतालाई पुरस्कार स्वरूप गिफ्ट हयाम्पर हस्तान्तरण गरेका थिए। 'नेपालमा फेसबुकमार्फत् आयोजित ओप्पोको यो दोस्रो सेल्फी कन्टेष्ट हो।

छ दिनका लागि आयोजित सेल्फी कन्टेष्टअन्तर्गत कम्पनीको आधिकारिक फेसबुक पेज मार्फत इच्छुकलाई आफ्ना बुवासंगको उत्कृष्ट सेल्फी कमेन्ट बक्समार्फत् प्रेशित गर्न अनुरोध गरिएको थियो। प्रतियोगितामा ६ सयभन्दा बढीले सहभागिता जनाएका थिए।

# साना तथा मझौला व्यवसायी कर्जा तीन दिनभित्रै

काठमाडौं, (नेस)

ग्लोबल आईएमई बैंकले साना तथा मझौला व्यवसायी कर्जा तीन दिनभित्र उपलब्ध गराउने दाबी गरेो छ। कर्जा लिनका लागि धेरै समय लागिरहेको अहिलेको परिप्रेक्षमा ग्राहकलाई छिटो छरितोरूपमा सेवा दिई साना तथा मझौला उद्यमी व्यवसायीलाई हौसला र साथ प्रदान गर्दै उत्पादनशीलतामा बृद्धि गर्ने उद्देश्यका साथ बैंकले कर्जा लिने समयावधि घटाएको हो।

उक्त कर्जा लिन चाहनेले आवश्यक कागजात बैंकमा पेश गरेको तीन दिनभित्रमा नै कर्जा प्राप्त गर्न सक्नेछन्। लक्षित ग्राहकले यो कर्जा सुविधा देशभर ११२ वटै शाखामार्फत् उपभोग गर्न सक्ने बैंकले जनाएको छ। यस सेवाअन्तर्गत व्यवसाय विस्तार गर्ने उद्देश्य लिएका साना व्यसायीलाई विद्यमान व्यवसाय वा प्रस्तावित साना उद्योग व्यवसायको नगद प्रवाहको आधारमा ५ लाखदेखि ५ करोड रुपियाँसम्म ऋण उपलब्ध गराइने बैंकले जनाएको छ।

# सिटिजन्स बैंकको छहरामा नयाँ शाखा

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनलले ६०औं शाखा पाल्पाको छहरामा स्थापना गरेको छ। आइतबार नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जीवी नेपालले छहारा शाखाको उद्घाटन गर्नुभएको थियो। नयाँ शाखासँगै सिटिजन्स बैंक इन्टरनेसनलले ६० वटा शाखा, ५९ वटा एटीएम र १७ वटा शाखारहित बैंकिङ सेवाबाट करिब ३ लाख ग्राहकलाई सेवा प्रदान गर्दै आएको छ।

शाखा उद्घाटन कार्यक्रममा गभर्नर नेपालले बै.कका सामाजिक उत्तरदायित्वअन्तर्गत स्थानीय भैरव नवदिप माध्यामिक र महाकाली माध्यामिक विद्यालयलाई १/१ थान कम्प्युटर हस्तान्तरण गर्नुभएको थियो।





**तपसिल**

| सि.नं. | माल वस्तुको विवरण | ब्राण्ड | मोडेल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|
| 1 | REFRIGRATOR | ELECTROLUX | ECP60PSH-FDA | 50 LTRS | 12590 |
| 2 | REFRIGRATOR | ELECTROLUX | EP93PSH-FDA | 80 LTRS | 15530 |
| 3 | REFRIGRATOR | ELECTROLUX | EJ163PTSV-FDA | 150 LTRS | 20190 |
| 4 | REFRIGRATOR | ELECTROLUX | EJ183 PTMV-FDA | 184 LTRS | 22300 |
| 5 | REFRIGRATOR | ELECTROLUX | EBE183BR-FDA | 184LTRS | 22300 |
| 6 | REFRIGRATOR | ELECTROLUX | EJ183PTSV-FDA | 184 LTRS | 22300 |

**बिक्रेताको नाम** :- SMART APPLIANCES PVT LTD **स्थायी लेखा नं.**:- 600821265
**ठेगाना.**:- SANOGAUCHARAN, **फोन नं.**:- 014443738






Features:
- Minimum Balance : NPR 500/-
- Interest Rate 6.00% p.a. on daily balance
- Interest Payment Monthly
- Free ABBS
- Free Mobile Banking Facility
- Free Demat Account *
- Free ASBA Service
- Free Internet Banking *
- 50% discount on Locker Fees
- Issuance of VISA Debit Card

(*for first year only).

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
Head Office:
P.O.Box 19681, Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977- 4427842, 977-01-4427843, Fax 977-01-4427044
Email: info@ctznbank.com, SWIFT : CTZNNPKA
www.ctznbank.com



**अठाह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना**

(नेपाल समाचार पत्र दैनिकमा मिति २०७४/०५/१९ गते सोमबार प्रकाशित)

यस संस्थाको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको **अठाह्रौं वार्षिक साधारण सभा** निम्न मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गर्ने गरी बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई आ-आफ्नो परिचय-पत्र सहित अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा बस्ने मिति, स्थान र समय:**

मिति : २०७४/०६/०३ गते, मंगलवार
स्थान : बानेश्वर ब्याङ्क्वेट, बागगाउँ, नयाँबानेश्वर, काठमाडौं ।
समय : बिहान ७:३० बजे ।

**सभामा छलफल हुने विषयहरु:**

१. संस्थाका अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. ०७३/७४ को वार्षिक प्रतिवेदन र चालु वर्षको नीति तथा कार्यक्रम एवं बजेट उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. ०७३/७४ को लेखा परिक्षण प्रतिवेदन छलफल गरी पारित गर्ने ।
३. आ.व. ०७३/७४ को लेखा समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
४. आ.व. ०७४/७५ को लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. संचालक समितिले गरेका निर्णयहरुको अनुमोदन गर्ने ।
६. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्य प्रतिनिधिज्यूहरुको मनोनयन गर्ने ।
७. विविध ।

नोट : सभामा २०७३ सालको SEE परीक्षा उत्तीर्ण सदस्यज्यूहरुका छोरा/छोरीहरु मध्ये उच्चतम अङ्क (ग्रेड) हासिल गर्नु हुनेलाई सम्मान गरिने हुँदा ईच्छुकले ७ दिन भित्र संस्थामा प्रमाण-पत्र पेश गर्न हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
KALYAN UPAKAR SAVING & CREDIT CO-OPERATIVE LTD.
केन्द्रीय कार्यालय : [illegible]
सेवा केन्द्रहरु : [illegible]



**सुमी डिष्टिलरी प्रा. लि.**
मुकुन्दपुर, नवलपरासी

**मूल्य सूची सम्बन्धी सूचना**

यस उद्योगबाट उत्पादित निम्न मदिरा नेपाल राज्यभर मिति २०७४।०५।१९ देखि अर्को सूचना प्रकाशित नभएसम्म निम्न बमोजिम मूल्यमा बिक्री वितरण गरिने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | शक्ति यु.पी. | मि.ली. | स्टकिष्ट मूल्य मु.अ.क समेत प्रति कार्टुन | स्टकिष्ट कमिशन मु.अ.क समेत प्रति कार्टुन | डिष्ट्रिब्युटर्स मूल्य मु.अ.क समेत प्रति कार्टुन | डिष्ट्रिब्युटर्स कमिशन मु.अ.क समेत प्रति कार्टुन | होलसेलर मूल्य मु.अ.क समेत प्रति कार्टुन | होलसेलर कमिशन मु.अ.क समेत प्रति कार्टुन | रिटेल मूल्य मु.अ.क समेत प्रति कार्टुन | रिटेल कमिशन मु.अ.क समेत प्रति कार्टुन | उपभोक्ता मूल्य मु.अ.क समेत प्रति कार्टुन | उपभोक्ता मूल्य मु.अ.क समेत प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | 28.5%v/v | १८० | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

उपरोक्त बिक्री मूल्यहरुमा ढुवानी एवं अन्य खर्चहरु समावेश गरिएकोले आवश्यकता अनुसार [illegible]




# पल्सर स्पोर्ट्स अवार्डका मनोनयन सार्वजनिक

**नेपाल समाचारपत्र**

काठमाडौं

पल्सर स्पोर्टस अवार्ड २०७३ का लागि मनोनयन परेका खेलाडीहरूको नाम आइतबार सार्वजनिक गरिएको छ।

सार्वजनिक गरिएको मनोयनमा ८ खेलका २० जना खेलाडीको नाम अटाएका छन्। जसमध्ये चारवटै विधामा गरी फुटबलतर्फका मात्रै सर्वाधिक पाँच जना खेलाडीको नाम परेको छ। चार विधाअन्तर्गत फुटबल खेलाडीमा गोलरक्षक किरण चेम्जोङ वर्षको उत्कृष्ट पुरुष खेलाडीको मनोनयनमा पर्दा ग्यातुको कोजी र मेघराज केसी प्रशिक्षकमा परेका छन्। यस्तै सावित्रा भण्डारी महिला र वर्षको उत्कृष्ट युवा खेलाडीको मनोनयनमा पर्न सफल भएका छन्।




यसै गरी एथ्लेटिक्सकी कान्छीमाया कोजु र सरस्वती भट्टराई उत्कृष्ट महिला खेलाडी तथा सोमबहादुर कुमार वर्षको उत्कृष्ट खेलाडी पुरुष तथा पुष्पराज ओझा उत्कृष्ट प्रशिक्षकको मनोनयनमा पर्न सफल भएका छन्। कान्छी पिपुल्स च्वाइस अवार्डको मनोनयनमा पनि रहेकी छिन्। ब्याडमिन्टन, क्रिकेट र भलिबलका दुई-दुई खेलाडी, जुडो, भारोत्तोलन र आर्चरीबाट समान एक-एक खेलाडी मनोनयनमा पर्न सफल भए। जसअनुसार ब्याडमिन्टतर्फका दिदीभाइ नङ्सल र रत्नजित तामाङ उत्कृष्ट क्रमशः महिला र पुरुषको मनोनयमा छन्। सोही खेलका किरण थापा प्रशिक्षकको मनोनयनमा परेका छन्। यसै गरी जुडोकी मनीता श्रेष्ठ प्रधान र भारोत्तोलनकी कमला श्रेष्ठ उत्कृष्ट युवा तथा आर्चरीकी ज्ञाने अवाले उत्कृष्ट महिलाको मनोनयनमा परेका छन्।

क्रिकेटका शरद् भेषवाकर उत्कृष्ट पुरुष, दीपेन्द्रसिंह ऐरी उत्कृष्ट युवा र जगत् टमाटा उत्कृष्ट प्रशिक्षकको मनोनयनमा पर्दा भलिबलकी प्रतिभा माली उत्कृष्ट युवा र मानबहादुर श्रेष्ठ उत्कृष्ट पुरुषको मनोयनमा अटाएका छन्। दीपेन्द्र पनि पिपुल्स च्वाइस अवार्डको मनोयननमा छन्।

आयोजक नेपाल खेलकुद पत्रकार मञ्चका सचिव राजु घिसिङको संयोजकत्वमा रहेको खेलाडी छनोट समितिले मनोनयनमा पर्नेको नाम आइतबार सार्वजनिक गरेका हो। एसएमएस भोटिङका आधारमा विजेता घोषणा गरिने पिपुल्स च्वाइस अवार्डको मनोयन भने यसअघि नै सार्वजनिक भइसकेको छ। आठ विधामा दिइने अवार्डमध्ये अन्य तीन विधाका लाइफ टाइम एचिभमेन्ट अवार्ड, स्पेसल अवार्ड र पारा एथ्लिट अवार्डको घोषणा भने भदौ २६ गते हुने अवार्ड कार्यक्रमकै दिन घोषणा गरिने मञ्चले जानकारी दिएको छ।

# खालीबारी फुटसलको जित

काठमाडौं, (नेस)

काठमाडौंमा जारी राष्ट्रिय फुटसल लिगमा खालीबारी फुटसलले बिजी फुटसललाई पराजित गरेको छ।

आइतबार चौर रिक्रिएसन सेन्टर बाँसबारीमा भएको खेलमा खालीबारीले बिजी फुटसललाई १-० ले पराजित गरेको हो। यस्तै लेबिजी ब्रदर्सले पनि बराबरीको नतिजा निकाल्दै पहिलो अंक जोडेको छ। ब्रदर्सले किकअफ फुटसलसँग ५-५ को बराबरी खेल्दै अंक जोडेको हो।




यसै गरी अन्य खेलमा धनवन्तरी फुटसलले हरिसिद्धि फुटसललाई ५-२ ले तथा खुमलटार युवा क्लबले स्वयम्भु रिक्रिएसनल सेन्टरलाई ५-३ ले हरायो। यस्तै स्तुप फुटसलमा भएको खेलहरूमा ढुकु फुसल हब र आयोजक स्तुपाले ४-४ गोलको बराबरी खेलेका छन् भने रजिनीले चौरलाई ६-५ ले, शंखमूलले सामाखुसीलाई ८-७ ले तथा रेभले फुटसल भिलेजलाई ८-२ ले हरायो।

## धरहरा

### के नाम दिने ?

निर्वाचनका बेला पार्टी प्रवेश गर्नेको संख्या हेर्दा लाग्छ नेपालको जनसंख्या ३ करोड होइन त्यसको डबल भयो होला। तर, थापाथलीस्थित तथ्यांक विभागको नोटिस बोर्डमा देखिने संख्या हेर्दाचाहिँ त्यस्तो देखिन्न। पार्टी नजिकका अनलाइन तथा पत्रिकामा आउने संख्यालाई मान्ने हो भने देशमा कुनै एक पार्टीले बहुमत ल्याउनुपर्ने हो। तर, अहिलेसम्म ल्याउन सकेका छैनन्।

जनतालाई झुक्याउन माहिर दलका नेताले हरेक दिनजस्तो यति र उति संख्यामा पार्टी प्रवेश गरेको समाचार दिने गरेको देख्दा



धरहरालाई पनि अचम्म लागेको छ। अचम्म लागेर के गर्नु नेताका पछि लाग्नेहरूले कहिल्यै ढाँटको खेती गर्न छोडेका होइनन्। तैपनि त्यै नेताको कुरा पत्याउने नेपाली जनतालाई के संज्ञा दिने होला धरहरा सोचिरहेको छ है पाठकवृन्द ?

# प्रशिक्षक मुख्तारको बिदाइ




**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल बक्सिङ संघले काजकिस्तानका प्रशिक्षक मुख्तार बर्दिमवितोभलाई बिदाइ गरेको छ।

एसियाली बक्सिङ महासंघको सहयोगमा गत जुन ९ तारिखमा नेपाल आएका मुख्तार तीन महिनाको नेपाल बसाइपछि सोमबार स्वदेश फर्किँदै छन्। प्रशिक्षक मुख्तारलाई नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले, संघका वरिष्ठ उपाध्यक्ष एवं राष्ट्रिय खेलकुद परिषद्का सदस्य अर्जुनबहादुर केसीलगायतका पदाधिकारी, प्रशिक्षक र खेलाडीहरूले आइतबार बिदाइ गरे। काजकिस्तानका प्रशिक्षक मुख्तारले तीन महिनाको अवधिमा नेपाली खेलाडीको टेक्निकमा धेरै नै परिवर्तन आएको बताए। खेलाडीहरू निकै नै मेहनती रहेकाले नेपाली बक्सिङको भविष्य उज्वल रहेको बताए। उनले बक्सिङ संघले अनुरोध गरे आफू फेरि पनि नेपाल आउन तयार रहेको बताए।

बक्सिङका प्रमुख प्रशिक्षक प्रकाश थापा मगरले मुख्तारले प्रशिक्षण दिएपछि खेलाडीको टेक्निकमा धेरै सुधार आएको बताए। राष्ट्रिय खेलाडी दिनेश श्रेष्ठले विदेशी प्रशिक्षकसँग तालिम लिएपछि टेक्निकमा सुधार आउनुका साथै आत्मविश्वास पनि बढेको बताए। मुख्तारले राष्ट्रिय टोलीका ३४ खेलाडीका साथै विभागीय टोली र क्लबका खेलाडीलाई तालिम दिएका थिए।

नेपाल बक्सिङ संघका अध्यक्ष राम अवालेले मुख्तार आगामी अक्टोबरमा फेरि नेपाल आउनसक्ने बताए। उनले मुख्तारलाई ल्याउन राष्ट्रिय खेलकुद परिषद् र खेलकुद मन्त्रालयसँग पहल गरिने बताए। मुख्तारको दुईतर्फी हवाई टिकट र तीन महिनाको पारिश्रमिक एसियाली बक्सिङ महासंघले बेहोरेको थियो भने बक्सिङ संघले नेपाल बसाइमा खान, बस्न र स्थानीय यातायातको व्यवस्था मिलाएको थियो।

# केसीटीसी र ग्रेटर हिमालयन क्वार्टरमा

काठमाडौं, (नेस)

नेक्सस क्रिकेट एकेडेमीको आयोजनामा काठमाडौंको टुँडिखेलमा जारी प्रथम गणेश बहादुर-प्राणमाया चित्रकार स्मृति कप अन्डर नाइन्टिन क्रिकेट प्रतियोगिताको क्वार्टरफाइनलमा काठमाडौं क्रिकेट ट्रेनिङ सेन्टर (केसीटीसी) र ग्रेटर हिमालयन क्रिकेट प्रवेश गरेका छन्।

प्रतियोगिताअन्तर्गत आइतबार सम्पन्न भएको खेलमा जेभिएर इन्टरनेसनल कलेजलाई ४ विकेटले पराजित गर्दै केसीटीसी क्वार्टरफाइनलमा प्रवेश गरेको हो। केसीटीसीले टस जितेर फिल्डिङ रोज्दा ब्यटिङ गर्ने निम्तो पाएको जेभिएर इन्टरनेसनल कलेजले निर्धारित २० ओभरको समाप्तिमा ९ विकेट गुमाउँदै ७९ रन बनाएको थियो।

जेभिएर इन्टरनेसनल कलेजका रवि शाहले २४ रनको योगदान गरेका थिए। बलिङतर्फ रित गौतमले २ विकेट लिएका थिए। ८० रनको लक्ष्य पछ्याउँदै ब्याटिङमा उत्रेको केसीटीसीले १७.४ ओभरमा ६ विकेट गुमाउँदै लक्ष्य भेट्टायो।

केसीटीसीका विश्वास श्रेष्ठले १३ रन बनाएका थिए। केसीटीसीका प्रतीक कान्तले ४ ओभरमा ११ रन खर्चिंदै ४ विकेट लिन सफल भएका थिए। उक्त खेलको म्यान अफ द म्याच केसीटीसीका प्रतीक कान्त घोषित भए।

यसै गरी आइबार नै सम्पन्न भएको अर्को खेलमा राइजिङ ११ लाई ४९ रनले पराजित गर्दै ग्रेटर हिमालयन क्रिकेट एकेडेमी क्वार्टरफाइनलमा प्रवेश गरेको हो। टस हारेर पहिला ब्याटिङ गरेको ग्रेटर हिमालयन क्रिकेट एकेडेमीले निर्धारित २० ओभरको समाप्तिमा अलआउट हुँदै १ सय ५ रन जोड्न सफल भएको थियो।

जीएचसीएका रवीन्द्र जंग शाहीले सर्वाधिक ३० रन बनाएका थिए। बलिङतर्फ राइजिङ ११ का प्रकाश सिंहले ४ ओभरमा २० रन दिँदै ३ विकेट लिएका थिए।

जवाफी ब्याटिङ गरेको राइजिङ ११ ले १७.२ ओभरमा अलआउट हुँदै ५७ रनमा समेटिँदा उक्त खेल गुमाएको थियो। राइजिङ ११ का रामेश्वर विष्टले ११ रन बनाएका थिए। जीएचसीएका प्रदीप टण्डनले २ ओभरमा १ मेडन ४ रन खर्चिंदै ३ विकेट लिन सफल भएका थिए।

उक्त खेलको जीएचसीएका प्रदीप टण्डन म्यान अफ द म्याच भएका थिए। १६ टिमले भाग लिएको प्रतियोगिता २४ गतेसम्म नकआउट आधारमा सञ्चालन भइरहेका छन्। यसअघि ओमेगा कलेज, केसीटीसी, सगरमाथा र हिमालयन क्रिकेट एकेडेमी क्वार्टरफाइनलमा प्रवेश गरिसकेका छन्।

# न्यु समिट फाइनलमा

काठमाडौं, (नेस)

न्यु समिट र गोल्डेनगेट इन्टरनेसनल कलेज आठौं बर्नहार्ट कप अन्तरकलेज बास्केटबल प्रतियोगिताको गर्ल्समा आइतबार फाइनलमा प्रवेश गरेका छन्।

बल्खुस्थित आयोजक काठमाडौं बर्नहार्ट कलेजको कोर्टमा भएको सेमिफाइनलमा न्यु समिटले ट्रिनिटी इन्टरनेसनल कलेजलाई ५४-३८ ले पराजित गऱ्यो। विजयी टिमका लागि पविन राईले २३ अंक योगदान गरे। आशिष महर्जनको १४ अंक सहयोगमा गोल्डेनगेटले जेभियर इन्टरनेसनल कलेजलाई ५५-४८ ले हरायो।

गर्ल्समा जेभियर र साइपाल एकेडेमी उपाधिका लागि भिड्ने भएका छन्। जेभियरले न्यु समिटलाई ३७-१२ ले पाखा लगाउँदै दोहोरो उपाधिनजिक पुग्नबाट रोक्यो। जेभियरकी रोजी नापितले १८ अंक जोडिन्। साइपालले बर्नहार्टको यात्रा ४७-१४ ले सहजै पूर्णविराम लगायो। फाइनल आगामी सोमबार हुनेछ।

# फेडेरर अन्तिम १६ मा

लन्डन, (एजेन्सी)

स्विस टेनिस स्टार रोजर फेडेरर न्युयोर्कमा जारी वर्षको अन्तिम ग्रान्डस्लाम यूएस ओपन टेनिसको अन्तिम १६ मा प्रवेश गरेका छन्।

प्रतियोगिताको पुरुष एकलतर्फ आइतबार भएको तेस्रो चरणको खेलमा विश्व टेनिस वरियताको तेस्रो नम्बरमा रहेको फेडेररले स्पेनका फेलिसियानो लोपेजलाई ६-३, ६-३, ७-५ को सोझो सेटमा पराजित गरेका हुन्।

जितसँगै पाँच पटकका यूएस च्याम्पियन फेडेररले अन्तिम १६ मा जर्मनीका फिलिप कोलस्रेबरसँग भेट पक्का गरेका छन्। यसअघि शनिबार भएको खेलमा जित हासिल गर्दै स्पेनिस राफेल नाडाल पनि प्रतियोगिताको चौथो चरणमा प्रवेश गरेका छन्। शिर्ष वरियताका नाडालले लियोनार्दो मायरलाई ३-१ को सेटमा पराजित गर्दै चौथो चरणमा प्रवेश गरेका हुन्। १५ पटकको ग्रान्डस्लाम च्याम्पियन नाडालले पहिलो सेट ६-७ ले गुमाउनका बाबजुद बँकी तीन सेटमा उत्कृष्ट प्रदर्शन गर्दै जित निकाले। नाडालले चौथो चरणमा युक्रेनका एलेक्जेन्डरडोलगोपोलोभसँग प्रतिस्पर्धा गर्नेछन्।

यस्तै पुरुषतर्फ डोमिनिथ थिम र जुवान मार्टिन डेल पोर्टोले पनि चौथो चरणमा प्रवेश गरेका छन्। यूएस ओपनको महिलातर्फ शीर्ष वरियताका क्यारोलिना पिरसकोभाले अन्तिमा १६ मा स्थान बनाएकी छिन्। क्यारोलिनाले चीनकी सावी झाङलाई ३-६, ७-५ र ६-४ को सेटमा पराजित गरिन्।



# क्रोएसिया विजयी

लन्डन, (एजेन्सी)

फिफा विश्वकप २०१८ को युरोपेली छनोट खेलमा क्रोएसियाले कोसोभोलाई पराजित गरेको छ।

समूह 'आई' अन्तर्गत आइतबार भएको खेलमा क्रोएसियालाई जित दिलाउन खेलको ७४औं मिनेटमा भिडाले गरेको गोल नै खेलको निर्णायक सावित भएको थियो। यसै समूहको शनिबार भएको खेलमा युक्रेनले टर्कीलाई २-० तथा फिनल्यान्डले आइसल्यान्डलाई १-० ले पराजित गरेका थिए।

## स्पेनद्वारा इटाली पराजित

फिफा विश्वकप २०१८ को युरोपेली छनोटमा स्पेनद्वारा इटाली पराजित भएको छ। छनोटअन्तर्गत समूह 'जी' को खेलमा स्पेनले इटलीलाई ३-० ले हराएको हो। इटालीविरुद्ध सहज जित हासिल गर्ने क्रममा रियल मेड्रिडका खेलाडी इस्कोले स्पेनका तर्फबाट २ गोल गरेका थिए। स्पेनका लागि इस्कोले पहिलो हाफमै २ गोल गरे भने वैकल्पिक खेलाडी अल्भारो मोराटाले दोस्रो हाफमा १ गोल थपेका थिए। यस्तै संन्यासबाट फर्किएका स्पेनका कीर्तिमानी गोलकर्ता डेभिड भिया ९० औं मिनेटमा इस्कोलाई स्थापन्न गर्दै मैदान प्रवेश गरेका थिए।

योसँगै विश्वकप छनोटमा इटालीको ५६ खेलको अपराजित यात्रामासमेत पूर्णविराम लागेको छ। सन् २००६ यता इटलीले यसअघि छनोटमा कुनै खेल गुमाएको थिएन। जितपछि ७ खेलबाट १९ अंक जोडेको स्पेन समूहको शीर्ष स्थानमा छ भने इटाली समान खेलबाट १६ अंकका साथ दोस्रोमा छ।

समूह 'जी' कै अन्य खेलमा अल्वानियाले लिचेस्टाइनलाई २-० ले मेसोडोनियाले इजरायललाई १-० ले हराएको छ। यसै गरी समूह 'डी' को खेलमा सर्बियाले माल्दोभालाई ३-० ले, वेल्सले अस्ट्रियालाई १-० ले हराउँदा जर्जिया र आयरल्यान्डले बराबरी खेलेका छन्। समूह 'आई' को खेलमा युक्रेनले टर्कीलाई २-० तथा फिनल्यान्डले आइसल्यान्डलाई १-० ले पराजित गरेका छन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ